काठमाडौं जिल्ला प्रशासन कार्यालय द.नं. ६६/०६२/०६३

ISSN 2505-1091

स्वायत्त शासन

(त्रैमासिक)

'द लास्ट पेज' मा विकास बहस

INLOGOS

स्वशासन अध्ययन प्रतिष्ठान

मूल्य १५०/-

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सम्मान-पत्र

नेपालमा विकेन्द्रीकरण प्रवर्द्धनको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याए वापत

तपाईं श्री **स्वशासन अध्ययन प्रतिष्ठान**लाई नेपाल सरकार (माननीय उपप्रधानमन्त्रिस्तर) को मिति २०७४/०३/२६ को निर्णयानुसार विकेन्द्रीकरण प्रवर्द्धन पुरस्कार-२०७४ स्वरुप नगद रु ३,००,०००/- (अक्षेरुपी रुपैंया तीन लाख) सहित यो **सम्मान-पत्र** प्रदान गरिएको छ ।

(दिनेश कुमार थपलिया)
सचिव
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

(बिजय कुमार गच्छदार)
माननीय उपप्रधानमन्त्री एवं
संघीय मामिला तथा स्थानीय विकास मन्त्री

स्वायत्त शासन
Local-Self Governance
(Quaterly)

सल्लाहकार
खेमराज नेपाल

सम्पादक मण्डल
पद्मा माथेमा
रविन्द्रनाथ अधिकारी
विनोदप्रसाद ढकाल

सम्पादक
गोपीकृष्ण ढुंगाना

प्रकाशन सहयोगी
नरविर देवान

प्रकाशक
स्वशासन अध्ययन प्रतिष्ठान
Institute of Local Governance Studies (INLOGOS)
नयाँ बानेश्वर, काठमाडौं
जि.पि.ओ. बक्स २१०९८
टेलिफोन : ४४६५९४२
इमेलः info@inlogos.org
inlogos.org@gmail.com
वेभसाइटः www.inlogos.org

मुद्रण
आरम्भ एड. प्रा. लि.
बबरमहल, काठमाडौं
फोन : ४२६३९७६
इमेलः aarambhaad@gmail.com

पुष, २०७५, वर्ष ५, अंक १९, स्वायत्त शासन (December 2018/January, 2019)

विषय-सूची

क्र. सं.	विषय	पृष्ठ
१.	दिगो विकास लक्ष्य : कार्यान्वयन, अवसर र चुनौती **- विनोदप्रसाद ढकाल**	१
२.	जलवायु परिवर्तन, कृषि उत्पादन र दिगो विकास लक्ष्य **- डा. विष्णुकुमार धिताल**	८
३.	दिगो विकासमा उद्यमीहरूको योगदान **- पद्मा माथेमा**	१५
४.	वातावरणमैत्री हरित सडकमा दिगो विकास **- रविन्द्रनाथ अधिकारी**	१८
५.	दिगो विकासमा स्थानीय सरकार **- सूर्यशरण रेग्मी**	२६
६.	'प्रकृतिलाई बिगारेर होइन, श्रृंगारेर राख्नुपर्छ' **- कृष्णचन्द्र न्यौपाने**	३०
७.	'दिगो विकास लक्ष्य प्राप्ति गर्न ...' **- डा. शंकर शर्मा**	३३
८.	'जनप्रतिनिधिबाट दिगो विकास लक्ष्य सम्भव छ' **- सीताकुमारी सुन्दास**	३५
९.	स्वशासन अध्ययन प्रतिष्ठानका गतिविधिहरू	३८
१०.	एसडीजी, ख्वासी (ह्वासी)/चीन र 'सुखी नेपाली समृद्ध नेपाल' **- गोपीकृष्ण ढुंगाना**	४०

प्रकाशकीय

दिगो विकास लक्ष्य पूरा गर्न तीनवटै सरकार लाग्नुपर्छ

नेपालको संविधानले लोकतान्त्रिक मूल्य र मान्यता अवलम्वन गरी उपयुक्त आर्थिक तथा सामाजिक सिद्धान्तका आधारमा दिगो शान्ति, सुशासन, विकास र समृद्धि हासिल गर्ने अपेक्षा गरेको छ । स्थानीय चाहना र आवश्यकताका आधारमा निश्चित नीति, योजना तथा कार्यक्रमहरू तर्जुमा गरी सहभागितामूलक ढंगबाट कार्यान्वयन गर्न सकेमा अपेक्षित नतिजा हासिल गर्न सकिनेछ ।

नेपाल संघीय संरचनामा गइसकेको वर्तमान अवस्थामा योजना तर्जुमा प्रक्रियामा समेत सुधार भएको छ । केन्द्रीय योजना तर्जुमा गर्ने कार्य संघीय सरकारले गर्नेछ भने स्थानीय योजना सम्बन्धित स्थानीय तहले नै तर्जुमा गर्नेछ । तथापि राष्ट्रिय महत्व, राष्ट्रिय प्राथमिकता र संघीय सरकारबाट अन्तर्राष्ट्रिय स्तरमा प्रतिवद्धता व्यक्त गरिएका नीति, योजना वा कार्यक्रम कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय तहको समेत सहयोग र सहभागिता आवश्यक हुन्छ ।

गरिबी न्यूनीकरणलाई एक महत्वपूर्ण सूचकका रूपमा लिएको सहस्राब्दी विकास लक्ष्य (सन् २००० देखि २०१५) लाई नेपाल सरकारले दसौं योजनामा समावेश गरी निरन्तर कार्यान्वयन गर्दै आएको हो । नेपालले यसमा उल्लेख्य प्रगतिसमेत हासिल गरेको छ ।

यसैगरी, सन् २०१५ को संयुक्त राष्ट्र संघको महासभाबाट स्वीकार गरिएको दिगो विकासका लक्ष्य (सन् २०१६-२०३०) कार्यान्वयनमा नेपालले प्रतिवद्धता जनाएको छ । यसर्थ दिगो विकासका ती लक्ष्य पूरा गर्न संघ, प्रदेश र स्थानीय तहको सक्रिय सहभागिता आवश्यकता पर्दछ ।

नेपाल सरकारले दिगो विकासका लक्ष्यलाई आफ्नो चौधौं योजना (२०७३/७४-२०७५/७६) मा समावेश गरेको छ । यस्तै केही स्थानीय तहले समेत दिगो विकासका लक्ष्यलाई आफ्नो आवधिक र वार्षिक योजनामा समावेश गरी कार्यान्वयन प्रारम्भ गरेका छन् । यस प्रकारका योजना कार्यान्वयनमा आमनागरिकको सहभागिता आवश्यक पर्दछ ।

हामीले विगतदेखि निरन्तर प्रकाशन गर्दै आएको स्वायत्त शासन पत्रिकाको यस अंकलाई दिगो विकास लक्ष्य विशेषांकको रूपमा प्रकाशन गरेका छौं । यसले दिगो विकासका बारेमा चासो राख्ने सरकारी, गैरसरकारी, स्थानीय तह र निजी क्षेत्रका निकायहरूलाई समेत सहयोग पुऱ्याउन सक्नेछ ।

आफ्ना लेख, रचना र विचार तथा अनुभवमार्फत हाम्रो यस अभियानमा सहयोग पुऱ्याउने सबै विज्ञ व्यक्तित्वप्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै, यस्तो सहयोग र सहभागिता भविष्यमा समेत प्राप्त हुने विश्वास लिएको छु ।

यस रूपमा यो अंक प्रकाशन गर्न लागि पर्ने सम्पादक समूह/सम्पादक, स्वशासन अध्ययन प्रतिष्ठान परिवारलगायत सम्बन्धित सबै पक्षलाई हार्दिक धन्यवाद दिन्छु ।

धन्यवाद ।

बंशीधर घिमिरे
कार्यकारी अध्यक्ष
स्वशासन अध्ययन प्रतिष्ठान
काठमाडौं

२०७५/०९/२६ गते

सम्पादकीय

दिगो विकास लक्ष्य : विश्व विकास प्रकृयालाई दिगो विकासमा रूपान्तरणको अभियान

सहस्राब्दी विकास लक्ष्य (Millennium Development Goal, 2000-2015) को सफल कार्यान्वयन पश्चात संयुक्त राष्ट्र संघको साधारण सभा २०१५ (सन्) को प्रस्तावबाट पारित दिगो विकास लक्ष्य (सन् २०१५-२०३०) अन्तर्गत १७ वटा लक्ष्यहरू निर्धारण गरी विश्वलाई दिगो विकास स्तरमा रूपान्तरण गर्ने प्रतिवद्धता व्यक्त गरिएको छ ।

अर्थात् सन् २०३० लाई विषयगत लक्ष्य नामाकरण गर्न सकिन्छ । यस लक्ष्यले गरिबी, भोकमरी, स्वास्थ्य, शिक्षा, लैंगिक समानता, सफा पानी र सरसफाई, स्वच्छ उर्जा, मर्यादित काम र आर्थिक वृद्धि, उद्योग, नवीन खोज र पूर्वाधार, कर्जा सहजीकरण, जलवायु परिवर्तन र सामाजिक न्यायका विविध पक्ष समेटेको छ । यी लक्ष्य हासिल गर्न ६९ उपलक्ष्य निर्धारण गरिएको छ । संयुक्त राष्ट्र संघको १९३औं सदस्य राष्ट्रलगायत गैरसरकारी क्षेत्रको संलग्नतामा तर्जुमा भएको यस दिगो विकास लक्ष्यले हामीले चाहेको भविष्य निर्माण गर्न सघाउ पुऱ्याउने छ । यसलाई 'Rio ७२०, २०१२' को विश्व सम्मेलनको उपज मान्न सकिन्छ ।

संयुक्त राष्ट्र संघको सदस्य राष्ट्र भएकाले नेपाल सरकारले यस विश्व प्रयासमा पूर्ण प्रतिवद्धता तथा सहमति जनाएको छ । जसअनुसार, दिगो विकासका लक्ष्य तथा उपलक्ष्यहरू आत्मसात गरी यसलाई नेपालको विकास नीति, आवधिक योजना, रणनीति तथा कार्यक्रमहरूमा रूपान्तरण गरिएको छ । राष्ट्रिय योजना आयोगको National Review of Sustainable Development Goal, 2017 अनुसार नेपालले दिगो विकास लक्ष्यको कार्यान्वयन सन् २०१६ देखि प्रारम्भ गरेको छ ।

सहस्राब्दी विकास लक्ष्यअनुरूप नेपालले गरिबी निवारणमा राम्रो नतिजा हासिल गरेको छ (सन् २००० मा ३८% र सन् २०१५ मा २१.६%) । यस्तै, शिक्षा, स्वास्थ्यलगायत मानवीय सूचकांकमा उल्लेखनीय प्रगति गरेको छ । प्राथमिक शिक्षा भर्ना दर ९६.६ प्रतिशत पुगेको छ भने मातृशिशु मृत्यु दर २५८/१००००० जीवित जन्ममा पुगेको छ । यी तथ्यले दिगो विकास लक्ष्य हासिल गर्ने नीति रणनीति तथा कार्यक्रम तर्जुमा गर्ने आधार प्रदान गरेको छ ।

नेपालको संविधानको धारा ५७ ले राज्यशक्तिको बाँडफाँट गरेको छ । सोहीअनुरूप अनुसूची ५ मा संघको अधिकार, अनुसूची ६ मा प्रदेशको अधिकार, अनुसूची ७ मा संघ र प्रदेशको साझा अधिकार, अनुसूची ८ मा स्थानीय तहको अधिकार र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची उल्लेख गरिएको छ । यी अधिकारले संघ, प्रदेश र स्थानीय तहका आर्थिक तथा सामाजिक विकासका समग्र पक्षलाई समेटेको छ ।

दिगो विकास लक्ष्यबमोजिम आफ्ना विकास प्राथमिकता निर्धारण गर्नु स्थानीय तहको समेत जिम्मेवारी हो । योजना कार्यान्वयनलाई प्रभावकारी बनाई स्थानीय जनताको आर्थिक एवं सामाजिक स्तरोन्नति सुनिश्चित गर्नुपर्छ । नियमित रूपमा समीक्षा, मूल्यांकन गर्दै **No one is left behind** को अवधारणा लागू गर्न सके दिगो विकास लक्ष्य साकार हुने अपेक्षा गर्न सकिन्छ ।

पद्मा माथेमा
संयोजक, सम्पादक मण्डल

२०७५/०९/२८

स्वशासन अध्ययन प्रतिष्ठान
Institute of Local Governance Studies (INLOGOS)

कार्यसमिति

वंशीधर घिमिरे
अध्यक्ष

वीरेन्द्रबहादुर देउजा
निवर्तमान अध्यक्ष

पद्मा माथेमा
उपाध्यक्ष

सूर्यशरण रेग्मी
कोषाध्यक्ष

रविन्द्रनाथ अधिकारी
सदस्य

बसन्त राज गौतम
सदस्य

खोमदत्त बराल
सदस्य

ज्ञानीसिंह केसी
सदस्य

विनोदप्रसाद ढकाल
सचिव/निर्देशक

प्रतिष्ठानको अनुरोध

- यस पत्रिकामा छापिएका सामग्रीहरूका विषयमा पाठक प्रतिक्रिया पठाउन ।
- यस पत्रिकाको आगामी अंकमा सफल कार्यक्रमहरू छपाउनका लागि लेख र फोटो पठाउन ।
- यस पत्रिकामार्फत सूचना-सन्देश र सन्देशमूलक विज्ञापन पठाउन ।

१. विनोदप्रसाद ढकाल/निर्देशक
फोन : ४४६५९४२
मोबाइल : ९८४१२६४८४१
इमेल : binodpdhakal@inlogos.org

२. नरवीर देवान
फोन/फ्याक्स : ४४६५९४२
मोबाइल : ९८४१३४४७५०
इमेल : info@inlogos.org, inlogos.org@gmail.com

पाठक-प्रतिक्रिया

महिला विशेषांक विशेष अंक

श्रीमान् सम्पादकज्यू,

स्वशासन अध्ययन प्रतिष्ठानबाट प्रकाशित त्रैमासिक पत्रिका 'स्वायत्त शासन' को महिला विशेषांक पढ्ने अवसर प्राप्त भयो । यो आफैंमा एउटा गहकिलो अंक लाग्यो । नेपालमा महिलाको स्थिति, सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक क्षेत्रमा महिला सहभागिता, महिला वर्गले बेहोर्नु परेको समस्या र यसको समाधान तथा अहिले महिला वर्गमा आएको सकारात्मक परिवर्तन तथा व्यक्तित्व विकास अरू विभिन्न क्षेत्रमा महिलाको भूमिका इत्यादि सबैलाई समेटेर महिला लेखिकाहरूको खोजपूर्ण अनुसन्धानात्मक लेख, समस्या समाधानका सुझाव यस अंकमा प्रष्ट रूपमा दर्शाइएको छ ।

छजना लेखिका राधिका अर्याल, शशी श्रेष्ठ, जानुका पौडेल, मञ्जु गुरुङ, पद्मा माथेमा र सीता ढुंगानाले नेपालमा महिलासँग सम्बन्धित विभिन्न विधामा कलम चलाउनु भएको छ । अर्यालले नीति निर्माण र निर्णय प्रकृयामा महिला सहभागिता शीर्षकमा तालिका एकदेखि सातसम्म वर्गीकरण गरी तथ्यांकसहित उल्लेख गर्नु भएको विवरण प्रेरणादायी छ र विगत एक दशकको अवधिमा नै निकै उपलब्धिपूर्ण मान्नुपर्छ । विभिन्न कारणले नीति निर्माण र निर्णय प्रकृयामा महिला सहभागिता आशातीत रूपमा बढ्न सकेको छैन । यसमा देखिएका चुनौती उहाँले प्रस्तुत गर्नुभएको छ र सुझाव दिनु भएको छ ।

'महिलाको बसाइँसराई र रोजगारी' शीर्षकमा मञ्जु गुरुङले लेख्नु भएको लेख नेपालको वर्तमान अवस्थामा नेपाली महिला वैदेशिक रोजगारीमा जान थालेको र विभिन्न कारणले वैदेशिक रोजगारमा गए पनि पुरूषको दाँजोमा न्यून संख्यामा गएको साथै सरकारी पक्षबाट महिलालाई वैदेशिक रोजगार घरेलु कामदारका लागि जानेलाई निरुत्साहित पार्नुपर्छ भन्ने सन्दर्भ छन् । स्वदेशमै रोजगारीको सिर्जना गरेर आर्थिक, सामाजिक, सांस्कृतिक र मानवीय पक्ष सुदृढ पार्नुपर्छ ।

महिला हित र संरक्षण यसैमा हुन्छ । नेपाली महिलाको स्वास्थ्य सेवामा पहुँच, चुनौती र समाधान शीर्षकमा पद्मा माथेमाले लेख्नु भएको लेखमा सन् २००० देखि २०१६ सम्मको तालिकाअनुसार स्वास्थ्य क्षेत्रमा भएको विस्तार तथा उपलब्धिमूलक प्रभावबाट महिलाको स्वास्थ्य स्तरमा वृद्धि भएको पाइन्छ जुन एउटा सकारात्मक पक्ष हो । महिलाको स्वास्थ्य संवेदनशील भएको हुँदा स्वास्थ्य सेवामा सम्बन्धित सबै निकायबाट निरन्तर पहल हुनुपर्छ । स्वास्थ्य परियोजना लागू हुनुपर्छ । उहाँले राख्नु भएका १४ वटा सुझावलाई सरकारी पक्ष र स्थानीय निकायबाट विस्तृत अध्ययन गरेर कार्यान्वयन भएमा महिला स्वास्थ्यमा देखा परेको चुनौती र समाधानको उपाय धेरै प्रतिशतमा उपलब्धिमूलक हुनेछ ।

सीता ढुंगानाको स्थानीय तहको न्यायिक अधिकारको अभ्यास विषयको लेख गाउँ, घर, समाजमा अधिकांश महिलाले न्यायबाट वञ्चित हुनु परेको त्यसबेलाको परिप्रेक्ष्यमा अवस्था दयानीय थियो । विविध चुनौती भएर पनि स्थानीय तहलाई एउटा अवसर छ । महिला नेतृत्वलाई न्यायिक अभ्यासको राम्रो सुरुआतले उनीहरूमा निखारता ल्याउने छ । समयमै र सजिलैसँग उचित र निष्पक्ष न्याय पाउने छन् । स्थानीय तहमा न्यायिक समितिलाई सबल तुल्याउनु पर्छ । न्याय गर्ने क्रममा निष्पक्ष न्याय पाउने छन् ।

न्याय गर्ने क्रममा निष्पक्ष र छिटोछरितो हुनु नै विवाद समाधानको उपाय हो । यसैमा लामो समयसम्म अल्झिने हो भने सम्बन्धित पदाधिकारीले विकासको काममा समय दिन पाउँदैनन् । यस अंकमा डा.उषा झा र मञ्जुदेवी गुरुङको व्यक्तित्व परिचय दिइसकेको छ । दुवैजना महिलाको आ-आफ्नो क्षेत्रमा देखाइएको योगदान, कार्यकुशलता, प्रशासनिक दक्षता, अनुभव, इमान्दारीपूर्वक समाज, राष्ट्र सेवा इत्यादि उल्लेखनीय छ । त्यस्तै अरू पनि नेपाली महिला देशको महत्वपूर्ण ओहदामा विराजमान छन् र आफ्नो कार्यकुशलता देखाएका छन् ।

यस अंकमा स्वशासन अध्ययन प्रतिष्ठानका गतिविधिबारे जानकारी पाइयो । प्रतिष्ठानले देशको विभिन्न विकाससम्बन्धी सानो ठूलो आयोजनाको अध्ययन, अनुसन्धान र प्रतिवेदन सम्बन्धित निकायलाई पेश गरेर राष्ट्र निर्माणमा थोरै भए पनि सघाएको छ ।

सम्झौता नेपाल र द एसिया फाउन्डेसनबाट अंग्रेजी भाषामा लेखिएको Summary of Women's Political Participation in Local Level Election in 2017 को विषयमा लेखिएको छ । November 2013 भन्दा यो New Constitution Election 2015 धेरै अर्थमा फलदायी थियो । वरिष्ठ पत्रकार गोपीकृष्ण ढुंगानाले 'महिला, मानवता र महानता' शीर्षकमा नेपाली महिला माथि हुने गरेको हिंसा, शोषण, अन्यायबारे वास्तविक चित्रण गर्नु भएको छ । उहाँले अर्घाखाँचीको उदाहरण दिएर त्यहाँ सीतागंगा नगरपालिका ९ की दिलमाया पुन मगरलाई सस्तोमा जग्गा नबेच्दा नाङ्गै बनाएर निर्घात कुटपिट गरेको कुरा लेख्नु भएको छ ।

जुन आजको पाँच बर्षे स्थायी सरकार बन्दा राज्य पुनःसंरचना भएर मुलुकभर सात सय ५३ स्थानीय सरकार हुँदा विश्वले सामाजिक, आर्थिक क्रान्तिकारी विकास उच्चतम तह पार गरिसक्दा नगर क्षेत्रमा यस्तो घटना हुनु कति लज्जास्पद कुरा हो । 'विकास बहस' का स्तम्भकार ढुंगानाले रूपन्देहीमा उमेर पुगेकी युवतीले प्रेम गरेको निहुँमा गरिएको निर्घात कुटपिटबारे उल्लेख गर्नुभएको छ जुन एउटा गम्भीर र सोचनीय विषय हो ।

'द लास्ट पेज' मा ढुंगानाले अरू त्यस्तै सयौं हजारौं पीडित नारीमध्ये यी दुई नारीप्रति भएका गल्ती, कमजोरीको पुनरावृत्ति २१औं शताब्दीको यो सूचना प्रविधिमैत्रीको अत्याधुनिक युगको माग होइन भनेर लेख्नुभएको छ । यस किसिमका घटना प्रगतिमा बाधक हुन्, सामाजिक विकृति, अहिले २१औं शताब्दीको चरम विकासमा पुगेको युगमा पनि जंगली राजको अनुभूति दिने अवस्था हो । यस्तो कदापि नहोस् ।

अन्त्यमा, यो अंक नेपाली महिलाले विभिन्न क्षेत्रमा भोगेको समस्या, यसको समाधान तथा नेपाली महिलाको सर्वाङीण विकासको लागि दिइएको सुझाव र समय सान्दर्भिक विषयको यस्तै अंक प्रकाशित गर्नु हुनेछ भन्ने आशावादी छु ।

ध्रुव के.सी.
काठमाडौं

भूकम्प थेग्ने घर बनाउँदा ध्यान दिनु पर्ने कुराहरू

गारोवाला घर	पिलरवाला घर
१) भ्याल ढोका कुनाबाट कम्तिमा २ फिट पर राख्ने ।	१) पिलर कत्रो हुनुपर्छ भन्ने कुरा पिलर-पिलर बीचको दुरी र तल्ला संख्यामा भर पर्छ । साधारणतया १२" X १२" भन्दा सानो पिलर नबनाऔं ।
२) गारो जोड्न दाँतीको सट्टामा खुड्कीला बनाउने ।	२) जमिन माथि टाई बीम राखे जस्तै भूई मुनि पिलरको जगहरुलाई टाई बीमले जोड्नु पर्दछ ।
३) गारोहरु सोझो र सुर मिलाई लगाउने ।	३) पिलरको चौडाई बिमको भन्दा तीन इन्च बढी राखी बिमका सबै डन्डी पिलर भित्रबाट राख्ने ।
४) गारोको बीच ठाडो जोर्नी नपार्ने ।	४) घर बनाउँदा पिलरहरु एक लाइनमा र सकेसम्म समान दुरीमा राख्ने ।
५) गारोको हरेक कुना, जोर्नी तथा भ्याल-ढोकाको दायाँ बायाँ ठाडो डण्डी राख्ने । गारोको कुना तथा जोर्नीहरुमा ठाडो डन्डी राख्दा जग देखिनै सुरु गरी छानाको नस वा छत ढलानमा जाम गर्ने ।	५) पिलरको डन्डी गाँस्दा बीमको तल र माथि २ फिटसम्मको दुरी छोडी बाँकी भागमा मात्र गाँस्ने ।
६) जग, डि.पि.सि., भ्याल राख्ने सतह तथा कोपु (लिन्टल) सतहमा घरका सबै गारोहरुलाई ढलानको तेर्सो बन्धन राखी बाँध्ने ।	६) डन्डीको गँसाइ डन्डीको मोटाईको ६० गुणा राखौं ।
७) घरको कुना र जोर्नीमा समेत हरेक २/२ फिटमा काठ वा ढलानको बन्धन राख्ने ।	७) पिलरमा मुल ठाडो डन्डी ४ लाइन (१२ मि.मि) भन्दा सानो डन्डी नराखौं ।
८) सिमेन्टको जोडाइमा भए घर ३ तल्लासम्म र माटोको जोडाई भए १ तल्ला र बुईगल भन्दा अग्लो घर नबनाऔं । सो भन्दा बढी तल्ला बनाउने भएमा फ्रेम स्ट्रक्चर बनाऔं ।	८) पिलरको जोर्नीमा पनि रिङ्ग राखौं ।
	९) बीमको डन्डीहरुको टुप्पो "एल" बनाई पिलरमा लुकाऔं ।
	१०) ८ मि.मि. भन्दा सानो डन्डीको रिङ्ग सकेसम्म नबनाऔं ।
	११) घरको भित्रि तथा बाहिरी गारोलाई पिलरसँग जोड्न भ्यालको माथि र तल पिलरबाट डन्डी निकाली गारोमा ३ इन्च मोटाईको ढलान गरौं ।

भवन निर्माण संहिताको पालना गरी भूकम्पबाट सुरक्षित भवन निर्माण गरौं ।

व्यक्तिगत घटना दर्ता गरौं

घटना घटेको ३५ दिनभित्र सम्बन्धित गाउँ विकास समिति/नगरपालिकामा गई निःशुल्क पाइने फाराम भरी घटना दर्ता गर्न नबिर्सौं ।

घटना दर्ता कसले गर्ने

- जन्म तथा मृत्युको दर्ता परिवारको मुख्य ब्यक्तिले ।
- विवाह तथा सम्बन्ध विच्छेद घटना पति पत्नी दुवैले ।
- बसाइँसराईको घटना परिवार भए मुख्य ब्यक्तिले र ब्यक्ति भए बसाइँ सरी जाने ब्यक्तिले ।

समाज वा राष्ट्रलाई हुने फाइदा

- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्न मद्दत मिल्ने ।
- शिक्षा, स्वास्थ्य तथा खानेपानी सेवा उपलब्ध गराउन मद्दत मिल्ने ।
- खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग हुने ।
- आवासको ब्यवस्था गर्न सहयोग पुग्ने ।

व्यक्तिलाई हुने फाइदा

- घटना दर्ताको प्रमाणपत्रलाई कानूनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रूपमा प्रस्तुत गर्न सकिने ।
- आमा, बाबु, उमेर आदिको वैधानिक प्रमाण हुने ।
- स्कुलमा भर्ना हुनको लागि सजिलो पर्ने ।
- नागरिकता प्रमाणपत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चलअचल सम्पत्ति नामसारी गर्न सजिलो पर्ने ।
- पति पत्नी बीच वैधानिक सम्बन्ध कायम हुने ।
- जीवन बीमा, पेन्सन, उपदान वा बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्न सुविधा हुने ।

दिगो विकास लक्ष्य
कार्यान्वयन, अवसर र चुनौती

विनोदप्रसाद ढकाल*

१. पृष्ठभूमि

सन् १९९२ मा ब्राजिलको रियो दि जेनरियोमा वातावरण र विकाससम्बन्धी पहिलो संयुक्त राष्ट्रसंघीय सम्मेलन (United Nations Conference on Environment and Development/UNCED) भएको थियो । यसलाई पृथ्वी सम्मेलन भनेरसमेत बुझिन्छ । सम्मेलनमा वातावरण र विकाससम्बन्धी पहिलो एजेण्डा (एजेण्डा-२१) तयार गरी यसको अवलम्बन गरिएको थियो । सन् २०१२ मा यस सम्मेलनको २० बर्से पुनःस्मरण (Follow-up) सम्मेलन आयोजना भयो । यसलाई रियो+२० पनि भनिन्छ ।

सम्मेलनको तयारीको क्रममा सन् २०११ को जुलाईमा भएको बैठकमा दिगो विकासका बारेमा समेत छलफल भएको थियो । यस विचारलाई संयुक्त राष्ट्रसंघको सार्वजनिक सूचना विभाग (United Nations Department of Public Information) ले ग्रहण गरेको थियो । निरन्तरको प्रयासपछि यसै विषयलाई आधार मान्दै दिगो विकास लक्ष्यका १७ वटा लक्ष्यहरू तयार गरिएको हो ।[१]

सन् २०१५ सेप्टेम्बरमा भएको संयुक्त राष्ट्रसंघको महासभामा १९३ देशको उपस्थितिमा दिगो विकास लक्ष्य (सन् २०१६-२०३०) पारित भएको थियो । यस लक्ष्यले मानव विकासका पक्ष, आर्थिक समृद्धि, शान्ति, जलवायु र पृथ्वीलगायत साझेदारीका क्षेत्रहरूलाई प्राथमिकतामा राखेको छ । यसले सदस्य राष्ट्रबीच साझेदारी, सहभागिता र विकासका पक्षमा सबै सँगसँगै हिँड्ने र कसैलाई पनि पछाडि नछोड्ने प्रतिवद्धता जाहेर गरेको छ । संयुक्त राष्ट्रसंघको एक सक्रिय सदस्यका नाताले नेपालले दिगो विकास लक्ष्यको अपनत्व लिई यसलाई प्राथमिकताका साथ कार्यान्वयनमा लैजाने प्रतिवद्धता जनाएको छ ।

सन् २०३० सम्ममा गरिबीको अन्त्य गर्नु दिगो विकास लक्ष्यको मुख्य उद्देश्य हो । यसमा १७ मुख्य लक्ष्य, १६९ परिमाणात्मक लक्ष्य र ४८९ सूचकहरू छन् (विश्वव्यापी सूचक २४४, नेपालले थपेको २४५, यसमा केही दोहोरिएको हुँदा कूल ४७९ सूचक छन्) । यी लक्ष्यहरू आफू स्वयंमा पूर्ण छन् भने एकापसमा परिपूरक भूमिकामा समेत छन् । तिनले आर्थिक, सामाजिक, मानवीय तथा पर्यावरणीय क्षमताबीच सन्तुलन कायम गर्न मद्धत गर्दछन् ।

यसअघि आफ्ना सदस्य राष्ट्रहरूको सहभागितामा संयुक्त राष्ट्रसंघले सहस्राब्दी विकास लक्ष्य (सन् २०००-२०१५) तयार गरेको थियो । सहस्राब्दी विकास लक्ष्यलाई १८९ सदस्यले अनुमोदन गरेका थिए । यसको कार्यान्वयनमा नेपालले प्रभावकारी कदमहरू चालेको थियो । फलस्वरूप नेपालले ८ वटा मुख्य लक्ष्य र तिनका परिपूरक लक्ष्यमध्ये अधिकांश पूरा गरेको थियो । यसलाई एक सकारात्मक कार्यको रूपमा लिन सकिन्छ । यसको प्रगति, उपलब्धि र उपभोगमा भौगोलिक एवं लैङ्गिक हिसाबले भने असमानता रहेको हुन सक्दछ । यो हाम्रा लागि चुनौतीको विषय हो । आगामी कार्यहरूमा यसलाई कसरी सन्तुलित गर्न सकिन्छ भन्नेतर्फ ध्यान दिन सकेमा हामी मुलुकको समग्र विकास प्रक्रिया र समुन्नतिको मार्गमा अघि बढ्न सक्छौं ।

कतिपय मानिसको बुझाइमा दिगो विकासका लक्ष्य सहस्राब्दी विकास लक्ष्यको विस्तारित रूप हो कि भन्ने लाग्न सक्दछ । तर यो त्यस्तो होइन । दिगो विकास लक्ष्य सहस्राब्दी विकास लक्ष्यभन्दा व्यापक र बहुआयामिक छ । यसले असमानता, मानव अधिकार, शान्ति, पर्यावरण, सामुन्द्रिक पद्धति, मरुभूमिकरण जस्ता जटिल मुद्दाहरूलाई सम्बोधन गर्ने प्रयास गरेको छ । तथापि सहस्राब्दी विकास लक्ष्यहरूको उपलब्धिमा टेकेर दिगो विकास लक्ष्य कार्यान्वयन गर्दा त्यसबाट हासिल हुन नसकेका उपलब्धिहरू पूरा गर्न भने अवश्य पनि सहज हुनेछ ।

२. दिगो विकास लक्ष्य

सन् २०३० सम्ममा गरिबीको अन्त्य गर्नु दिगो विकास लक्ष्यको मुख्य उद्देश्य हो । यसमा १७ मुख्य लक्ष्य, १६९ परिमाणात्मक लक्ष्य र ४८९ सूचकहरू छन् (विश्वव्यापी सूचक २४४, नेपालले थपेको २४५, यसमा केही दोहोरिएको हुँदा कूल ४७९ सूचक छन्) । यी लक्ष्यहरू आफू स्वयंमा पूर्ण छन् भने एकापसमा परिपूरक भूमिकामा

---

* निर्देशक, स्वशासन अध्ययन प्रतिष्ठान

१ https://en.wikipedia.org/wiki/Sustainable_Development_Goals

तालिका १ : दिगो विकास लक्ष्य र यसका सूचकहरू

क्र. सं.	दिगो विकासका लक्ष्यहरू	परिमाणात्म लक्ष्य	सूचकहरू		
			विश्वव्यापी	नेपालले थप गरेको	जम्मा
१	सबै प्रकारका गरिबीलाई सबै ठाउँबाट अन्त्य गर्ने	७	१४	१४	२८
२	भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण प्राप्ति गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने	८	१३	१७	३०
३	स्वस्थ जीवन सुनिश्चित गर्ने र सबै उमेर समूहका सबै मानिसको कल्याण प्रवर्द्धन गर्ने	१३	२७	३२	५९
४	सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र आजीवन सिकाइको अवसरलाई प्रवर्द्धन गर्ने	१०	११	३५	४६
५	लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीहरूको सशक्तीकरण गर्ने	९	१४	२२	३६
६	सबैका लागि खानेपानी तथा सरसफाईको उपलब्धता र दिगो व्यवस्थापन सुनिश्चित गर्ने	८	११	१४	२५
७	सबैका लागि खर्चले धान्न सक्ने, भरपर्दो, दिगो तथा आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्ने	५	६	९	१५
८	सबैका लागि निरन्तर, समावेशी र दिगो आर्थिक वृद्धि तथा पूर्ण र उत्पादनमूलक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने	१२	१७	१४	३१
९	वलियो (टिकाउ) पूर्वाधार निर्माण गर्ने, समावेशी र दिगो औद्योगिकरणको प्रवर्द्धन गर्ने र नवीन खोजलाई प्रोत्साहन गर्ने	८	१२	८	२०
१०	देशभित्रै वा देशहरू माझ रहेका असमानतालाई न्यून गर्ने	१०	११	१६	२७
११	नगरहरू र मानव बस्तीहरूलाई समावेशी, सुरक्षित, सबल (टिकाउ) र दिगो बनाउने	१०	१५	१५	३०
१२	दिगो उपभोग र उत्पादनको ढाँचा सुनिश्चित गर्ने	११	१३	१०	२३
१३	जलवायु परिवर्तन तथा यसका प्रभावहरू विरुद्ध लड्न तत्काल कार्य थाल्ने	५	८	११	१९
१४	दिगो विकासका लागि महासागर, समुन्द्र र सामुन्द्रिक स्रोत साधनहरूको संवर्द्धन, संरक्षण र दिगो प्रयोग गर्ने	१०	१०	०	१०
१५	दिगो पर्यावरणीय प्रणाली, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरणविरुद्ध लड्ने, भूक्षयीकरण्को रोकथाम र त्यस्तो प्रक्रियालाई उल्ट्याउने र जैविक विविधताको क्षतिलाई रोक्ने	१२	१४	१७	३१
१६	दिगो विकासका लागि शान्तिपूर्ण तथा समावेशी समाजलाई बढावा दिने, न्यायमा सबैलाई पहुँच दिने र सबै तहमा प्रभावकारी र जिम्मेवार तथा समावेशी संस्था निर्माण गर्ने	१२	२३	८	३१
१७	दिगो विकासका लागि कार्यान्वयन प्रक्रिया मजबुत बनाउने र विश्वव्यापी साझेदारीलाई पुनर्जीवन दिने ।	१९	२५	३	२८
	जम्मा	१६९	२४४	२४५	४८९

स्रोत : राष्ट्रिय योजना आयोग, २०७५

समेत छन् । तिनले आर्थिक, सामाजिक, मानवीय तथा पर्यावरणीय क्षमताबीच सन्तुलन कायम गर्न मद्धत गर्दछन् ।

यी लक्ष्यहरूलाई मुख्य रूपमा देहायका वर्गमा विभाजन गरी कार्यान्वयन गर्न सकिन्छ :

(१) आर्थिक विकास (कृषि, श्रम तथा पर्यटन, उद्योग, गरिबी निवारण)

(२) सामाजिक विकास (स्वास्थ्य, शिक्षा, लैङ्गिक समानता, खानेपानी तथा सरसफाई)

(३) पूर्वाधार विकास (उर्जा, यातायात, सहरी पूर्वाधार)

(४) पर्यावरण (जलवायु परिवर्तन, वन)

(५) सुशासन (सरल सेवा प्रवाह, भ्रष्टाचार नियन्त्रण, विधिको शासन)

यसलाई स्थानीय तह र प्रदेश सरकारका विषयगत समिति र संरचनाहरूसँग आवद्ध गरी कार्यान्वयन गर्न सकिन्छ । नयाँ नयाँ पद्धति र संरचनाको खोजी गर्नुभन्दा स्थापित पद्धति, विधि र प्रक्रियाअनुसार काम गर्दा नतिजा हासिल गर्न सहज हुन सक्दछ ।

३. कार्यान्वयन अवस्था

दिगो विकास लक्ष्य भर्खरै मात्र कार्यान्वयनमा आएको हुँदा यसको प्रगति तत्काल आँकलन गर्न सकिने अवस्थामा छैन । तर पनि नेपाल सरकारले यसलाई प्राथमिकतामा राखेकाले नतिजा सकारात्मक रहने अपेक्षा गर्न सकिन्छ । सहस्राब्दी विकास लक्ष्य कार्यान्वयनवाट प्राप्त भएको उपलब्धि र हासिल गरेको अनुभवलाई आधार मान्दै कार्य गर्न सकेमा थप उपलब्धि हासिल गर्न सकिन्छ । नेपालले दसौं पञ्च वर्षीय योजनादेखि नै सहस्राब्दी विकास लक्ष्यलाई आवधिक योजनामा समावेश गरी कार्यान्वयन गरेको थियो ।

विविध चुनौतीका बाबजुद सहस्राब्दी विकास लक्ष्यका अधिकांश सूचक सकारात्मक रहन सफल भए । सन् १९९५ मा ४२ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेकोमा सन् २०१६ मा यो संख्या २१.६ प्रतिशत कायम भएको छ । हाल यो संख्या २१ प्रतिशतभन्दा मुनि रहेको अनुमान छ । लैङ्गिक तथा सामाजिक समावेशीकरणका क्षेत्रमा समेत उल्लेख्य प्रगति भएको छ । समग्रमा, नेपालले उत्साहजनक रूपमा सहस्राब्दी विकासका लक्ष्य हासिल गर्न सफल भएको छ । यसर्थ विगतमा हासिल भएका उपलब्धिको रक्षा गर्दै बाँकी नतिजा प्राप्त गर्न तिनलाई दिगो विकासका लक्ष्यसँग समायोजना गर्दै लैजाने नीति नेपाल सरकारले लिएको देखिन्छ ।

निर्दिष्ट लक्ष्य हासिल गर्न नीति तथा योजना आवश्यक हुन्छ । सामन्यतया नीति तथा योजना तर्जुमाको प्रारम्भिक चरणमा तत्सम्बन्धी स्थिति विश्लेषण र सूचना अध्यावधिक गरेको हुनुपर्छ । यसको आधारमा नतिजा, सूचक र कार्यक्रमहरू तयार गरिन्छ । यिनै कार्यक्रम कार्यान्वयन गर्न बजेट तर्जुमा र जिम्मेवारी बाँडफाँड गरिन्छ । यसवाट कार्यान्वयन योजना तर्जुमा हुन्छ । योजना कार्यान्वयन गरेपश्चात अपेक्षित नतिजा प्राप्त हुन्छ । दिगो विकास लक्ष्य कार्यान्वयनको यो प्रारम्भिक चरण हो । यस चरणमा कार्यको पहिचान र नीति तथा संरचनाहरूको विकास गर्ने कार्य भइरहेको छ ।

हाल नेपालको पन्ध्रौं योजना तर्जुमा भइरहेकाले दिगो विकास लक्ष्यलाई यसैसँग आवद्ध गरी कार्यान्वयन गर्नुपर्छ । नेपाल सरकार यस विषयमा लागि परेको छ । केन्द्रीय आवधिक योजना सँगसँगै प्रादेशिक र स्थानीय तहका आवधिक र वार्षिक योजनामा समेत यस्ता विषय समावेश गरिनु पर्दछ । हाल राष्ट्रिय योजना आयोगले दिगो विकास लक्ष्यको भावी मार्गचित्र तयार (२०१६-२०३०) र अनुगमन तालिकासहित दिगो विकास लक्ष्यहरूको आवश्यकता पहिचान, वित्तीय खर्चको आँकलन तथा व्यवस्थापन रणनीति, २०१८ तयार गरेको छ । साथै दिगो विकास लक्ष्यसँग आवद्ध नीति तथा रणनीतिहरू पनि तयार भएको छ ।

दिगो विकास लक्ष्य एक बहुआयमिक विषय भएको हुँदा संक्षिप्त विश्लेषणका आधारमा यसको कार्यान्वयन अवस्था आँकलन गर्न सकिँदैन । दिगो

हाम्रा नीतिगत, कानुनी तथा संस्थागत संयन्त्रहरू दिगो विकास लक्ष्य कार्यान्वयनका लागि बलियो आधारका रूपमा रहेका छन् । नेपालको संविधानले स्वच्छ वातावरण, गुणस्तरीय, दिगो भौतिक पूर्वाधारको विकासलगायत न्यायिक, लैंगिक भेदभाव तथा शोषण विरुद्धको हक, खाद्य सुरक्षा, शिक्षा, स्वास्थ्य, श्रम तथा रोजगारीजस्ता विषयलाई आधारभूत रूपमा स्वीकार गरी समन्वयात्मक र सहअस्तित्वको आधारमा कार्य गर्ने अवसर सृजना गरेको छ । यसले सन्तुलित र सामवेशी विकासलाई सुनिश्चित गरेको छ । जुन कुरा दिगो विकास लक्ष्य हासिल गर्न सहयोगी हुनेछ । संविधानले नै संघ, प्रदेश र स्थानीय तह गरी तिनै तहका सरकारका लागि अलग-अलग र साझा अधिकार सूची तयार गरी दिगो र सन्तुलित विकासमा मार्ग प्रशस्त गरेको छ ।

• • •

बाल संरक्षण तर्फका सूचकहरू समेत सन्तोषजनक छैनन् । हाल पनि नेपालमा झन्डै ४१ प्रतिशत बाल विवाह हुने गरेको अनुमान छ । यस्तै उमेर नपुग्दै हुने विवाह, बालश्रम, बाल यौन शोषण आदिको दर पनि अधिक छ । शिक्षा तर्फको सूचकको हालको अवस्थामा सन्तोष मान्नु पर्ने स्थिति नभए तापनि तुलनात्मक रूपमा यो कम खतराको अवस्थामा देखिन्छ ।

हाल नेपालको पन्ध्रौं योजना तर्जुमा भइरहेकाले दिगो विकास लक्ष्यलाई यसैसँग आवद्ध गरी कार्यान्वयन गर्नुपर्छ । नेपाल सरकार यस विषयमा लागि परेको छ । केन्द्रीय आवधिक योजना सँगसँगै प्रादेशिक र स्थानीय तहका आवधिक र वार्षिक योजनामा समेत यस्ता विषय समावेश गरिनु पर्दछ । हाल राष्ट्रिय योजना आयोगले दिगो विकास लक्ष्यको भावी मार्गचित्र तयार (२०१६-२०३०) र अनुगमन तालिकासहित दिगो विकास लक्ष्यहरूको आवश्यकता पहिचान, वित्तीय खर्चको आँकलन तथा व्यवस्थापन रणनीति, २०१८ तयार गरेको छ । साथै दिगो विकास लक्ष्यसँग आवद्ध नीति तथा रणनीतिहरू पनि तयार भएको छ ।

विकास लक्ष्य-५ का मात्रै केही परिमाणात्मक लक्ष्यहरू हेरौं । यस लक्ष्यअन्तर्गत सबै महिला र किशोरीविरुद्ध जुनसुकै क्षेत्र र स्थानमा हुने सबै प्रकारका विभेदहरूलाई अन्त्य गर्ने, सार्वजनिक तथा निजी क्षेत्रहरूमा सबै महिला र किशोरी तथा बालिकाविरुद्ध हुने सबै प्रकारका हिंसा मानव बेचबिखन यौन तथा अन्य प्रकारको शोषण अन्त्य गर्ने, बालविवाह, कम उमेरको विवाह, जबर्जस्ती विवाह र महिला जनेन्द्रीय अंगभंग गर्नेजस्ता सबै प्रकारका हानीकारक व्यवहारहरूको अन्त्य गर्ने, पारिश्रमिक बेगरको हेरचाह गर्ने र घरायसी कामलाई कदर गर्ने र महत्व दिने, राजनीतिक, आर्थिक र सार्वजनिक जीवनको निर्णय-निर्माणका सबै तहहरूको नेतृत्वमा महिलाहरूको पूर्ण तथा प्रभावकारी सहभागिता र समान अवसरहरूको सुनिश्चितता गर्ने, सूचना तथा सञ्चार प्रविधिजस्ता महिला सशक्तीकरणलाई टेवा पुऱ्याउने प्रविधिको प्रयोगलाई बढावा दिने लगायतका परिमाणात्मक लक्ष्यहरू छन् । यी लक्ष्यअन्तर्गत थप सूचक पनि छन् । लेखमा यी सबैको उपलब्धिबारे विश्लेषण गर्न खोजिएको भने होइन ।

उदाहरणका लागि दिगो विकास लक्ष्यले समेटेका केही सूचकहरूका बारेमा कुरा गरौं । जस्तै, युनिसेफका अनुसार, बाल बचाउ (खासगरी स्वास्थ्य क्षेत्र) सँग सम्बन्धित सूचकहरूको अवस्था तुलनात्मक रूपमा राम्रो छ । बाल मृत्यु दर, शिशु मृत्यु दर, दक्ष प्रसूतिकर्मीको सहयोगमा गराइएको जन्म दर, खोप, सही तरिकाले हात धुने बानीको विकासजस्ता सूचकहरू सही दिशातर्फ अघि बढेका छन् । यसलाई निरन्तरता दिंदै थप कार्यक्रम सञ्चालन गर्न सकेमा दिगो विकासको स्वास्थ्यसम्बन्धी लक्ष्य (लक्ष्य नं ३) पूरा गर्न सहयोग मिल्नेछ । तर बालबालिकामा हुने कुपोषणको दर अधिक रहेको हुँदा लक्ष्य १ अन्तर्गतको उन्नत पोषण प्राप्त गर्ने लक्ष्य पूरा गर्न ठूलो प्रयास गर्नुपर्ने हुन्छ ।

यो सूचक हाल खतराको अवस्थामै छ । यस्तै बाल संरक्षण तर्फका सूचकहरू समेत सन्तोषजनक छैनन् । हाल पनि नेपालमा झन्डै ४१ प्रतिशत बाल विवाह हुने गरेको अनुमान छ । यस्तै उमेर नपुग्दै हुने विवाह, बालश्रम, बाल यौन शोषण आदिको दर पनि अधिक छ । शिक्षा तर्फको सूचकको हालको अवस्थामा सन्तोष मान्नु पर्ने स्थिति नभए तापनि तुलनात्मक रूपमा यो कम खतराको अवस्थामा देखिन्छ । हाल चार वर्षसम्मका ८१ प्रतिशत बालबालिका प्रारम्भिक बाल विकास कक्षामा भर्ना भएका छन् भने कक्षा १ का लागि विद्यालय जाने उमेर समूहका ९६.२ प्रतिशत बालबालिका विद्यालय भर्ना भएका छन् । यस्तै ५ देखि १२ वर्ष उमेर समूहका ७४.६ प्रतिशत बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पाएका छन्[२] ।

नेपालमा बाल क्लबमार्फत बालबालिका तथा किशोरकिशोरीलाई संगठित गर्ने प्रयास भएको छ । बाल क्लबमार्फत उनीहरूले आफ्ना मुद्दाहरूलाई सम्बन्धित निकायसमक्ष प्रस्तुत गर्ने गरेका छन् । हाल नेपालमा करिब २२ हजार चार सय ५७ बाल क्लब गठन भई सञ्चालनमा छन् । बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिले बालबालिकालाई आफ्ना आवश्यकता र चाहानाबमोजिमका योजनाहरू प्राथमिकताका आधारमा स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गर्ने अवसर प्रदान गरेको छ । यसवाट व्यावहारिक योजनाहरू छनोट भई लगानीको सदुपयोग हुने अवस्था सृजना भएको छ । यसै माध्यमबाट दिगो विकास लक्ष्य ५ का कतिपय सूचक पूरा गर्न सकिने देखिन्छ ।

४. अवसर

हाम्रा नीतिगत, कानुनी तथा संस्थागत संयन्त्रहरू दिगो विकास लक्ष्य कार्यान्वयनका लागि बलियो आधारका रूपमा रहेका छन् । नेपालको संविधानले स्वच्छ वातावरण, गुणस्तरीय, दिगो भौतिक पूर्वाधारको विकासलगायत

२ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, बालमैत्री स्थानीय शासन, विस्तार योजना, (आ.व. २०७३/७४-२०७६/७७)-अप्रकाशित

आर्थिक समृद्धिका लागि प्रारम्भिक बालविकासदेखि विश्वविद्यालय तहसम्मको शिक्षा न्यून आय भएका जनताको आर्थिक अवस्थाले धान्न सक्ने, सीपमूलक, प्रविधिमूलक र व्यावहारिक हुनुपर्छ । कृषि क्षेत्रलाई व्यावसायिक र मर्यादित बनाउनु पर्नेछ । यस्तै निर्माण भएका पूर्वाधार गुणस्तरीय, दिगो, वातावरणमैत्री र उपयुक्त प्रविधिमा आधारित हुनु पर्दछ । औद्योगिक तथा पर्यटन विकासका लागि उत्पादनमैत्री नीति, बजारमैत्री उत्पादान, उपभोक्तामैत्री सेवा र प्रतिस्पर्धात्मक क्षमता विकास भएको हुनुपर्छ । यसका लागि सीपमूलक तथा व्यावहारिक शिक्षा/तालिम, अध्ययन, अनुसन्धान र प्रविधि विकासका क्षेत्रमा लगानी वृद्धि गर्नुपर्छ । दिगो विकासका लागि पर्यावरण अर्को महत्वपूर्ण क्षेत्र हो ।

• • •

दिगो विकास लक्ष्य र यसका सूचकहरू आर्थिक, सामाजिक, भौतिक, लैङ्गिक, जलवायु र सुशासनसँग सम्बन्धित रहेका छन् । यस्ता सूचकहरूलाई संघीय, प्रादेशिक र स्थानीय तहका योजनामा आवद्ध गरी कार्यान्वयन गर्ने अवसर मिलेको छ । तथापि लक्ष्य पूरा गर्न कतिपय चुनौतीको सामना गर्नु पर्ने देखिन्छ । जस्तै : सूचना व्यवस्थापन, व्यावहारिक योजना तर्जुमा, समन्वय, सहकार्य, उपयुक्त प्रविधि र क्षमता विकास हाम्रा लागि चुनौती हुन सक्छन् ।

न्यायिक, लैंगिक भेदभाव तथा शोषण विरुद्धको हक, खाद्य सुरक्षा, शिक्षा, स्वास्थ्य, श्रम तथा रोजगारीजस्ता विषयलाई आधारभूत रूपमा स्वीकार गरी समन्वयात्मक र सहअस्तित्वको आधारमा कार्य गर्ने अवसर सृजना गरेको छ । यसले सन्तुलित र सामवेशी विकासलाई सुनिश्चित गरेको छ । जुन दिगो विकास लक्ष्य हासिल गर्न सहयोगी हुनेछ । संविधानले नै संघ, प्रदेश र स्थानीय तह गरी तिनै तहका सरकारका लागि अलग-अलग र साझा अधिकार सूची तयार गरी दिगो र सन्तुलित विकासमा मार्ग प्रशस्त गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई आफ्नो आवश्यकता र अनुकूलका योजना तर्जुमा, स्रोत परिचालन र सेवा प्रवाहलाई व्यवस्थित गर्न सक्ने अधिकार दिएको छ । यस प्रक्रियामा महिला, बालबालिका, विपन्न वर्ग लगायतको नागरिक सहभागिता सुनिश्चित गरिएको छ । यसले समावेशी विकासलाई प्रोत्साहन गर्दछ । दिगो विकासका कतिपय लक्ष्य र यसका परिपूरक सूचकसम्बन्धी कार्य स्थानीय तहको क्षेत्राधिकारमा छ ।

कृषि, रोजगारी, अधारभूत शिक्षा, स्वास्थ्य, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, खानेपानी, सरसफाई, जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, साना जलविद्युत, वैकल्पिक उर्जा, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिँचाइजस्ता क्षेत्रका कार्यहरू स्थानीय तहले गर्नेछन् । यस्ता विषयहरू समावेश गरी दीर्घकालीन, आवधिक तथा वार्षिक योजनाहरू तर्जुमा र कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तहकै हो । हाल स्थानीय तहले नीति तथा योजना तर्जुमा गर्दै गरेको अवस्था छ । दिगो विकासलाई यिनै योजनाहरूमा एकीकृत गर्न सकिन्छ । दिगो विकास लक्ष्य प्राप्तिमा यसलाई एक महत्वपूर्ण अवसरको रूपमा लिनु पर्दछ ।

संयुक्त राष्ट्रसंघ दिगो विकास लक्ष्य कार्यान्वयन र यसको सहजीकरण प्रक्रियामा एक महत्वपूर्ण साझेदार निकाय हो । संयुक्त राष्ट्र संघीय निकायहरूले यससम्बन्धी थुप्रै कार्य गरिरहेका छन् । नेपाल सरकार र संयुक्त राष्ट्र संघीय निकायबीच समझदारी भएको संयुक्त राष्ट्रसंघीय विकास सहायताको राष्ट्रिय खाका, २०१८-२२ कार्यान्वयनमा छ । यस खाकामा आधारित भई संयुक्त राष्ट्र संघीय निकाय र सहयोगी संस्थाहरूवाट सञ्चालित विभिन्न कार्यक्रमहरू दिगो विकास लक्ष्य पूरा गर्न सहयोगी भूमिका निर्वाह गरिरहेका छन् । यसलाई अर्को एक अवसरको रूपमा लिन सकिन्छ ।

दिगो विकास लक्ष्य कार्यान्वयनका लागि नेपाल सरकारले देहायको संस्थागत संयन्त्र विकास गरेको छ,

(१) प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय निर्देशक समिति

(२) राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा कार्यान्वयन तथा समन्वय समिति

(३) राष्ट्रिय योजना आयोगका सदस्यको अध्यक्षतामा विषयगत समिति (आर्थिक विकास, सामाजिक विकास, समन्वय, उर्जा विकास तथा जलवायु परिवर्तन, दिगो उत्पादन र लैङ्गिक मूलप्रवाहीकरण, कृषि विकास तथा खानेपानी, पूर्वाधार विकास, सुशासन) यी समितिहरूको सक्रियता अर्को राम्रो अवसर हो । यस्तै दिगो विकास लक्ष्यहरू आधारित स्थानीय तथा प्रादेशिक तहको योजना दिग्दर्शन र संघीय साथै प्रादेशिक तहका लागि दिगो विकास लक्ष्यहरूको अनुगमन तथा मूल्यांकन दिग्दर्शन तयार गरिएको छ । कार्यक्रम सञ्चालन र सञ्चालित कार्यक्रमहरूको उपलब्धि अनुगमन गर्न यस्ता सामग्री सहयोगी हुनेछन् । यसका अलावा दिगो विकास लक्ष्य कार्यान्वयनमा सघाउ पुग्ने गरी अन्य नीति तथा रणनीतिसमेत तयार भएका छन् ।

सरकारी र संयुक्त राष्ट्र संघीय निकायका अलावा गैरसरकारी, निजी, सहकारी र सामुदायिक क्षेत्रसमेत दिगो विकास लक्ष्यका विभिन्न सूचकहरूमा कार्यरत छन् । कतिपय द्विपक्षीय एवं बहुपक्षीय विकास साझेदारहरूले यस प्रक्रियामा सहयोग पुऱ्याइरहेका छन् ।

तिनै तहको निर्वाचन सम्पन्न भई जनप्रतिनिधिले नेतृत्व सम्हालिरहेको वर्तमान अवस्थामा नागरिक परिचालनको अवस्थासमेत सकारात्मक रहेको छ। जननिर्वाचित पदाधिकारीमार्फत विकास योजना सञ्चालन भइरहेकाले दिगो विकास लक्ष्य प्रात गर्न थप अवसर सृजना भएको छ।

५. चुनौती

बितेका झन्डै तीन दशकको अवधिमा सामाजिक विकासका क्षेत्रहरूमा उल्लेख्य उपलब्धि हासिल भए तापनि आर्थिक विकासको पाटो कमजोर छ। कृषि, उद्योग, पर्यटन, शिक्षा र पूर्वाधार आर्थिक विकासका साझेदार हुन्। यस क्षेत्रमा अपेक्षित प्रगति हासिल गर्न सकिएको छैन। आर्थिक समृद्धिका लागि प्रारम्भिक बालविकासदेखि विश्वविद्यालय तहसम्मको शिक्षा न्यून आय भएका जनताको आर्थिक अवस्थाले धान्न सक्ने, सीपमूलक, प्रविधिमूलक र व्यावहारिक हुनुपर्छ।

कृषि क्षेत्रलाई व्यावसायिक र मर्यादित बनाउनु पर्नेछ। यस्तै निर्माण भएका पूर्वाधार गुणस्तरीय, दिगो, वातावरणमैत्री र उपयुक्त प्रविधिमा आधारित हुनु पर्दछ। औद्योगिक तथा पर्यटन विकासका लागि उत्पादनमैत्री नीति, बजारमैत्री उत्पादन, उपभोक्तामैत्री सेवा र प्रतिस्पर्धात्मक क्षमता विकास भएको हुनुपर्छ। यसका लागि सीपमूलक तथा व्यावहारिक शिक्षा/तालिम, अध्ययन, अनुसन्धान र प्रविधि विकासका क्षेत्रमा लगानी वृद्धि गर्नुपर्छ। दिगो विकासका लागि पर्यावरण अर्को महत्वपूर्ण क्षेत्र हो।

असन्तुलित पर्यावरणका कारण उत्पन्न जलवायु परिवर्तनले निम्त्याएका असरलगायत बाढी, पहिरो, सुख्खा, खडेरीजस्ता प्राकृतिक प्रकोप र मानव सृजित परिस्थितिका कारण बढेको वायु प्रदूषण र बातावरणीय असरले नागरिकको जीवनयापन नै संकटपूर्ण अवस्थामा पुगेको छ। यी सबै विषय प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आर्थिक विकाससँग सम्बन्धित छन्। राष्ट्रिय योजना आयोगका अनुसार बितेका ५० वर्षमा विभिन्न दशकको नेपालका औसत वृद्धिदर २ देखि ५ प्रतिशतको बीचमा रहेको छ भने आर्थिक परिवर्तन हासिल गर्न चाहिने कूल लगानीका दरहरू पनि पर्याप्त छैनन्[३]।

दिगो विकास लक्ष्य पूरा गर्न कुल गार्हस्थ उत्पादनको करिब ४२ प्रतिशतसम्म लगानी गर्नु पर्ने सामान्य अनुमान छ। अपेक्षित नतिजा हासिल गर्न वार्षिक १७ खर्ब रूपैयाँभन्दा बढी बजेट आवश्यक पर्ने हुन्छ। त्यसैले पर्याप्त लगानी जुटाउनु एक प्रमुख चुनौती हुन सक्दछ। यसका लागि आन्तरिक तथा बाह्य लगानीमा समेत वृद्धि गर्नु पर्ने देखिन्छ। दिगो विकासका लक्ष्यहरू पूरा गर्न संघीय सरकारको अलावा प्रदेश सरकार र स्थानीय सरकारको लगानी र प्रतिवद्धतासमेत आवश्यक पर्दछ। दिगो विकास लक्ष्यको स्थानीयकरण गरी प्रदेश तथा स्थानीय तहका योजनाहरूमा समाहित गर्न सकेमा नतिजा प्राप्त गर्न सहज हुनेछ। यसका लागि केन्द्रदेखि स्थानीय तहको क्षमता विकासमा ध्यान दिनु जरुरी छ।

सूचना व्यवस्थापन पद्धतिमा सुधार गरी तथ्यमा आधारित योजना तर्जुमा अर्को चुनौतीको विषय रहेको छ। नेपालमा सूचना प्रणाली व्यवस्थित हुन नसक्दा आवश्यक सूचना प्राप्त गर्न नसकिने, प्राप्त सूचनामा एकरूपता नहुने, खण्डीकृत सूचना उपलब्ध नहुने, स्थान विशेष र क्षेत्र विषेश सूचनाहरू प्राप्त नहुने आदि समस्या छन्। यसले उपयुक्त रणनीति तर्जुमा र लगानीको प्राथमिकता निर्धारण गर्न कठिन भएको छ। औसत नतिजा र उपलब्धि सन्तोषजनक रहेका क्षेत्रमा समेत भौगोलिक एवं लैङ्गिक सन्तुलन कायम भएको छैन। यो अर्को चुनौतीका रूपमा छ। यस्तै साझेदार निकाय र सेवा प्रदायकबीचको समन्वय, सहयोग र सहकार्य कमजोर हुँदा लगानीमा दोहोरोपन आउने, प्रविधिको सही प्रयोग हुन नसक्ने र भौतिक तथा मानवीय क्षमता उपयोगमा समेत कठिनाई उत्पन्न भएको छ। यी र यस्ता विषय दिगो विकास लक्ष्य प्राप्तिका लागि चुनौतीका रूपमा छन्।

> **बितेका झन्डै तीन दशकको अवधिमा सामाजिक विकासका क्षेत्रहरूमा उल्लेख्य उपलब्धि हासिल भए तापनि आर्थिक विकासको पाटो कमजोर छ। कृषि, उद्योग, पर्यटन, शिक्षा र पूर्वाधार आर्थिक विकासका साझेदार हुन्। यस क्षेत्रमा अपेक्षित प्रगति हासिल गर्न सकिएको छैन। आर्थिक समृद्धिका लागि प्रारम्भिक बालविकासदेखि विश्वविद्यालय तहसम्मको शिक्षा न्यून आय भएका जनताको आर्थिक अवस्थाले धान्न सक्ने, सीपमूलक, प्रविधिमूलक र व्यावहारिक हुनुपर्छ।**

६. उपसंहार

दिगो विकास लक्ष्य (सन् २०१६-२०३०) का १७ मुख्य लक्ष्य छन्। यसमा १६९ परिमाणात्मक लक्ष्य र ४८९ सूचकहरू निर्धारण गरिएका छन्।

कूल ४८९ मध्ये २४४ विश्वव्यापी सूचक हुन् भने २४५ नेपालले थपेका सूचकहरू हुन्। यसमध्ये केही दोहोरिएका पनि हुन सक्छन् भने केही हाम्रा लागि सान्दर्भिक नहुन पनि सक्छ। यी लक्ष्यहरू स्वयंमा पूर्ण एक आपसमा परिपूरक भूमिकामा रहेका छन्। तापनि सन् २०३० सम्ममा गरिबीको अन्त्य गर्नु दिगो विकास लक्ष्यको मुख्य उद्देश्य हो।

नेपालको संविधान, प्रचलित ऐन, नीति तथा योजनामा आधारित भई कार्यक्रमहरू तय गरिएका छन्। आफ्नो

३ राष्ट्रिय योजना आयोग, २०१७, दिगो विकास लक्ष्यहरू, वर्तमान अवस्था र भावी मार्गचित्र : २०१६-२०३०

प्रतिवद्धताअनुसार, नेपालले दिगो विकास लक्ष्य र सम्बन्धित कार्यक्रमहरू प्राथमिकताका साथ कार्यान्वयन गरिरहेको छ। यसको समष्टीगत नतिजा प्राप्त गर्न लामो समय लाग्दछ। तर कतिपय नतिजाहरू छोटो समयमा पनि प्राप्त हुन सक्दछन्।

दिगो विकास लक्ष्य र यसका सूचकहरू आर्थिक, सामाजिक, भौतिक, लैङ्गिक, जलवायु र सुशासनसँग सम्बन्धित रहेका छन्। यस्ता सूचकहरूलाई संघीय, प्रादेशिक र स्थानीय तहका योजनामा आवद्ध गरी कार्यान्वयन गर्ने अवसर मिलेको छ। तथापि लक्ष्य पूरा गर्न कतिपय चुनौतीको सामना गर्नु पर्ने देखिन्छ। जस्तै : सूचना व्यवस्थापन, व्यावहारिक योजना तर्जुमा, समन्वय, सहकार्य, उपयुक्त प्रविधि र क्षमता विकास हाम्रा लागि चुनौती हुन सक्छन्।

न्यून लगानी, बढ्दो बेरोजगारी, न्यून आर्थिक वृद्धि र कमजोर पूर्वाधार पनि चुनौतीकै रूपमा छन्। यसका बावजुद प्राप्त उपलब्धिको भौगोलिक तथा लैङ्गिक सन्तुलन मिलाउनु अर्को महत्वपूर्ण चुनौती हो। यस्ता चुनौतीलाई सही ढंगबाट सम्बोधन गर्न सकेमा दिगो विकास लक्ष्यबाट लाभान्वित हुन सकिन्छ।

सन्दर्भ सामग्री

- नेपाल सरकार, नेपालको संविधान (२०७२)
- नेपाल सरकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- राष्ट्रिय योजना आयोग, २०१७, दिगो विकास लक्ष्यहरू, वर्तमान अवस्था र भावी मार्गचित्र : २०१६-२०३०
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, बालमैत्री स्थानीय शासन, राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्यविधि, २०६८
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, बालमैत्री स्थानीय शासन, बिस्तार योजना, (आ.व. २०७३/७४-२०७६/७७)
- UNICEF, Nepal, Progress for Every Child in the SDG Era Country Profile, UNICEF Region: South Asia
- ADB, the Governance Brief Localizing the Sustainable Development Goals to Accelerate, 2018
- NPC, Nepal and the Millennium Development Goals, 2018
- NPC, National Review of Sustainable Development Goals, 2017 (Final Status Report 2000-2015)
- https://en.wikipedia.org/wiki/Sustainable_Development_Goals

❖❖❖

जलवायु परिवर्तन
कृषि उत्पादन र दिगो विकास लक्ष्य

डा. विष्णुकुमार धिताल*

तापक्रम एकनासले बढ्ने मात्र नभएर गर्मीयाममा अधिकतम तापक्रम झन् बढ्ने र जाडोयाममा न्यूनतम् तापक्रम झन् घट्ने भएर दुवैतर्फको अतितिर तापक्रम तलमाथि भइरहेको छ । जाडोमा जाडो थपिनु र गर्मीमा झन् गर्मी हुनु वास्तवमै खतराको संकेत हो । यसो हुँदा खेतीपाती र कृषि उत्पादनमा धेरै चुनौती तथा जटिलता थपिने गर्दछन् भने जलवायुमा आएको परिवर्तनले मौसममा पनि ठूलो परिवर्तन ल्याइदिएको छ । त्यस्तो परिवर्तन बढ्दो गतिमा छ ।

भूमिका

पृथ्वीको तापक्रम प्रतिवर्ष क्रमशः बढ्दै गएको छ भन्ने कुरा झन्डै आधा शताब्दीदेखि अनुभव गर्न थालिएको हो । सुरुका दिनमा तापक्रम अत्यन्त बिस्तारै र क्रमशः बढ्दै जाने कुराको अनुमान गरिएको थियो । चार दशक अघिसम्म सो वृद्धिदर अति न्यून थियो तर अहिले तापक्रम वृद्धिदर अनुमान गरेभन्दा धेरै उच्च छ ।

एक आंकडाअनुसार, शीतोष्ण क्षेत्रको तापक्रम प्रतिवर्ष ०.०६° सेल्सियसका दरले र उष्ण क्षेत्रको तापक्रम ०.०३° सेल्सियसका दरले बढ्दैछ । १९७० को मध्यपछि तापक्रममा वृद्धि हुँदै गएको कुरा पक्का भयो जहाँ सन् १९७५ देखि २००६ को ३१ वर्षको अवधिमा १.८° सेल्सियस तापक्रम बढेको पाइयो (मल्ल, २००८) । आँकडा अन्य अध्ययनहरूमा पनि पाइएको छ । यस्ता विभिन्न तथ्यांकका आधारमा उष्ण तथा उपोष्ण क्षेत्रभन्दा हिन्दुकुश हिमालय क्षेत्रको तापक्रम वृद्धिदर ज्यादा रहेको कुरा ICIMOD का प्रतिवेदनहरूबाट पनि थाहा पाउन सकिन्छ ।

तापक्रम एकनासले बढ्ने मात्र नभएर गर्मीयाममा अधिकतम तापक्रम झन् बढ्ने र जाडोयाममा न्यूनतम् तापक्रम झन् घट्ने भएर दुवैतर्फको अतितिर तापक्रम तलमाथि भइरहेको छ । जाडोमा जाडो थपिनु र गर्मीमा झन् गर्मी हुनु वास्तवमै खतराको संकेत हो । यसो हुँदा खेतीपाती र कृषि उत्पादनमा धेरै चुनौती तथा जटिलता थपिने गर्दछन् भने जलवायुमा आएको परिवर्तनले मौसममा पनि ठूलो परिवर्तन ल्याइदिएको छ ।

त्यस्तो परिवर्तन बढ्दो गतिमा छ । मौसममा आएको परिवर्तन हेर्दा लामो खडेरी र बाली, विरूवा तथा जीवजन्तुको विनास, अति वृष्टिका कारण बाढी-पहिरो, कटान र डुवान, अप्रत्याशित हिमपात तथा तुषारो र चिसो वा अप्रत्यासित गर्मी आदि मुख्य छन् । यी आदि कारणले संसारकै र मुख्यतः नेपालजस्तो भौगोलिक विकटता र अत्यन्त जटिल भू-धरातल भएका मुलुकको कृषि कर्म र कृषि उत्पादनमा ज्यादै जटिल चुनौतिहरू थपिन गएका छन् । यसले गर्दा दिगो विकासका लक्ष्य प्राप्तिसमेत चुनौतिपूर्ण छन् । यिनै विषयहरू र यस्तो अवस्थामा कृषि कर्ममा विशेष ध्यान दिनु पर्ने कुराबारे यहाँ चर्चा गरिएको छ ।

जलवायु परिवर्तनका मुख्य कारण

वायुमण्डलमा रहेका केही ग्याँसहरूमा सूर्यका विकीरणहरू अर्थात् सौर्यताप समातेर/पकडेर राख्न सक्ने क्षमता हुन्छ । त्यस्ता ग्याँसहरू

* कृषि तथा पशुपन्छी विकास मन्त्रालयको एक आयोजनामा यूएनडीपीको प्राविधिक सहायता तर्फबाट प्रविधि प्रसार विशेषज्ञ

वायुमण्डलमा बढ्दै जाँदा पृथ्वीमा सौर्यताप बढ्ने हुन्छ । त्यस्ता ग्याँसहरूलाई हरित गृह ग्याँस भनिन्छ ।

हरित गृह ग्याँसहरूमा कार्बनडाई अक्साइड, मिथेन, नाइट्रस अक्साइड, ओजोन, ल्कोरोफ्लुरो कार्वन (CFC), हाइड्रोफ्लुरो कार्वन, सल्फर हेग्जाफ्लोराइड आदि मुख्य छन् । यिनै हरित गृह ग्याँस वायुमण्डलमा बढ्दै गएकाले पृथ्वीको तातोपना क्रमशः बढ्दै गएको छ । जसले जलवायु परिवर्तनको गतिसमेत बढ्दै गएको हो ।

यी हरित गृह ग्याँसको उत्सर्जन बढाउने कार्य वा पक्षहरूमा कलकारखाना, आणविक भट्टी, यातायातका साधनहरू, चिस्याउने तथा तताउने उपकरणहरू, रासायनिक मल, विषादी, पशुपन्छी, कृषिकर्म तथा मानव मलमुत्र आदि मुख्य छन् । यिनै कुराबाट वातावरण वा वायुमण्डलमा माथि उल्लेखित हरित गृह ग्याँसहरू उत्सर्जन हुँदै गएका छन् । जलवायु परिवर्तनको गतिलाई झन् तीव्र बनाउदै लगेको छ । ती ग्याँसमध्ये मिथेन र कार्बनडाई अक्साइड सबभन्दा बढी दरमा बढ्दै गएका छन् भने जलवायु परिवर्तनका लागि सबभन्दा बढी भूमिका खेलेका छन् ।

जलवायु परिवर्तनले पार्दै गएको असर

अब जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा के कस्ता असर देखिएका छन् र भोलि के कस्ता असरहरू थपिन सक्लान् भन्नेबारे छोटो चर्चा गरौं,

१. मौसममा गढबढी र पानीको उपलब्धतामा कमी

एकातर्फ हाम्रो हिमाली क्षेत्रमा हिउँ पर्न निकै कम भएको छ भने अर्कोतर्फ हिउँदमा पर्नुपर्ने हिउँ चैत, वैशाखमा पर्न थालेको छ । हिउँदमा हिउँ पर्दा सो हिउँ छिटो नपग्लने र पग्लने क्रम बिस्तारै हुने हुँदा हिमाली क्षेत्रबाट पानी जमिनभित्र प्रशस्त रिचार्ज हुन पाउने भएरै हिमक्षेत्रका मूल तथा खोलानाला बाह्रै महिना निरन्तर चल्ने गरेका छन् । तर वैशाख-जेठमा हिउँ पर्दा सो हिउँ छिट्टै पग्लने र हिउँ पग्लेको पानी जमिनमुनि छिर्नुभन्दा सतहबाटै बगेर वा बाढी बनेर जाने क्रम बढी हुन्छ । एवं रितले हिउँको पानी जमिनमुनि छिरेर जाने क्रम घट्दै जाँदा हाम्रा मूल र खोलानालामा पानीको मात्रा घट्दै जाने हुन्छ ।

मूल र खोलानालामा पानीको स्रोत नै घटेपछि हिजोका सदाबहार खोला र खोल्साहरू सुख्खायाममा सुक्ने कुरा स्वाभाविक हुन्छ । यो क्रम बढ्दै जाँदा हालका हाम्रा बाह्रै महिना पानी बग्ने खोला र नदीहरू सुख्खायाममा पूरै सुक्न सक्दछन् । अब हामी कल्पना गरौं त हाम्रो चमेलिया, भेरी, बबई, राप्ती, सेती, मादी, बुढीगण्डकी, मस्याङ्गदी, त्रिशुली, इन्द्रावती, सुनकोशी, तामाकोशी, लिखु आदि नदी सुख्खायाममा पूरै सुक्न गए भने के होला ? यो कल्पना मात्र होइन, पाँच दशक अघि सुख्खायाममा ती नदीहरूमा बग्ने पानीको मात्रा र अहिलेको सुख्खायाममा बग्ने पानीको मात्रा तुलना गर्दा थाहा हुन्छ कि यो छोटो अवधि मै सुख्खायाममा यी नदीहरूमा पानीको मात्रा कति कम भइसकेको छ ?

यसैगरी, खानेपानीका स्रोतहरू जस्तै कुवा, धारा, इनार आदिमा पानीको मात्रा घटेको वा कतिपय ठाउँमा पूरै सुकेको अवस्था पनि छ । साना खोला, खोल्सा, तलाउ र पोखरीहरूमा पनि सुख्खा याममा पानी ज्यादै घट्ने गरेको वा पूरै सुक्ने गरेको पनि पाइएको छ । यस्ता खानेपानी लगायतका पानीका स्रोतहरू घट्नाले वा पूरै सुक्नाले ग्रामीण जनजीवन कष्टकर बन्दै गएको छ र त्यसै कारणले कतिपय गाउँबाट बसाई सर्नेको ताँती पनि बढ्दै गएको छ । त्यस्तै, भूमिगत पानीको सतह पनि घट्दो छ जसले गर्दा कतिपय पहिलेका स्यालो ट्यूब-वेलमा पानी आउन छाडेको छ, हातेकलहरू सुकेका छन् र यस्ता समस्याहरू थपिँदै गएका छन् । यी आदि नकारात्मक असरहरू जलवायु परिवर्तनकै कारण भएको बुझिन्छ । तिनीहरू दिन-परदिन बढ्दै गएका छन् ।

२. कृषि उत्पादनमा असर

जलवायु परिवर्तनका क्रममा तापक्रम एकनासले बढ्ने मात्रै भए हाम्रा सामू फरक चुनौति खडा हुन्थे । तर तापक्रम बढी भएको बेला झन्

जलवायु परिवर्तनका क्रममा तापक्रम एकनासले बढ्ने मात्रै भए हाम्रा सामू फरक चुनौति खडा हुन्थे । तर तापक्रम बढी भएको बेला झन् बढी हुने र जाडो भएको बेला झन् बढी जाडो हुने, हिउँदको मुख्य जाडोका दिन आउनुअघि नै झ्वाट्ट तापक्रम घट्ने र ज्यादै जाडो हुने, मुख्य जाडो सकिएको निकै दिनपछि फेरि झ्वाट्ट तापक्रम घट्ने र ज्यादै जाडो हुने जसले गर्दा मंसिर-पुसमा नपरेको हिउँ चैत, वैशाखमा पर्ने, लामो खडेरी पर्ने, पानी पर्दा मुसलधारे वर्षा हुने, ज्यादै खण्डवृष्टि हुने, असिनाको समस्या बढ्नेजस्ता परिस्थिति सिर्जना भएका छन् र यस्ता समस्या बढ्दो गतिमा देखिएका छन् । जलवायुमा आएको यस प्रकारको उतार चढावले कृषि क्षेत्रमा ठूलो समस्या खडा गरिदिएको छ ।

• • •

एक आंकडाअनुसार, शीतोष्ण क्षेत्रको तापक्रम प्रतिवर्ष ०.०६° सेल्सियसका दरले र उष्ण क्षेत्रको तापक्रम ०.०३° सेल्सियसका दरले बढ्दैछ । १९७० को मध्यपछि तापक्रममा वृद्धि हुँदै गएको कुरा पक्का भयो जहाँ सन् १९७५ देखि २००६ को ३१ वर्षको अवधिमा १.८° सेल्सियस तापक्रम बढेको पाइयो (मल्ल, २००८) । आँकडा अन्य अध्ययनहरूमा पनि पाइएको छ ।

बढी हुने र जाडो भएको बेला झन् बढी जाडो हुने, हिउँदको मुख्य जाडोका दिन आउनुअघि नै झ्वाट्ट तापक्रम घट्ने र ज्यादै जाडो हुने, मुख्य जाडो सकिएको निकै दिनपछि फेरि झ्वाट्ट तापक्रम घट्ने र ज्यादै जाडो हुने जसले गर्दा मंसिर-पुसमा नपरेको हिउँ चैत, वैशाखमा पर्ने, लामो खडेरी पर्ने, पानी पर्दा मुसलधारे वर्षा हुने, ज्यादै खण्डवृष्टि हुने, असिनाको समस्या बढ्नेजस्ता परिस्थिति सिर्जना भएका छन् र यस्ता समस्या बढ्दो गतिमा देखिएका छन् । जलवायुमा आएको यस प्रकारको उतार चढावले कृषि क्षेत्रमा ठूलो समस्या खडा गरिदिएको छ ।

क्रमशः बढ्दै गएको तापक्रमले पार्ने गरेको असरलाई पहिलो समस्याका रूपमा लिन सकिन्छ । यो क्रमशः बढ्दो तापक्रम बढी जाडो क्षेत्र जस्तै उत्तरी तथा दक्षिणी गोलार्द्धका ध्रुवीय क्षेत्र र उच्च पहाडी तथा हिमाली क्षेत्रमा बढी परेको छ । जसले गर्दा शीतोष्ण फलफूल मुख्यतः स्याउ खेतीमा यसले टड्कारो असर परिसकेको छ । स्याउका बोटहरूमा फूल फुल्न बोटहरूले निश्चित समयको चिसो तापक्रम (Chilling hour) पाउनै पर्छ ।

यस्तो चिसो तापक्रम ७° सेल्सियसभन्दा तलको तापक्रमलाई मात्र गणना गरिने र बढी चिसो तापक्रम चाहिने (High Chilling Requirement) स्याउका जातहरूका लागि चिसो तापक्रम भएको हिउँदको कूल समय १२०० घण्टाभन्दा बढी हुनुपर्दछ । सो नभएमा स्याउ बगैंचामा फल नलाग्न सक्छ । पहिले राम्रै स्याउ फल्ने गरेका कीर्तिपुर, हेलम्बु, बैतडीको सतबाँज, सुर्खेतको रानीमत्ता लगायतका ठाउँमा हाल स्याउ नफल्नु वा निकै कम फल्नु वा फलको गुणस्तर खस्कनुमा एउटा मुख्य कारण तापक्रममा आएको वृद्धि हुन सक्दछ । पहिले स्याउको राम्रो उत्पादन हुने गरेको ठाउँमा उत्पादन घट्न थालेको, रोगकीराको प्रकोप बढ्न थालेको र फलको स्वादमा कमी आउन थालेको पाइएको छ । स्याउ बाहेकका अन्य शीतोष्ण वर्गका फलफूलहरूमा पनि यस्तै प्रकारको असर पर्न थालेको देखिन्छ ।

जलवायु परिवर्तनको कृषि उत्पादनमा असरका कुरा गर्दा बालीबिरूवाको आन्तरिक संरचना (Crop Physiology) र ताफक्रमले त्यसलाई पार्ने असरका बारेमा पनि सम्झना गर्नैपर्ने हुन्छ । स्याउ लगायतका शीतोष्ण वर्गका फलफूलको कोपिला लाग्ने र फूल फुल्ने प्रकृयामा तापक्रमको महत्वपूर्ण भूमिका हुने कुरा माथि नै उल्लेख गरियो । त्यस सन्दर्भमा अर्को कुरा, हिउँदको जाडो याम सकिएर तापक्रम बढ्न थालेपछि स्याउका बोटहरूमा कोपिला लाग्ने र पातहरू पलाउन थाल्ने हुन्छ ।

यसरी कोपिला लागेको र पात पलाउन थालेको केही दिनमै फूल फुल्न थाल्दछ । फूल फुल्न थालेपछि फेरि एक्कासि तापक्रममा ज्यादै गिरावट आएमा परागकण मर्न जाने र फूलहरूमा परागसेचन हुन नसकी फल लाग्न नसक्ने वा ज्यादै कम लाग्ने पनि हुनसक्छ । यस्तो क्रम निकै वर्ष चल्दै जाँदा स्याउका बोटहरूमा वर्ष बिराएर मात्र फल लाग्ने वा फल नै नलाग्ने हुन सक्ने हो कि भन्ने आशंका पनि गर्न सकिन्छ ।

जलवायु परिवर्तनले अन्य बालीनालीको खेती तथा तिनको उत्पादकत्वमा पनि प्रत्यक्ष प्रभाव पार्न थालेको छ । तल्लो तथा मध्य पहाडमा असारमा धान रोप्नुपर्छ भनेर जेठको सुरुदेखि धानको ब्याड राख्ने गरिन्छ भने तराईमा जेठको अन्त्यदेखि मात्र ब्याड राख्न थालिन्छ । प्रशस्त झरीवर्षा हुने अर्थात् मनसुन सुरु हुने र धान रोप्नु पर्ने जेठको अन्तिमसम्म पनि थोरै मात्रामा समेत पानी नपर्ने र सुख्खा खडेरीले वर्षे बाली डढ्ने, धानको बेर्ना ब्याडमै डढ्ने र अलिपछि मुसलधारे वर्षाले बाढीपहिरो र डाँडापाखा नै बगाउने विकराल अवस्था सिर्जना हुने गरेको छ ।

यसरी कहिले मुसलधारे वर्षा छ त कहिले कल्पनै गर्न नसकिने लामो

क्रमशः बढ्दै गएको तापक्रमले पार्ने गरेको असरलाई पहिलो समस्याका रूपमा लिन सकिन्छ । यो क्रमशः बढ्दो तापक्रम बढी जाडो क्षेत्र जस्तै उत्तरी तथा दक्षिणी गोलार्द्धका ध्रुवीय क्षेत्र र उच्च पहाडी तथा हिमाली क्षेत्रमा बढी परेको छ । जसले गर्दा शीतोष्ण फलफूल मुख्यतः स्याउ खेतीमा यसले टड्कारो असर परिसकेको छ ।

बिगारेको छ त कहिले सुख्खा एवं तातो हावाले । यी आदि कारणले गर्दा कृषि कर्म ज्यादै कठिन बन्दै गएको छ, बालीनालीको उत्पादकत्व बढाउन वा कायम राख्न असम्भव प्रायः भएको छ । मौसम तथा जलवायुको गढबडीले गर्दा बालीनालीका विभिन्न रोग तथा कीराहरूको प्रकोप पनि बढ्दो छ । यी सबै कारणले भोकमरीको अन्त्य गर्ने, खाद्यसुरक्षा तथा उन्नत पोषण हासिल गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्नेजस्ता दिगो विकास लक्ष प्राप्त गर्न थप चुनौतिको सामना गर्नुपर्ने भएको छ ।

३. परिवर्तनको असर कम गर्न गर्नु पर्ने सुधार

पृथ्वीमा आइसकेको र आउँदै गरेको जलवायु परिवर्तनलाई रोक्न वा उल्ट्याउन सकिने सम्भावना छैन । उचित प्रयास गरेमा यो परिवर्तनको गतिलाई केही कम गर्न सकिन्छ । यो एक दुई देशका २/४ लाख जनताको प्रयासले मात्र सम्भव हुने कुरा पनि होइन । संसारभरका करोडौं मानिस जसले विलासी जीवन ज्यून वातावरण दूषित गर्ने साधन तथा सामग्रीहरूको व्यापक प्रयोग गरेका छन् । तिनीहरू सबैले विलासी जीवनशैली छोडेर सादा जीवनयापन गर्न थालेमा, विश्व प्रदूषण गर्ने आणविक भट्टी, हातहतियार, क्षेप्यास्त्र, बम-वारूद आदि बनाउन र प्रयोग गर्न छोडेमा, रासायनिक मल र रासायनिक विषादीको प्रयोग छोडेमा, प्लाष्टिकजन्य सामग्रीहरू उत्पादन गर्न र प्रयोग गर्न छोडी यी सबैमा सुधार गर्न सकेमा निश्चय नै जलवायु परिवर्तनको गतिलाई कम गर्न सकिन्छ । मानिसले अपनाएका विलासी जीवनशैलीलाई परिवर्तन गरी सादा जीवनयापन गर्ने भन्ने कुरा अहिले सम्भव देखिँदैन ।

यस्तो अवस्थामा यो जलवायु परिवर्तनका असरहरूलाई हामीले कसरी आत्मसात गर्ने, परिवर्तित अवस्था सुहाउँदा नयाँ विधि, प्रविधि तथा उपायहरूको कसरी विकास गर्ने र हामीसँग भएका सीमित स्रोत साधनहरूलाई कसरी मितव्ययी प्रयोग गर्ने जसले गर्दा जलवायु परिवर्तनले ल्याएका नकारात्मक असरहरूसँग लड्दै बालीनालीको उत्पादकत्व बढाउन वा कायम राख्न सकियोस् भन्ने कुरा प्रमुख हो । यसका लागि हामीले धेरै कुराहरूमा विचार पुऱ्याउनु पर्दछ, त्यसमध्ये केही मुख्य कुराहरू तल उल्लेख गरिएको छ :

● सिँचाइमा व्यापक बिस्तार र पानीको मितव्ययी प्रयोग

वर्षाको पानीलगायत पानी संकलन, संरक्षण र मितव्ययी प्रयोगका लागि कृषि विकासमा संलग्न सबै संस्था तथा निकाय लाग्नुपर्दछ । वर्षाको पानी जहाँ जति सकिन्छ त्यति संकलन गर्ने र त्यसको मितव्ययी प्रयोग गर्ने काम के किसान, के सहकारी, के गाउँ/नगर पालिका, के गैर सरकारी संस्था, के कृषि विकासमा संलग्न कृषि ज्ञान केन्द्र, पशु सेवा/विकास कार्यालय, भू-संरक्षण कार्यालय, वन कार्यालय, सिँचाइ कार्यालय आदि सबैको ठोस वार्षिक कार्यक्रम बन्नुपर्छ ।

वर्षाको पानी संकलन र प्रयोग गर्ने विषय पालिका, प्रदेश तथा केन्द्र सरकारको प्राथमिकतामा पर्नुपर्छ, जसले गर्दा सरदर १० रोपनी खेती गरिने जमिनबराबर एक रोपनी जमिनमा वर्षाको पानी संकलन गर्ने काम गर्नै परोस् । कृषि-वनसँग सम्वद्ध सरकारी वा गैरसरकारी निकायले आफ्नो वार्षिक कार्यक्रममा वर्षाको पानी संकलन गर्ने कार्यक्रम समावेश गर्नै परोस् ।

यस्तो पानी संकलन गर्ने काम आकाशबाट सोझै परेको पानी संकलन गर्ने होस् वा बगेर आएको भललाई संकलन गर्ने होस् वा वर्षायाममा आउने खोला खोल्साको पानी जम्मा गर्ने होस् वा जिमाहा वा सीमसार क्षेत्रमा पानी जम्मा गर्ने काम होस् वा सानातिना मूलहरूको संरक्षण गर्दै त्यसमा वर्षाको पानीसमेत थपी साना ठूला पोखरी वा ताल तलैया बनाउने काम होस्, जहाँ जे गर्न सम्भव हुन्छ त्यो गरिहाल्ने कार्यक्रम बनाइनुपर्दछ ।

कतिपय पहाडी खोँचहरूमा सानातिना खोलानालामा समेत बाँध हाली फेवा ताल, बेगनास ताल वा रूपा ताल जस्ता ठूला ताल तलैया बनाउने काम पनि बिस्तारै गर्दै जानुपर्छ । जसबाट माछापालन गर्ने देखि लिएर सिँचाइ, जलविद्युत उत्पादन तथा पर्यटन विकासको कामसमेत गर्न सकियोस् । अब निकट भविष्य मै सिँचाइ बिनाको बालीनाली उत्पादन सम्भव नहुने देखिएको छ । त्यसैले पानीको संरक्षण र प्रयोगलाई प्रमुख कार्यक्रम बनाउन जरूरी छ ।

> **पृथ्वीमा आइसकेको र आउँदै गरेको जलवायु परिवर्तनलाई रोक्न वा उल्ट्याउन सकिने सम्भावना छैन । उचित प्रयास गरेमा यो परिवर्तनको गतिलाई केही कम गर्न सकिन्छ । यो एक दुई देशका २/४ लाख जनताको प्रयासले मात्र सम्भव हुने कुरा पनि होइन । संसारभरका करोडौं मानिस जसले विलासी जीवन ज्यून वातावरण दूषित गर्ने साधन तथा सामग्रीहरूको व्यापक प्रयोग गरेका छन् ।**

● बृहत् वृक्षारोपण, वन संरक्षण, फलफूल खेती र हरियाली प्रवर्द्धन

जलवायु परिवर्तनको असर कम गर्न वन जंगलको ठूलो महत्व छ । त्यसैले खेतीपातीले नढाकेका क्षेत्रलाई रूखविरूवा, डालेघाँस, भूइँघाँस, फलफूल वा कुनै न कुनै प्रकारको हरियालीले ढाक्न जरुरी छ, जसले गर्दा आकाशबाट पर्ने पानीले भिरालो भू-धरातललाई कमभन्दा कम क्षति पुऱ्याओस् र बढीभन्दा बढी पानी जमिनभित्र छिर्न पाएर भू-गर्भमा पानीको मात्रा बढोस् ।

यसो गर्नाले मूलहरूमा पानी घट्न पाउँदैन, सुकेका मूलहरू फेरि पलाउन् सक्छन्, मूल वा खोल्सा वा कुवाहरूमा

पानीको मात्रा बढ्दै जान्छ र त्यसले गर्दा हरियाली अझ बढ्दछ । हरियाली अझ बढ्दा पानी बढीभन्दा बढी जमिनमुनि छिर्न पाएर मूल, कुवा वा खोल्साखोल्सीहरू अझ ठूलो हुन सक्छन् । जसले गर्दा खानेपानी होस् वा सिँचाइका लागि पानीको पर्याप्तता बढ्न सक्छ । यसरी प्रशस्त रुखविरुवा हुर्काउन सक्ने हो भने तिनले हावामा रहेको कार्बनलाई सोसेर लिइदिने हुँदा जलवायु परिवर्तनको असर कम गर्नसमेत मद्धत पुग्दछ ।

• रासायनिक मल र विषादीको विकल्पमा प्राङ्गारिक खेती

रासायनिक मल र विषादीले माटोलाई कडा बनाउँदै लगेको छ, हावा र पानीलाई प्रदूषित गर्दै लगेको छ । जसले गर्दा वातावरण बिगार्न मद्दत पुऱ्याइरहेको छ भने त्यसले मानव स्वास्थ्यमा प्रतिकूल असर पारिरहेको छ ।

त्यसकारण, यी रासायनिक मल र रासायनिक विषादीको विकल्पमा प्राङ्गारिक स्रोतहरू जस्तै गोठेमल, कम्पोष्ट मल, पशुमुत्र संकलन र प्रयोग, हरियो मल, जीवाणु मल, जैविक तथा वानस्पतिक विषादीलगायत रोगकीरा व्यवस्थापनका वैकल्पिक उपायहरू प्रयोग गर्ने कामलाई सबै पालिका तथा विकास कार्यक्रमहरूले प्राथमिकता दिनु पर्ने देखिन्छ । त्यसमा पनि गोठेमल सुधार र पशुमुत्र संकलन तथा प्रयोग सबैभन्दा महत्वपूर्ण छ । जसबारे छोटकरीमा चर्चा गरिएको छ,

गोठेमल सुधार, मुत्र संकलन र बालीविरुवाका खाद्यतत्व व्यवस्थापन

हाम्रो देशमा बालीनालीको उत्पादकत्व कम हुनुका तीन महत्वपूर्ण कुरा छन् । पहिलो, सिँचाइको अभाव र सुख्खा खडेरीको प्रकोप, दोस्रो, बालीविरुवालाई आवश्यक खाद्यतत्वहरूको अभाव र तेस्रो, उपयुक्त जातका गुणस्तरयुक्त बीउको अभाव । यस हिसाबले बालीविरुवाका खाद्यतत्व व्यवस्थापनका कुराले कृषि क्षेत्रको उत्पादकत्व बढाउन दोस्रो महत्वपूर्ण भूमिका खेल्दछ ।

देशमा रासायनिक मल उत्पादन गर्ने कारखाना नहुनु, बाहिरबाट आयातित मल महंगो पर्नु र त्यो पनि बेलाबखत गुणस्तरको नपर्नु, धेरैजसो पहाडी क्षेत्रमा यातायातको सुविधा नहुनाले मलखाद ढुवानी ज्यादै महंगो पर्नु, सबैजसो पहाडी क्षेत्रमा निर्वाहमुखी कृषि प्रणाली विद्यमान रहनु, कृषि उपजले उचित बजार भाउ नपाउनु आदि कारणले घरघरमा बन्ने गोठेमल बालीविरुवाको खाद्यतत्वको मुख्य स्रोत बन्दै आएको छ । बोहरा गाउँजस्ता दुर्गम पहाडी क्षेत्रमा प्रायः रासायनिक मलको प्रयोग गरेको पाइँदैन ।

जसले गर्दा बालीनालीको उत्पादकत्व गोठेमलमा आधारित हुँदै आएको छ । त्यही गोठेमल पनि परम्परागत चलन, ज्ञानको कमी र आवश्यक जनश्रमको कमीका कारण ज्यादै कमसल गुणस्तरको बन्दै आएको छ । बालीनालीको उत्पादकत्व वृद्धिका लागि गोठेमल सुधार्न साथै मलखाद व्यवस्थापनका अन्य कुराहरूमा ध्यान दिन जरुरी छ । जुन कुरा छोटकरीमा उल्लेख गरिएको छ,

- गोबरलाई गोठबाट बाहिर निकालेपछि आफ्नो गोठको अवस्थाअनुसार खाल्डो वा थुप्रो वा अर्ध-खाल्डोमा राम्ररी मिलाएर राख्ने र त्यसमा घाम पर्न नदिने वा गोबरलाई घामबाट बचाउने,
- गोबर (गोठेमल) लाई भल, बलेनी र वर्षाको पानीबाट बचाउने,
- गाईवस्तुको मूत्रको राम्रो सदुपयोग गर्ने । प्रशस्त सोत्तर राखेमा मूत्र सोत्तरमा सोसिने हुँदा प्रशस्त सोत्तर राख्नु राम्रो हुन्छ । जसले गर्दा

खेतीपातीमा कृषकहरूको एउटा मुख्य समस्या भनेकै बालीहरू हुर्कनुको सुरुआतसँगै रोगकीराको समस्याले सताउन थाल्नु हो । केही दशकयता बाली प्रणालीको सघनता र रासायनिक मल र विषादीको प्रयोग बढ्न गएपछि रोगकीराका समस्या पनि झन् चर्को रूपमा बढ्दै गएको छ । यसले गर्दा कृषकको आम्दानीको निकै हिस्सा रोगकीरा नियन्त्रण गर्न रासायनिक विषादीको प्रयोगमा खर्च भइरहेको छ ।

मूत्रको पनि राम्रो सदुपयोग हुन्छ। तर सोत्तर प्रशस्त प्रयोग नगर्ने ठाउँ वा याममा मूत्र सदुपयोगका अन्य उपायहरू जस्तै मूत्र खाल्डो वा ड्रममा जम्मा गर्ने वा मूत्रलाई सोझै मलको खाडलमा पठाउनका लागि आवश्यक व्यवस्था मिलाउने। खाल्डो वा ड्रममा जम्मा गरिएको मूत्र पानीमा मिसाई बालीविरुवामा प्रयोग गर्ने वा मल खाडल मै मिसाई दिने वा वानस्पतिक विषादी बनाउन प्रयोग गर्ने आदि गर्न सकिन्छ।

- मल बोकेर खेतबारीमा लैजाने बेला बढी चिसो छ भने सुकाएर मात्र लैजाने चलनलाई बन्द गर्नुपर्छ। गोठमा तयार भएको मल घाममा नसुकाई बारीमा पुऱ्याउनु पर्छ। मललाई भल, वर्षा र बलेनीबाट बचाउने हो भने खेतबारीमा लैजानुअघि सुकाउन जरुरत पनि पर्दैन।
- गोठेमल खेतबारीमा पुऱ्याइसकेपछि पनि घाममा सुक्न दिनु हुँदैन। यसका लागि सकिन्छ भने खेतबारी जोत्ने दिन मै मल बोक्ने र बारीमा फिजाई जोत्ने काम गर्नुपर्छ। त्यसो गर्न सम्भव नभएमा खेतबारीमा मल ठूल-ठूला थुप्रामा राखी घामबाट बचाउन स्याउला, झारपात वा माटोले छोपेर राख्नुपर्छ र जोत्ने दिन मात्र मल माटोमा फिजाउनु पर्छ।
- जाडोका कारण हिउँदे गोठेमल राम्ररी नकुहिने र नकुहिएकै मल प्रयोग गर्ने व्यापक चलन छ। यसो गर्नाले बालीलाई छिट्टै खाद्यतत्व उपलब्ध हुन नसक्ने र खुम्रे तथा रातो कमिलाजस्ता माटामा बसेर दुःख दिने कीराहरूको समस्या पनि बढ्दछ। त्यसो हुनाले राम्ररी कुहिएको वा पाकेको मल मात्र प्रयोग गर्नु पर्ने हुन्छ।
- मल राम्ररी कुहिन नसक्ने कारणहरूमा बढी चिसो हावापानी, कुहिन बढी समय लाग्ने कडा वनस्पति जस्तै मकैको ढोड, सल्लाको पात आदि सोत्तरका रूपमा प्रयोग गर्नु, मल बनाउनका लागि उपयुक्त थुप्रो वा खाल्डोको प्रयोग नगरी मल यत्रतत्र छरिन दिनु, वर्षायामबाहेक (६/७ महिनासम्म) मल (गोबर, स्याउला, सोत्तर आदि) बढी सुख्खा हुनु र कुहिनका लागि आवश्यक चिस्यान नपाउनु आदि मुख्य छन्। यसका लागि माथि उल्लेखित उपायहरू अपनाउनुका साथै गोबर तथा स्याउला सोत्तर छिटो कुहाई गोठेमल छिटो तयार गर्न निम्न दुई कुरामा ध्यान पुऱ्याउनु पर्छ,

  (क) गोठेमलको खाल्डो वा थुप्रोलाई कालो प्लास्टिकले राम्ररी छोप्ने,

  (ख) Effective Micro-organism (EM) अर्थात् प्रभावकारी सुक्ष्म जीवाणुको प्रयोग गर्ने।

  यी दुई उपायमध्ये दुवै वा कुनै एउटा प्रयोग गर्न सकिन्छ। यी उपाय अपनाउँदा गोबर तथा स्याउला सोत्तरमा आवश्यक चिस्यान भने हुनुपर्दछ। चिस्यान कम भएमा मल थुप्रोमा पानी हाल्नुपर्ने पनि हुनसक्छ।
- गोठेमल प्रशस्त नभएमा वा घरगोठबाट टाढा रहेको खेतबारीमा त्यहीँ (खेतबारीमै) कम्पोष्ट मल बनाउनु अर्को महत्वपूर्ण कुरा हुन आउँछ। तर प्रायः कम्पोष्ट मल बनाइँदैन अर्थात् कम्पोष्ट मल बनाउने चलन भेटिँदैन बरु गोठेमललाई नै कम्पोष्ट मल भन्ने गरिन्छ। तर घरगोठबाट टाढा रहेको खेतबारीमा त्यही नै कम्पोष्ट मल बनाउन सक्ने हो भने मल बोक्ने कामको बोझ घट्ने र गोठ सार्दै थला मल्दै गर्ने झन्झट पनि नपर्ने हुन्छ। छिटो कुहिने कुनै पनि बनस्पति कुहाएर कम्पोष्ट मल बनाउन सकिन्छ। त्यस्ता बनस्पतिहरूमा बनमारा, खिर्रो, उत्तिस, कटुस, चिलाउने, तीतेपाती, असुरो आदि कुनै पनि हुनसक्छन्। त्यस्तै बालीविरुवाका अवशेष, गोडमेल गर्दा निस्केका झारपात आदि कुहाएर पनि राम्रो गुणस्तरको कम्पोष्ट बनाउन सकिन्छ। यस्ता वनस्पतिहरू कुहाइ बनाइएको कम्पोष्ट मल गोठेमलसरह वा अझ राम्रो हुन सक्छ। त्यसो हुनाले आवश्यक मात्रामा कम्पोष्ट मल बनाउन सक्ने हो भने गोठेमलको जरूरत नपर्न सक्छ। मलकै लागि गाईवस्तु पाल्ने ठाउँमा प्रशस्त कम्पोष्ट मल बनाउन सक्ने हो भने गाईवस्तु नपाले पनि हुन्छ।

माथि उल्लेखित उपायहरू अपनाउन सक्ने हो भने रासायनिक मलको प्रयोगबिनै २०/२५% सम्म बालीनालीको उत्पादकत्व बढाउन सकिन्छ। त्यसैले यस्ता प्रविधिहरूलाई व्यापक प्रसारमा लैजान जरुरी छ, जसको अधिकतम प्रयोगका लागि विपन्न किसानहरूलाई अनुदानको व्यवस्था गर्न जरुरी छ। यस्ता वातावरणमैत्री विधि तथा प्रविधिहरूलाई प्राथमिकताका साथ माध्यमिक शिक्षा तथा उच्च शिक्षामा समावेश गर्ने र थप प्रविधिहरूको विकास गर्न जैविक कृषिसम्बन्धी अनुसन्धान तथा विकास कार्यक्रममा प्राथमिकता दिन आवश्यक छ।

बाली रोगकीरा व्यवस्थापनका गैररासायनिक उपायहरूको प्रयोग

खेतीपातीमा कृषकहरूको एउटा मुख्य समस्या भनेकै बालीहरू हुर्कनुको सुरुआतसँगै रोगकीराको समस्याले सताउन थाल्नु हो। केही दशकयता बाली प्रणालीको सघनता र रासायनिक मल र विषादीको प्रयोग बढ्न गएपछि रोगकीराका समस्या पनि झन् चर्को रूपमा बढ्दै गएको छ। यसले गर्दा कृषकहरूको आम्दानीको निकै हिस्सा रोगकीरा नियन्त्रण गर्न रासायनिक विषादीको प्रयोगमा खर्च भइरहेको छ।

यसले जीवजन्तु एवं चराचुरुङ्गीको स्वास्थ्यमा असर पर्नुका साथै रोगकीरामा प्रतिरोधात्मक क्षमता बढ्नाले झन् झन् कडा विषादी छर्नु पर्ने बाध्यता सिर्जना हुँदै गएको छ। यसरी बालीबिरुवाका विनाशकारी रोगकीरा नियन्त्रणका लागि रासायनिक विषादीहरूको जथाभावी प्रयोगले जनस्वास्थ्य र वातावरणमा नकारात्मक असर पर्ने भएकाले बाली रोगकीरा व्यवस्थापनका लागि रासायनिक विषादीबाहेक निम्न विधि तथा उपायहरू प्रवर्द्धन तथा अवलम्बन गर्न जरुरी भएको छ,

- कानुनी तरिका
- भौतिक तरिका
- यान्त्रिक तरिका
- जैविक तरिका
- वानस्पतिक पदार्थको प्रयोग
- रोग अवरोधक जातहरूको प्रयोग
- रोप्ने समय तथा खेती प्रविधिमा ध्यान पुऱ्याएर रोगकीरा कम गर्ने तरिका
- रोगकीरा (शत्रुजीव) व्यवस्थापनका एकीकृत उपायहरूको प्रयोग, आदि ।

यसरी स्थानीय ठाउँको आवश्यकताअनुसार रोगकीरा (शत्रुजीव) व्यवस्थापनको उपरोक्त विधिहरू एकीकृत रूपमा प्रयोग गर्ने हो भने रासायनिक विषादीको खासै जरुरत पर्दैन । तर यी तौरतरिकाहरू ठीकसँग प्रयोग गर्न त्यसबारे पूर्ण ज्ञान हुन आवश्यक पर्दछ, जुन आफैंमा निकै जटिल र गाह्रो छ । स्थानीय तह र सम्बन्धित सबै सरोकारवालाको एकीकृत प्रयास हुने हो भने सहजै यी प्रविधिहरू प्रयोग गर्न सकिन्छ ।

४. स्थानीय तहबाट कृषि विकासमा प्राथमिकता

सानोतिनो प्रयास र लगानीबाट जलवायु परिवर्तनले कृषि क्षेत्रमा पारेका र भोलि पार्ने असरलाई थेग्न सक्ने सम्भावना छैन । त्यसैले कृषि तथा ग्रामीण विकासका सम्पूर्ण कार्यक्रमहरू एकीकृत रूपमा स्थानीय तहको अगुवाईमा सहभागितात्मक तरिकाले सञ्चालन गर्ने परिपाटी अंगाल्नु पर्छ । कृषिलाई केन्द्रमा राखी ग्रामीण विकासको समग्र योजना बनाउनु पर्दछ र त्यसका लागि कृषि क्षेत्रमा लगानी बढाउनु पनि उत्तिकै खाँचो छ । केन्द्र वा प्रदेश तहबाट कार्यक्रम बनाएर र त्यतैबाट कर्मचारी खटाई पठाइदिएर स्थानीय गाउँघरको आशातीत विकास हुन सक्दैन । त्यसैले स्थानीय तहमा काम गर्ने निम्न तथा मध्यम तहका प्राविधिक, योजनाविद्, व्यवस्थापक आदि स्थानीय सरकारद्वारा नै नियुक्ति तथा परिचालन गर्ने व्यवस्था अपनाउनु पर्छ ।

उपसंहार

मुख्यतः हरित गृह ग्याँसहरूको उत्सर्जनमा अत्याधिक वृद्धिका कारण जलवायुमा तीव्र परिवर्तन आइरहेको छ । जसमा पृथ्वीको तापक्रममा ठूलो उतारचढाव ल्याउने कुरा प्रमुख हुन्छ । तापक्रम क्रमशः बढ्ने मात्र नभई जाडो याममा कुनै बेला जाडो अझ बढ्ने र गर्मीयाममा गर्मी पनि बढ्ने हुँदा त्यसले प्राणी र वनस्पति दुवैमा ठूलो असर पार्न सक्ने देखिन्छ ।

तापक्रम क्रमशः बढ्दै जानाले प्राणी र वनस्पतिहरूको बासस्थानमा परिवर्तन हुँदै जाने र समय बित्दै जाँदा कतिपय प्राणी तथा वनस्पतिहरू लोप हुदै जानेसमेत हुन्छ । जलवायु परिवर्तनले गर्दा कृषि उत्पादनमा ठूलो समस्या खडा भइसकेको छ । यस्तो समस्यामा मुख्यतः लामो खडेरी, मुसलधारे वर्षा, अत्यन्त खण्डवृष्टि, हिउँदको मुख्य जाडो सुरु हुनुअघि चिसो क्षणहरू आइदिनु, हिउँदको मुख्य जाडो सकिएपछि वसन्त ऋतुका कुनै क्षण अत्यन्त चिसो भइदिनु आदि कारणले गर्दा कृषि उत्पादन मुख्यतः तरकारी, फलफूल र नगदेबालीहरूमा नराम्रो असर पार्न थालेको छ । कहिले लामो सुख्खा खडेरीले बाली बिगार्ने गरेको छ भने कहिले मुसलधारे वर्षा, बाढी र डुबानले बालीनाली तथा जीउधनको नोक्सान पुऱ्याउने घटना बढ्दो छ ।

जलवायु परिवर्तनका यस्ता नकारात्मक असरहरूले कृषि कर्म निकै जटिल र कठिन बन्दै गएको छ । त्यसले सर्वसाधारण किसानहरू त्यसमा पनि महिला किसानहरूको जीविकोपार्जनमा समस्या थपिएको छ । यी आदि कारणले गर्दा अब कृषि उत्पादनका परम्परागत विधि, प्रविधि तथा तरिकाहरू अपनाएर उत्पादन वृद्धि गर्न वा हालकै अवस्था कायम राख्न पनि सम्भव छैन । जलवायु परिवर्तनले गर्दा खडा गरेका र भोलि हुन सक्ने समस्याहरूलाई व्यवस्थापन गर्दै वा परिवर्तित अवस्थाअनुसार कृषि व्यवसायलाई रूपान्तरण गर्दै लैजान जरूरी छ ।

कृषि क्षेत्रमा अब लगानी बढाउनु जरूरी छ । कृषि क्षेत्रका लागि उपलब्ध सबै लगानी एकीकृत रूपमा स्थानीय तहबाट परिचालन गर्न जरूरी छ । सिँचाइका लागि पानीको स्रोत बढाउन र वर्षाको पानी संकलनलगायत जल संरक्षण, संकलन र सदुपयोगका लागि हरसम्भव सबै उपाय प्रयोगमा ल्याउनु पर्छ । रासायनिक मल र विषादीको विकल्पमा सम्भव हुने सबै उपाय अपनाई रासायनिक मल तथा विषादीको प्रयोग घटाउनु पर्छ । सम्भव भएका ठाउँमा तिनको प्रयोग बन्द गर्नुपर्छ ।

फलफूल, जडिबुटीलगायत सबै प्रकारका रूखविरूवाहरूको वृक्षारोपण बढाई डाँडापाखा, खोल्सा, कान्ला आदि सबै ठाउँलाई हरियालीले ढाक्नुपर्छ । यसका लागि छाडा चरिचरनमा पूर्ण बन्देज गरी उन्नत पशुपालनमा जानै पर्ने हुन्छ । यी आदि कुरामा राम्रो ध्यान दिँदै कृषि कर्मलाई अगाडि बढाउने हो भने जलवायु परिवर्तनका बाबजुत कृषिको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षा कायम गर्दै शून्य भोकभरीको लक्ष्य प्राप्त गर्न सजिलो पर्नेछ ।

सन्दर्भ सामग्रीहरू

Bajracharya, S.R., Pradeep K. Mool and Basanta R. Shrestha, 2007. Impact of climate change on Himalayan glaciers and glacial lakes. International Centre for Integrated Mountain Development (ICIMOD), Kathmandu.

IPCC, Inter governmental Panel on Climate Change Special Report on Emissions Scenarios retrieved June 2007.

Lohani, S.N. Climate change in Nepal – Shall we wait until bitter consequences ? Gender, Equity and Environment Division. Ministry of Agriculture and Co–operatives.

Malla, G. Climate change and its impact on Nepalese Agriculture.The Journal of Agriculture and Environment. (Volume 9, June 2008).

Pandey, R., Chhetri, M.P. 2009, Effects of climate change in Nepal : Time for policy to action. IOP Conference series. Earth and Environmental Sciences 6 (2009) 412037.

Rai, M. 2007, Climate Change and Agriculture : A Nepalese Case, Department of livestock Service, Hariharbhawan Lalitpur.

❖❖❖

दिगो विकासमा उद्यमीहरूको योगदान

पद्मा माथेमा*

पृष्ठभूमि

साधारण भाषामा उद्यमी ती व्यक्ति वा व्यक्तिहरूको समूह हो जसले पूँजी लगानीको जोखिम व्यहोरी नाफा कमाउने उद्देश्यले उद्योग तथा व्यापारको थालनी गर्छ, उद्यमीहरूले उत्पादनको भूमि, श्रम, पूँजी र अन्य सामग्रीहरूको परिचालन गरी उत्पादनमूलक कार्यक्षेत्रको विकास तथा बिस्तार गर्छ ।

विषेशगरी विकासशील देशमा पूँजी तथा प्राविधिक दक्षताको कमीले उद्यमी तथा उद्यमशिलताको स्थापना तथा विकासमा सरकारी क्षेत्र अघि बढ्नु पर्ने हुन्छ । उदाहरणका लागि नेपाल सरकारले जुट, चिनी छाला, चुरोट उद्योगहरू स्थापना गरेको छ भने उद्यमीहरूका लागि पूँजी जुटाउन नेपाल औद्योगिक विकास कर्पोरेसन कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष तथा विभिन्न वाणिज्य बैंक स्थापना गरिएका छन् । साथै सहकारी तथा वित्तीय कम्पनीहरू पनि छन् । उद्यमीहरूको विकासमा उद्यमशिलता अपरिहार्य आवश्यकता हो ।

विद्वान् अर्थशास्त्री हिगिन्सको भनाइमा Entrepreneurship means the function of seeing investment and production opportunities organizing enterprise of undertake a new production process, raising capital, hiring labour, arranging for the supply of raw material, finding a site and combining their production into a going concern, introducing new technique and selecting top managers for day to day operation. अतः उद्यमीहरू पुँजी लगानी गरी नाफा कमाउने उत्पादन कार्यमा संग्लन हुन उद्यमशिलतामा आधारित हुन्छ । उद्यमीहरूलाई सरकारी, निजी र संगठित निकायमा विभाजित गर्न सकिन्छ । यिनीहरूको योगदानले देशको ग्रार्हस्थ्य, उत्पादन वृद्धि र विकासमा अहं भूमिका खेलेको हुन्छ ।

दिगो विकासको गरिबी निवारण र भोकमरी निर्मुलीकरण गर्ने प्रमुख उद्देश्य हासिल गर्न उद्यमीहरूको विकास तथा उत्पादनले महत्वपूर्ण योगदान प्रदान गर्न सक्छ भन्ने मान्यताबाट दिगो विकासको दीर्घकालीन सोच बनेको आधारलाई पनि स्पष्ट गर्छ ।

सहस्राब्दी विकास लक्ष्य (Millennium Development Goal 2000-2015) सम्पन्न भएको लगत्तैपछि संयुक्त राष्ट्र संघबाट पारित दिगो विकास लक्ष्य कार्यान्वयनमा आएको छ । अन्य सदस्य राष्ट्रले जस्तै नेपाल सरकारबाट पनि दिगो विकास लक्ष्य (Sustainable Development Goal (SDG) 2015-2030) मा सहमति जनाई हस्ताक्षर गरेको थियो । सन् २०१६ देखि कार्यान्वयनमा आएको SDG का १७ प्रमुख लक्ष्य, १६९ परिमाणात्मक लक्ष्य र ४८९ सूचक छन् । यी प्रमुख लक्ष्यअनुसार गरिबी तथा भोकमरी निवारण गर्ने सबैलाई शिक्षा उपलब्ध गराउने, महिला सहभागिता तथा सशक्तीकरण गर्ने, बालबालिका तथा मातृ मृत्युदर कम गर्ने, एचआईभी एड्स तथा मलेरिया नियन्त्रण तथा निराकरणको वातावरणीय दिगोपन सुनिश्चित गर्ने प्रमुख लक्ष्यहरू हासिल गर्न सम्बन्धित क्षेत्रमा विभिन्न नीति तथा कार्यक्रमहरू अपनाउनु पर्ने हुन्छ ।

यस सन्दर्भमा सरकारी, निजीक्षेत्र र व्यक्तिगत उद्यमीहरूको विकास तथा बिस्तारले देशमा औद्योगिक क्षेत्रको विकास भई देशमा रोजगारी सिर्जना हुने, गार्हस्थ्य उत्पादनमा वृद्धि हुने, स्वदेशी निर्यात प्रवर्द्धन हुने, उत्पादित वस्तुहरूको आयात न्यूनीकरण गर्न सघाउ पुग्ने तथा SDG को प्रमुख लक्ष्य गरिबी निवारणमा पनि योगदान पुग्न जाने बलियो अपेक्षा गर्न सकिन्छ ।

> **“देशको अर्थतन्त्रमा उद्योग क्षेत्रको विकासका साथै उद्यमीहरूको पनि विकास भएको छ । यस क्षेत्रको विकास तथा बिस्तारको पाटोमा गम्भीर चुनौती छन् । उद्यमी बन्ने मनोबल तथा लगानीको क्षेत्र र व्यहोर्ने क्षमताको कमी, आर्थिक स्रोतमा पहुँचको कमीले गर्दा बिउ रकम जुटाउन कठिनाइ, उद्यमबाट लगानीअनुसार प्रतिफल उपलब्ध नहुनु, तालिमप्राप्त कामदारहरूको अभाव र अनुभवी कामदार अन्य उद्यमीमा पलायन हुने, उद्यम दर्ता गर्न आवश्यक कगजातहरू तथा प्रकृयामा हुने ढिलाइ, बजार व्यवस्थापनमा कठिनाइ, विज्ञापनको चर्को मूल्य, उद्यममा लगानीअनुसार नाफा उपलब्ध नहुने आदि चुनौती छन् ।”**

---

* उपाध्यक्ष, इन्लोगस

नेपाली उद्यमीहरू

परम्परागत दृष्टिकोणबाट नेपाली उद्यमीहरूको प्रारम्भमा कृषि क्षेत्रको श्रीगणेश र घरेलु तथा साना उद्योगअन्तर्गत उपक्षेत्रको उपजको परिप्रेक्ष्यमा विश्लेषण गर्न उपयुक्त देखिन्छ । खेतबारीको कामबाट फुर्सद भएपछि परालबाट सुकुल, चकटी, सानोमेच आदि बुन्ने, कपडा बुन्ने कामहरू गरिन्छ भने अवालेहरूले माटाको भाँडाकुँडा, गमला, भेगुट आदि बनाउने कार्यहरू गर्दछन् ।

यसमा निरन्तरता अझै कायम रहेको छ । यथार्थमा भन्ने हो भने उद्यमी र उद्यमशिलता नेपालीको संस्कृति नै हो । नेपाली उद्यमीहरूको विकासलाई वर्तमान अवस्थामा केलाई हेर्ने हो भने यस क्षेत्रले देशको अर्थतन्त्रको महत्वपूर्ण क्षेत्रगत खम्बाको रूपमा विकास तथा बिस्तार भइरहेको वास्तविकतालाई मान्नै पर्ने हुन्छ । यी उद्यमीमध्ये कोही कसैले व्यक्तिगत, केही समूहगत र कुनै संस्थागत रूपमा विकास भएको पाइन्छ ।

देशले कर्जा सुरक्षण निगमको स्थापना गरी प्राथमिक कर्जा सुविधा तथा सुरक्षण व्यवस्थाबाट पाँच हजार रूपैयाँबाट पनि उद्यमी बनेका छन् । यसैगरी, देशमा सञ्चालित विभिन्न सहकारी संस्थाबाट उपलव्ध कर्जा सुविधाबाट निजी तथा समूहगत उद्यमीलाई विकास तथा बिस्तारमा सघाउ पुऱ्याएको छ । यस सन्दर्भमा ग्रीन कोअपरेटिभका सदस्य तथा उनीहरूको विविध उद्योग, हस्तकला तथा मूर्तिजन्य उद्यमी, मैथली कला उद्यमीहरू उदाहरणका रूपमा लिन सकिन्छ ।

विभिन्न स्थानमा सञ्चलन हुने कमर्सियल मार्केटमा सहभागी र उद्यमीहरूले पनि यी उद्यमहरूको विकास भइरहेको वास्तविकतालाई उजागर गर्दछ । यस बजारमा बिक्रीका लागि राखिएको अर्गानिक तरकारी, चिज, चिप्स, तोफु, मह, अचार आदि उत्पादन उद्यमीहरूको लगानी रोजगारी परिश्रम तथा व्यवस्थापनको उपज हो भन्ने कुरालाई स्पष्ट गर्छ ।

नेपाली उद्यमीहरूको विकासका लागि सहयोगी संस्थाहरूको पनि स्थापना भएका छन् । देशले अपनाएको आवधिक योजनाहरूमा उद्यमीहरूका लागि नेपालको उद्योग क्षेत्रअन्तर्गत नै सहयोगात्मक नीतिहरू पनि अपनाएको छ । नेपालका उद्यमीहरू (Entrepreneurs for Nepal (E4N) ले नेपाली उद्यमीहरूलाई अवसर प्रदान गरी सम्बन्धित उद्यमीसँग सञ्जाल विकास गर्न संरचनात्मक आधार प्रदान गरेको छ भने Nepal Youth Entrepreneur Federation नेपाली युवाको सञ्जालको साझेदारी गर्ने सहयोगी संस्थाको रूपमा छ ।

यसैगरी, 'नेपालमा काम गरौं' भन्ने उद्देश्यले स्थापित अन्तरप्रेरणा सहयोगी संस्थाले संघसंस्थाहरूमा उद्यम क्षेत्रको पहिचान पूँजी व्यवस्था गर्ने कार्य गरिरहेको छ ।

उद्यमी विकासका लागि नीतिगत पक्ष

उद्यमीहरूको विकासका लागि देशले अपनाएको आवधिक योजनाहरूमा उद्योग क्षेत्रमा विकासका नीति अपनाएको छ । चौधौं योजना २०७३/०७४-२०७५/०७६ को उद्योग क्षेत्रको नीतिअन्तर्गत उद्यमीसम्बन्धी नीति उल्लेख गरिएको छ । जसअनुसार, औद्योगिक क्षेत्रको विकास र बिस्तारबाट रोजगारीमा वृद्धि, निर्यात सम्बर्द्धन र आयात प्रतिस्थापन गरी राष्ट्रिय अर्थतन्त्रको वृद्धि गर्ने लक्ष्य छ । स्थानीय स्रोत एवं सीपको उपयोग गरी लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योगको स्थापना र सञ्चालनलाई प्रभावकारी बनाउने रणनीति छ भने गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रमलाई मुलुकभर बिस्तार गर्न कार्यान्वयन गर्ने निकाय तथा सहयोगी निकायहरूको समन्वय क्षमता विकास गर्दै लग्ने कार्यनीति छ । चौधौं योजना अवधिमा थप २७५ ठूला र २७५ मझौला, ६० हजार घरेलु तथा साना ६३ हजार लघु उद्यमी सृजना भई उद्योग क्षेत्रमा थप ५ लाख २३ हजार रोजगारी सिर्जना हुने लक्ष्य राखिएको छ ।

उद्यमीहरूको विकासका चुनौतीहरू

देशको अर्थतन्त्रमा क्रमिक विकासमा उद्योग क्षेत्रको विकासको साथै उद्यमीहरूको पनि विकास भएको छ । यस क्षेत्रको विकास तथा बिस्तारको पाटोमा गम्भीर चुनौती पनि देखिएका छन् । उद्यमी बन्ने मनोबल तथा लगानीको क्षेत्र र व्यहोर्ने क्षमताको कमी, आर्थिक स्रोतमा पहुँचको कमीले गर्दा बिउ रकम जुटाउन कठिनाइ, उद्यमबाट लगानीअनुसार प्रतिफल उपलब्ध नहुनु, तालिम प्राप्त कामदारहरूको अभाव र अनुभवी कामदार अन्य उद्यमहरूमा पलायन हुने, उद्यम दर्ता गर्न आवश्यक कागजातहरू तथा प्रकृयामा हुने ढिलाइ, बजार व्यवस्थापनमा कठिनाइ, विज्ञापनको चर्को मूल्य, उद्यममा लगानीअनुसार नाफा उपलव्धमा जोखिम आदि चुनौती छन् ।

अवसरहरू

नेपालको संविधानको भाग ३ मा मौलिक हक र कर्तव्यले आफू खुसी स्वरोजगार हुन अपनाउने मौलिक अधिकारको व्यवस्था गरेको छ । साथै यस्तै भाग ४ मा राज्यका निर्देशित सिद्धान्तले पनि आफ्नो रोजगार सञ्चालन गर्ने उपयुक्त नीति अपनाई देशमा औद्योगिक विकासको वातावरण सृजना गर्ने रहेको छ ।

सोहीअनुसार, उद्यमी क्षेत्रको विकासमा प्रोत्साहनमूलक वातावरण सृजना हुनु, उद्यमीहरूको मनोबल वृद्धि भई नयाँ नयाँ उद्यमहरूको पहिचान हुनु, सरकारी तथा निजी क्षेत्रबाट विभिन्न उद्यम व्यवसायमा तालिम कार्यक्रमहरू सञ्चालन भएका छन् । बैंक तथा वित्तीय संस्थाहरूबाट सुलभ ऋणको व्यवस्थाहरू, सहकारी संस्थाहरूको विकासबाट सानातिना ऋणहरू उपलव्ध हुनु, उद्यमीहरूको उत्पादनका लागि बजार बिस्तार हुनु, सञ्चार माध्यमको विकास तथा बिस्तारले मोवाइल तथा अनलाइन बजारको व्यवस्था हुनु तथा विषयगत उद्यमी मेला प्रदर्शनी तथा बजार कार्यक्रमहरू सञ्चालन हुनु, स्वदेशी उत्पादनका आकर्षण बढ्नु, चाँदीका सामान, हस्तकला, मूर्तिकला, काष्ठकलाहरूमा वैदेशिक बजारको माग बढ्नु आदि उद्यमीहरूको विकास तथा बिस्तारका अवसरहरू हुन् ।

उद्यमीहरूको विकासका लागि उपनाउनु पर्ने सुझावहरू

- देशमा विद्यमान उद्यमीहरूको राष्ट्रिय, संघीय तथा स्थानीय स्तरमा गणना गरी उद्यमी क्षेत्रमा विवरण अद्यावधिक गर्ने ।
- राष्ट्रिय उद्यमी नीति तर्जुमा गरी देशमा आर्थिक तथा उद्योग क्षेत्रको विकासमा सघाउ पुऱ्याउने ।
- पुँजीगत तथा कार्यगतबीच आर्थिक स्रोतको व्यवस्था गर्ने, राष्ट्र बैंकबाट उपयुक्त लगानी नीति तर्जुमा तथा कार्यान्वयन गर्ने, यस सम्बन्धमा विकास बैंक, वाणिज्य बैंक, तथा अन्य वित्तीय संस्थाहरूको लगानी नीतिलाई उत्साहवर्द्धक तथा प्रभावकारी बनाउने ।
- लगानीकर्ताहरूको लगानी नडुबोस् र उत्पादनमूलक तथा प्रतिस्पर्धा बढाउन उद्यमी संरक्षण नीति उपनाउने र यस सन्दर्भमा आयात निर्यात नीतिमा उपयुक्त परिमार्जन गर्ने ।
- औद्योगिक उत्पादन उद्यमीहरूको योगदान हो भन्ने भावना विकास गर्ने ।
- नेपालमा गरिबी निवारण कार्यक्रमअन्तर्गत उद्यमी विकास क्षेत्रलाई देशभर बिस्तार गर्ने र उद्यमी तथा कामदारको क्षमता विकासको लागि तालिम, भ्रमण कार्यक्रम सञ्चालन गर्ने ।
- उद्यम क्षेत्रको विकासका लागि उद्यम दर्तादेखि बहिर्गमनसम्मको प्रकृयालाई सरलीकरण र उद्यम परियोजनाको कार्यक्रमअनुसार उद्यम सञ्चालन गर्ने प्रकृया अपनाउने ।
- उद्यमलाई आवश्यक कच्चा पदार्थ विद्युत, कर्जा, बाटो पूर्वाधारमा सबिस्तार गर्ने ।
- उद्यमीहरूले लिएको ऋण सम्बन्धित क्षेत्रमै लगानी भए नभएको, उत्पादनमा वृद्धि आदिलाई प्रभावकारी बनाई खराब ऋणलाई दुरुत्साहन गर्ने, सम्बन्धित विभिन्न संस्थाहरूले अनुगमन तथा मूल्यांकन व्यवस्थालाई निरन्तरता दिने र प्रभावकारी बनाउने ।
- उद्यमी व्यवसायलाई समयसापेक्ष विकास गर्न अनुसन्धान तथा विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने ।

देशको वर्तमान संघीय व्यवस्थाअनुसार, स्थानीय सरकारको समग्र सामाजिक तथा आर्थिक विकासका लागि उद्यम, उद्यमशिलता तथा उद्यमीहरूको विकास तथा बिस्तार नै स्थानीय उद्योग क्षेत्रको विकास अवधारणाको रूपमा स्वीकार्नु पर्ने हुन्छ । पशुपालन व्यवसाय, कृषि उपजसम्बन्धी उद्यमहरू, ढुंगा, काठ तथा फलाम आदिबाट बनाइने मूर्ति, औजार तथा अन्य विविध सामान स्थानीय उद्यममा उद्यमीहरूले जोखिम लिएर नाफा कमाई जीविकोपार्जन गर्ने व्यवसाय हुन् ।

ती उद्यमीहरूले स्थानीय तहबाट मात्र नभई राष्ट्रिय तहमै पहिचान बनाएको छ । उदाहरणका लागि पाल्पाको करूवा र ढाका, भक्तपुरको भादगाउँले टोपीलाई लिन सकिन्छ । अतः यी उद्यमीहरूलाई सानो पूँजी लगानी गरी व्यवसायलाई नाफामूलक, सुरक्षित गुणस्तरीय उत्पादन आदिका लागि स्थानीय स्तरमा उद्यमी नीति कार्य नीति तर्जुमा गरी उद्यमीको जोखिम व्यहोर्न क्षमता परिचालन गरी स्थानीय रोजगार सिर्जना, बजार व्यवस्था आदिको संरचनागत विकास गर्नु स्थानीय सरकारको उत्तरदायित्वको कार्य रहेकाले यी उद्यमीहरूलाई स्थानीय सरकारको विकासको साझेदारी निकायका रूपमा रहेको आत्मसात गर्ने आवश्यकतालाई स्पष्ट हुन्छ । यसबाट स्थानीय सरकारलाई SDG को लक्ष्य हासिल गर्न पनि सघाउ पुऱ्याउन सक्ने हुन्छ ।

निष्कर्ष

देश विकासका लागि उद्योग क्षेत्रको विकासमा उद्यमीहरूले अहं भूमिका खेलेको हुन्छ । नेपाली उद्यमीहरूको विकासमा भएका चुनौतीलाई केलाउँदा अवसरहरूमा भइरहेको प्रगति वा चुनौती सामना गर्ने वातावरण सिर्जना गरेको छ । विकास बैंक, वाणिज्य बैंक तथा सहकारी संस्थाहरू ग्रामीण क्षेत्रसम्म पहुँच पुऱ्याउने बैंकिङ नीति सडक यातायातको विकास तथा बिस्तार, विद्युत आपूर्तिमा भएको निरन्तरता, उद्यमीहरूको विकासका लागि पूर्वाधारजस्ता विषय उद्यमीका लागि सकारात्मक पक्षहरू हुन् ।

यसका साथै उद्यमीहरूको पहिचान, कार्यक्षेत्र, व्यहोर्नुपर्ने चुनौतीहरूबारे विभिन्न पत्रपत्रिका, जर्नलमा प्रकाशन हुने लेख तथा व्यक्ति पहिचान, टेलिभिजनबाट प्रसारण हुने उद्यमी कार्यक्रमहरूले पनि देशको उद्यमी विकासमा महत्वपूर्ण जानकारी दिएको पाइन्छ । काठमाडौं पोष्टमा प्रकाशन हुने उद्यमीसम्बन्धी विभिन्न प्रकाशनलाई लिन सकिन्छ । उपयुक्त उद्यमी नीति आवश्यक पूँजीको व्यवस्था तथा तालिम प्राप्त जनशक्ति तथा आयात प्रतिस्थापन नीति नै उद्यमीहरूको विकास तथा उद्यमशिलताको आवश्यकता हो ।

दिगो विकास लक्ष्यमा सरकारले प्रतिवद्धता जनाई सन् २०३० सम्ममा देशलाई विकासोन्मुख देशमा स्तरोन्नती गर्न उद्यमीहरूको विकासलाई पूर्वाधार क्षेत्रको रूपमा मान्यता दिई राष्ट्रिय अर्थतन्त्रको सञ्जालमा समेट्नु पर्दछ । यस सन्दर्भमा देशको संघीय व्यवस्थाअनुसार केन्द्रीय प्रदेशको साथै स्थानीय सरकार तहसम्मको औद्योगिक क्षेत्रको विकासका लागि उद्यमीहरूलाई सशक्त तथा सबलीकरण गर्न विशेष नीति, रणनीति तथा कार्यक्रमहरू अपनाउनु स्थानीय विकासका लागि पूर्वाधार क्षेत्रमा उपनाउन बलियो सकारात्मक अपेक्षा गर्न सकिन्छ ।

सन्दर्भ सामग्री

१. Entrepreneurs in Nepal : An Empirical Study, Dr. Phatta Bahadur K.C.

२. The Constitution of Nepal 2015, The Government of Nepal

३. चौधौं योजना आ.व. २०७३।०७४-२०७५।०७६, नेपाल सरकार, राष्ट्रिय योजना आयोग

४. Sustainable Goals and Indicators, UN

५. Young Entrepreneurs Shares Empirical of Starting Business in Nepal

६. National Review of Sustainable Development Goals, Government of Nepal, National Planning Commission, Singhdurbar, Kathmandu

❖❖❖

वातावरणमैत्री हरित सडकमा दिगो विकास

रविन्द्रनाथ अधिकारी*

दिगो विकास लक्ष्यले सन् २०३० सम्ममा अति गरिबीमा रहेकाको संख्या शून्यमा झार्ने, गरिबीको अवस्थाबाट नागरिकलाई उन्मुक्ति दिलाउने, गरिब तथा जोखिमपूर्ण अवस्थामा रहेका नागरिकलाई आर्थिक, सामाजिक तथा वातावरणीय पीडा तथा दैवी प्रकोप एवं जलवायु सम्बन्धित विपत्बाट जोगिन सक्ने गरी सक्षम तुल्याउने उद्देश्य राखेको छ । दिगो विकास लक्ष्यको आठौं उद्देश्य सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, पूर्णकालको तथा उत्पादनमुखी रोजगारी उल्लेख गरिएको छ । यसका लागि मुलुकको आर्थिक वृद्धिदर कम्तिमा सात प्रतिशत हुनु पर्ने देखिन्छ । यसै गरी यसको नवौं उद्देश्यमा मुलुकको आर्थिक विकास हासिल गर्न आवश्यक उपयोगी पूर्वाधारहरू विकास गर्ने रहेको छ । हरित सडकको अवधारणाले दिगो विकास लक्ष्यले राखेका गरिबी निवारण, स्थानीय तहमा हुने आर्थिक सुदृढीकरण, वातावरण संरक्षण तथा सामाजिक समता कायम गर्न मद्दत गर्दछ ।

भाववात्मक

नेपालमा राष्ट्रिय वा ग्रामीण सडक निर्माण गर्दा प्रयोगमा ल्याइने ठूला निर्माण औजार (डोजर, रोलर आदि) को प्रयोगले संवेदनशील हाम्रा पहाडी भू-भागको वातावरणमा पर्ने प्रभाव र त्यसबाट मुलुकभर पर्ने भौगोलिक, आर्थिक तथा सामाजिक असरले गर्दा यस्ता संरचनाहरू दिगो रूपले प्रयोग गर्न वा आर्थिक रूपले लाभदायी वनाउन कठिन भएको छ । तत्कालीन आवश्यकता पूर्ती गर्न परम्परागत प्रविधि अपनाइ गाउँघरमा मोटर पुऱ्याउने उद्देश्यले हतार हतार निर्माण भएका धेरै सडक बाढी, पहिरो तथा भू-क्षयका कारण मर्मतको अभावमा प्रयोगमा आउन सकेको पाइँदैन ।

सडक निर्माणका बखत खनेको माटो अव्यवस्थित रूपले भिरालो भागतिर मिल्काउनु, बिस्फोटक पदार्थको प्रयोग हुनु तथा स्थानीय जैविक प्रणालीको संरक्षणप्रति ध्यान नपुऱ्याउनुले गर्दा परम्परागत प्रविधि अपनाई सडक निर्माण गर्नाले स्थानीय आर्थिक सामाजिक स्तरमा सुधार हुन्छ भन्ने अवस्था छैन । यिनै समस्यालाई ध्यानमा राखी मुलुकमा करिब तीन दशकअघि सुरु गरिएको हरित सडक निर्माणबाट हुने दीर्घकालीन भौगोलिक, आर्थिक, सामाजिक तथा वातावरणीय लाभबारे यस लेखमा संक्षेपमा प्रष्ट्याउन खोजिएको छ । मुलुकले अपनाएको संघीय गणतन्त्रात्मक शासन व्यवस्था अन्तर्गत हरित सडक निर्माण प्रकृया सबै प्रदेश तथा स्थानीय तहका सरकारहरूले आ-आफ्ना क्षेत्रका प्राकृतिक संरक्षण तथा गरिबी निवारणका लागि अपनाउनु आवश्यक ठानी यो लेख प्रस्तुत गरिएको छ ।

पृष्ठभूमि

नेपालमा सन् १९८० को दशक देखि भौगर्भिक रूपले संवेदनशील पहाडी तथा हिमाली भू-भागमा ग्रामीण सडक निर्माण गर्दा स्थानीय भौगोलिक अवस्था, विद्यमान आर्थिक तथा सामाजिक संरचना तथा सडकले ल्याउने परिवर्तन समेत विचार गरी वातावरणमैत्री, जनश्रममा आधारित, जनसहभागितात्मक, थोरै पुँजीमा बन्ने सडकको अवधारणा विकास भई निर्माण कार्य सुरु भएको हो ।

ग्रामीण सडक संगठनात्मक रूपले सर्वप्रथम स्वीस तथा जर्मन सरकारको आर्थिक एवं प्राविधिक सहयोगमा पाल्पा जिल्लामा सुरु गरिएको हो । यसरी बनाइने ग्रामीण सडकमा उपभोक्ता समूह मार्फत स्थानीय समुदायको सहभागिता, समुदायबाट हुने आर्थिक सहयोग, बाह्यबाट हुने प्राविधिक तथा व्यवस्थापन सहयोग, निर्मित सडकको सञ्चालन तथा मर्मत सम्भार व्यवस्था सबै एकीकृत रूपमा सञ्चालन गरिन्छ । यसरी एकीकृत रूपमा सञ्चालन गरी निर्माण गरिने ग्रामीण मोटर बाटोलाई हरित सडक भन्ने गरियो ।

गृह मन्त्रालयबाट प्रकाशित नेपाल विपद् प्रतिवेदन २०१७ अनुसार नेपाल विभिन्न प्रकारका प्राकृतिक तथा मानव सिर्जित प्रकोपहरूबाट ग्रसित छ । नेपालको कूल जनसंख्याको ८० प्रतिशतभन्दा बढी जनसंख्या बाढी, पहिरो, हावाहुरी, असिना, आगलागी, भूकम्प तथा हिमताल बिष्फोटजस्ता प्रकोपहरूको जोखिममा छन् । नेपाल विश्वमा २०औं विपद् संकटापन्न राष्ट्रमा पर्दछ । त्यसका अतिरिक्त नेपाल भौगर्भिक रूपले उच्च जोखिममा रहेका कारण जुनसुकै बेला जान सक्ने

* कार्य समिति सदस्य, इन्लोगस

प्रलयकारी भूकम्पको उच्च जोखिममा पनि छ। विश्वव्यापी रूपमा भूकम्पीय जोखिमका दृष्टिले नेपाल ११औं तथा जलवायु परिवर्तनको जोखिमका दृष्टिले चौथो स्थानमा सूचीकृत छ। यस दृष्टिबाट पनि वातावरण मैत्री सडक संरचना हाम्रा लागि अति आवश्यक देखिन्छ। यस परिप्रेक्षमा पनि नेपालमा निर्माण हुने कुनै पनि विकासे आयोजनाहरूको जोखिम पक्ष हेरिनु अति आवश्यक पर्छ।

हरित सडक निर्माण प्रकृयाले आजको हाम्रो सडक सञ्जालको आवश्यकता पूर्ति गर्न सक्छ वा सक्दैन भन्ने विषय प्रायः छलफल हुने गरेको पाइन्छ। तर नेपालको खासगरी पहाडी तथा हिमाली भागको अस्थिर भौगर्भिक तथा भौतिक बनावटमा बिस्फोटक पदार्थ तथा ठूला औजारहरूको प्रयोग गरी परम्परागत रूपमा बनाइने सडक खर्चका दृष्टिले महंगो हुने तथा दिगो रूपमा सञ्चालन हुन नसक्ने हुँदा राष्ट्रिय विकासमा यस्ता सडकको योगदान आशातीत रूपमा पाइएको छैन। स्थानीय आर्थिक गतिविधिसँग तालमेल मिलाउँदै स्थानीय स्तरमा रोजगार सिर्जना गर्दै क्रमिक रूपले त्यस क्षेत्रको आर्थिक गतिविधि वृद्धि गर्दै बनाइने वातावरणमैत्री सडक निर्माण कार्यले स्थानीय जनताको निर्मित सडकमा स्वमित्व हुने र दीर्घकाल सम्म लगानीको प्रतिफल प्राप्त हुँदा हरित सडक अवधारणालाई स्थानीय सरकारले अपनाउनु जरुरी देखिन्छ।

दिगो विकासका केही पक्ष

दिगो विकास भन्नाले मानव विकासका लागि आवश्यक पुँजी तथा सामाजिक व्यवस्थाका आधारभूत संरचनाका (प्राकृतिक, वातावरणीय तथा मानवीय) विद्यमान अवस्था तथा क्षमतालाई कायम गर्दै विकासका लक्ष्यहरू हासिल गर्न सञ्चालन गरिने संगठनात्मक कार्यलाई जनाउँछ। दिगो विकासको अपेक्षित परिणाम भनेको प्राकृतिक अस्तित्व तथा यसको निरन्तरतामा खलल नहुने गरी मानव जातिले आवश्यकता पूर्तिका लागि गरिने कार्यबाट प्राप्त परिणामलाई जनाउँछ (बुण्डलेन्ट प्रतिवेदन)। यसरी हेर्दा, दिगो विकासका लागि मानवीय आवश्यकता,

प्राकृतिक संरचना तथा वातावरणबीच तालमेल हुनु जरुरी पर्दछ। हरित सडकको अवधारणाले यी तीनवटै पक्ष (मानवीय, प्राकृतिक तथा वातावरणीय) लाई सन्तुलित रूपमा अघि बढाउन खोजेको छ।

दिगो विकास लक्ष्यले सन् २०३० सम्ममा अति गरिबीमा रहेकाको संख्या शून्यमा झार्ने, गरिबीको अवस्थाबाट नागरिकलाई उन्मुक्ति दिलाउने, गरिब तथा जोखिमपूर्ण अवस्थामा रहेका नागरिकलाई आर्थिक, सामाजिक तथा वातावरणीय पीडा तथा दैवी प्रकोप एवं जलवायु सम्बन्धित विपतबाट जोगिन सक्ने गरी सक्षम तुल्याउने उद्देश्य राखेको छ। दिगो विकास लक्ष्यको आठौं उद्देश्य सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, पूर्णकालको तथा उत्पादनमुखी रोजगारी उल्लेख गरिएको छ। यसका लागि मुलुकको आर्थिक वृद्धिदर कम्तिमा सात प्रतिशत हुनु पर्ने देखिन्छ। यसै गरी यसको नवौं उद्देश्यमा मुलुकको आर्थिक विकास हासिल गर्न आवश्यक उपयोगी पूर्वाधारहरू विकास गर्ने रहेको छ। हरित सडकको अवधारणाले दिगो विकास लक्ष्यले राखेका गरिबी निवारण, स्थानीय तहमा हुने आर्थिक सुदृढीकरण, वातावरण संरक्षण तथा सामाजिक समता कायम गर्न मद्दत गर्दछ।

हरित सडकको महत्व

ग्रामीण क्षेत्रका आर्थिक तथा सामाजिक विकासमा यातायात पूर्वाधारले महत्वपूर्ण भूमिका खेल्छ। यस्ता यातायात संरचना मध्ये हाम्रा गाउँघरका लागि मोटरबाटो नै सबैभन्दा महत्वपूर्ण मानिने भएकाले यातायात सेवाभन्दा हामी प्रायः मोटरबाटो नै बुझ्ने गर्दछौं। भौगोलिक रूपले करिब ७७ प्रतिशत भू-भाग पहाड र हिमाली क्षेत्रमा पर्ने नेपालका अधिकांश क्षेत्र चलायमान चट्टानमाथि रहेका हिमाल, पहाड, उपत्यका तथा नदीहरू पर्दछन्। यस्तो संवेदनशील भौगर्भिक क्षेत्रमा सडक यातायातका सञ्जाल खडा गर्ने काम वातावरणका दृष्टिले चुनौतिपूर्ण हुन्छ। मुलुकको आर्थिक सामाजिक विकासका लागि एकातिर सडक यातायातको अति जरुरी पर्दछ भने अर्कोतर्फ वातावरण संरक्षण गर्दै दिगो सडक निर्माण गर्ने काम पनि त्यतिकै महत्वपूर्ण हुन्छ।

नेपालमा गरिबी निवारण तथा गुणस्तरीय सामाजिक सेवामा सर्वसाधारणको पहुँचका लागि सडक यातायात निर्माण, वातावरण संरक्षण तथा अन्य विकास योजना साथसाथै बढाउनु पर्दछ। त्यसैले गरिबी निवारण, सामाजिक सेवाप्रति सहज पहुँच, वातावरण संरक्षण तथा भौतिक पूर्वाधार विकास कार्यलाई अलग अलग नहेरी एकअर्काको पूरकका रूपमा समष्टिगत तवरले हेरिनुपर्छ। यहाँ भौतिक पूर्वाधारभन्दा हामीले विशेषगरी ग्रामीण (हरित) सडक निर्माणलाई लिएका छौं।

नेपालमा २०७२/७३ सम्म २९ हजार किलोमिटर सडक चालु अवस्थामा रहेको पाइन्छ। स्थानीय तहमा निर्माण

गृह मन्त्रालयबाट प्रकाशित नेपाल विपद् प्रतिवेदन २०१७ अनुसार नेपाल विभिन्न प्रकारका प्राकृतिक तथा मानव सिर्जित प्रकोपहरूबाट ग्रसित छ । नेपालको कूल जनसंख्याको ८० प्रतिशतभन्दा बढी जनसंख्या बाढी, पहिरो, हावाहुरी, असिना, आगलागी, भूकम्प तथा हिमताल बिष्फोटजस्ता प्रकोपहरूको जोखिममा छ ।

भएका ५३ हजार किलोमिटरमध्ये करिब २९ हजार किलोमिटर सञ्चालनमा रहे पनि जम्मा करिब १७ हजार किलोमिटर (चौधौं योजना) सडक बाह्रै महिना गाडी चल्ने खालका छन् (दिगो विकास लक्ष्य, रा.यो.आ. जुन, २०१७)। स्थानीय तहमा बनेका अधिकांश सडकमा हिउँदमा मात्र गाडी चल्ने र कतिपयमा वर्षैभरि गाडी चल्न नसक्ने अवस्था रहेको पाइन्छ ।

मुलुकमा हाल प्रतिवर्ग किलोमिटर ०.४४ किलोमिटर सडक भएकोमा सन् २०३० सम्ममा १.५० किलोमिटर प्रतिवर्ग किलोमिटर सडक बनाउने लक्ष्य सहस्राब्दी विकासको उद्देश्य छ। हाल निर्मित तर वर्षैभरि वा हाल चालु गर्न नसकिएका सडकको स्तर वृद्धि गरी प्रयोगमा ल्याउने तथा नयाँ सडक निर्माण गर्ने बृहत् उद्देश्य दिगो विकास लक्ष्यले लिएको छ। यसै लक्ष्यलाई पूर्ति गर्न मुलुकमा बृहत् रूपमा वातावरणमैत्री, रोजगार मूलक तथा ग्रामीण आर्थिक तथा सामाजिक विकासमा सघाउ पुऱ्याउने दिगो सडक सञ्जाल खडा गर्नु जरुरी छ ।

नेपालमा कठिन भौगोलिक अवस्थाका कारण सडक निर्माण खर्चिलो हुनु, बनेका सडकको मर्मत सम्भार तथा संरक्षणका लागि आवश्यक रकमको अभाव हुनु, स्थानीय जनताको उच्च प्राथमिकता क्रममा सडक निर्माण पर्नु, छरिएर रहेका बस्तीमा अव्यवस्थित रूपले सडक विस्तार हुनु, प्राकृतिक प्रकोप एवं जलवायु परिवर्तनका पक्षलाई सडक निर्माण गर्दा व्यावहारिक रूपमा कम ध्यान दिनु, स्थानीय भौगोलिक स्थिति तथा वातावरण अध्ययन प्रतिवेदनहरूले कम प्राथमिकता पाउनु, निर्माण प्रकृया एवं निर्माता तथा समुदाय बीच समन्वयको अभाव हुनुजस्ता विषय ग्रामीण सडक निर्माणका प्रमुख समस्याका रूपमा रहँदै आएको १४औं योजनाले पहिचान गरेको छ ।

कुनै पनि ग्रामीण क्षेत्रमा व्यापार, विद्युत्, सञ्चार, स्वास्थ्य, शिक्षाजस्ता आधारभूत आर्थिक सामाजिक विकासमा सडक पूर्वाधारले महत्वपूर्ण भूमिका खेल्दछ। त्यसैले भोलिको आर्थिक सामाजिक विकासका लागि आज सडकमा लगानी गर्नु अति आवश्यक ठानिएको छ। तर प्राप्त तथ्यांक अनुसार मुलुकमा लगानी भएका ५३ हजार किलोमिटर सडकमध्ये ३० प्रतिशतमा मात्र बाह्रै महिना गाडी चल्न सक्ने हुनु, करिब ४० प्रतिशत मौसमी बाटो (दिगो विकास लक्ष्य, रा.यो.आ. जुन, २०१७) हुनाले स्थानीय तहमा लगानी भएका रकमको पूर्ण उपयोग हुन नसकेको प्रष्ट हुन्छ। यसमा स्थानीय तहमा स्थानीय स्रोत र साधनको प्रयोगबाट निर्माणाधीन सडकको तथ्यांक समावेश भएको छैन। स्थानीय तहको विकास प्राथमिकतामा सडक निर्माण एक नम्बरमा पर्ने भएकाले यसरि लगानी भएर उपयोगमा नआएका सडकको एकमुष्ट रकम निकै ठूलो संख्यामा हुनसक्ने अनुमान गर्न सकिन्छ।

नेपालको हिमाली भाग अत्यन्त सक्रिय तथा चलायमान भौगर्भिक चट्टानले बनेको छ। यसकारण यहाँ भूक्षयको दर पनि धेरै हुने संम्भावना रहन्छ। हाम्रा पहाडका भूबनोट तथा भूगर्भ तथा अनियन्त्रित तवरले हुने जमिनको प्रयोगको कारण भूक्षय तथा पहिरोको सम्भावना पनि धेरै हुन्छ। यस्तो भौगर्भिक अवस्थामा दिगो रूपमा सडक निर्माण कार्य चुनौतिपूर्ण हुन्छ। त्यसमा पनि स्थानीय तहमा विस्तृत भौगर्भिक अध्ययन बिना डोजर, रोलर तथा बिस्फोटक पदार्थको प्रयोग गरी निर्मित ग्रामीण सडकले त्यस क्षेत्रको विकास भन्दा विनाशलाई बढी निम्त्याउने प्रस्ट छ।

वातावरणमैत्री पूर्वाधार विकास कार्यहरूमध्ये नेपाल जस्तो भौगोलिक रूपले संवेदनशील मुलुकमा विभिन्न दुर्गम क्षेत्रहरू जोड्ने सडकले प्रमुख प्राथमिकता पाउँदै आएका छन्। त्यसैले ग्रामीण सडक निर्माण गर्दा स्थानीय भौगोलिक बनावट, वातावरण संरक्षण, गरिबीको अवस्था तथा निर्मित सडकको मर्मत सम्भार कार्यबीच सन्तुलन कायम गर्दै प्याकेजका रूपमा सञ्चालन गर्नु जरुरी हुन्छ ।

अर्थ व्यवस्थाका धेरै महत्वपूर्ण सूचक जस्तो, व्यापार, विद्युत, सञ्चार, शिक्षा, स्वास्थ्य आदिका विकास सडकसित सम्बन्धित हुन्छन्। त्यसैले गरिबी निवारणका लागि सडक अति आवश्यक भए पनि सडक निर्माणपछि हुनसक्ने भूक्षय, बाढी पहिरो, वनजंगल विनाश, खेतीयोग्य माटोको क्षय आदिले सडक निर्माण भए पनि स्थानीय तहमा गरिबीको मात्रा वृद्धि हुनसक्ने सम्भावना बढी देखिन्छ। त्यसैले सडक निर्माणका नकारात्मक प्रभाव कम गर्न वा हटाउन हरित सडकको अवधारणा अपनाउनु उचित ठहरिएको छ ।

यसरी बन्ने हरित सडकले वातावरणमैत्री निर्माण प्रविधि अपनाएको हुनु पर्दछ र सहभागितात्मक तथा विकेन्द्रित प्रणालीका साथै स्थानीय स्रोत साधनको यथाशक्य प्रयोग, स्थानीय जनताको क्षमता वृद्धि र आत्मनिर्भर भावनाको विकास स्थानीय स्तरमा हुने भएकाले हरित सडक निर्माण अन्य परम्परागत प्रचलित सडक निर्माणका तौरतरिका भन्दा निकै फरकको हुन्छ ।

जनसहभागितामा आधारित सडक निर्माण

पृथ्वी राजमार्ग निर्माण गर्दा धादिङ जिल्लाका महेश खोला र त्रिशुली नदीलाई समाउँदै पोखरा पुग्ने बाटो बनाएको चिनियाँ प्रविधि देखेर धादिङवासीले २०३२ सालमा धादिङवेशी देखि थोपल खोलालाई समाउँदै मलेखु सम्म करिब २० किलोमिटर सडक बाह्य सहयोगबिनै सहभागितात्मक उपाय अपनाएर श्रमदानद्वारा चार वर्ष लगाएर बाटो खन्ने काम सम्पन्न गरे। वर्षामा खेतीको

काम गर्ने र हिउँदमा खेतको काम नहुँदा सडक खन्ने गर्दा कृषकलाई श्रमदान गर्दा मर्का पनि नपर्ने गरी बाटो सम्पन्न भइ ट्याक्टर चल्न थालेको करिब ३० वर्षपछि सडकको स्तर बढाउने, मलेखुमा पुल बन्ने र पिच गर्ने कार्य सम्पन्न भयो । सोही बाटो आज बाह्रै महिना गाडी चल्ने र धादिङ सदरमुकाम जोड्ने प्रमुख बाटो भएको छ । जनसहभागितामा बनेको यो सडक वातारणमैत्री सडकका रूपमा आज उदाहरणीय छ । (*Study on the effectiveness on investment in Malekhu-Dhading Read Project, Dr. Madhu K. Dahal, et al, June 2003, CEDECON)*

जनसहभागितात्मक मोटर सडक निर्माण कार्य वास्तवमा पाल्पामा स्वीस तथा जर्मन सरकारको प्राविधिक तथा आर्थिक सहयोग अन्तर्गत १९८६ मा (हरेराम श्रेष्ठ) सञ्चालनमा आएको हो । यसरी सहभागितात्मक सहयोग सडक निर्माण गर्दा सामुदायिक सहभागिता, बाह्य आर्थिक तथा प्राविधिक सहयोग, व्यवस्थापन र निर्माण, सडक सञ्चालन तथा सम्भारको व्यवस्था एक प्याकेजको रूपमा लिइएको थियो ।

यसरी दिगो रूपमा सडक निर्माण गर्न आवश्यक प्राविधिक अध्ययन, जनसहभागितात्मक श्रममा आधारित सडक निर्माण प्रविधिको प्रयोग, वातावरणमैत्री निर्माण प्रकृया, निर्माणपछि सडक सञ्चालन तथा मर्मत सम्भारका प्रावधानलाई एकीकृत रूपमा सञ्चालन गरी निर्माण गरिने अवाधारणालाई पहिलोपटक हरित सडकको नामाकरण गरियो । यस अवधारणाका निम्नः विषेशता छन् :

गरिबी निवारणका लागि सडक अति आवश्यक भए पनि सडक निर्माणपछि हुनसक्ने भूक्षय, बाढी पहिरो, वनजंगल विनाश, खेतीयोग्य माटोको क्षय आदिले सडक निर्माण भए पनि स्थानीय तहमा गरिबीको मात्रा वृद्धि हुनसक्ने सम्भावना बढी देखिन्छ ।

(१) पहाड तथा हिमालका संवेदनशील वातावरणलाई खासगरी हरियाली क्षेत्रको बचाउ गर्दै माटो संरक्षण गर्नु,

(२) निर्माणका बेला स्थानीय बासिन्दालाई गैरकृषि क्षेत्रमा रोजगार उपलब्ध गराई तिनको आर्थिक अवस्थामा सुधार ल्याउन सहयोग गर्नु,

(३) स्थानीय स्रोत र साधनका साथै उपलब्ध साधारण प्रविधिको अधिकतम प्रयोग गर्नु,

(४) योजना तर्जुमा देखि कार्यान्वयनका प्रत्येक चरणमा तथा मर्मत सम्भार सम्म स्थानीय उपभोक्ताको सकृय सहभागिता हुनु,

(५) उच्च स्तरको उपयुक्त प्रविधि स्थानीय तहमा हस्तान्तरण हुनु,

(६) विष्फोटक पदार्थ, डोजर, रोलरजस्ता वस्तु तथा मेसिनको प्रयोग नगर्नु ।

हाम्रो देशमा विभिन्न दातृसंस्थाका आर्थिक प्राविधिक सहयोगमा हरित सडक वा ग्रामीण सडक वा कृषि सडकका नाममा आ-आफ्नै विधि र प्रकृया अपनाई वातावरणमैत्री तथा सहभागिता मूलक सडक वनाउने नाममा गाडी चल्ने वा गोरेटो बाटो बनाउने क्रम जारी छ । निर्माणाधीन धेरैजसो यस्ता सडकका आ-आफ्नै कार्यशैली भए पनि कुनै न कुनै रूपमा जनसहभागिता भएको पाइन्छ । पाल्पा, धादिङ र गोर्खामा सन् १९८० को दसकमा स्विस तथा जर्मन सरकारको आर्थिक प्राविधिक सहयोगमा सञ्चालन भएका हरित सडक निर्माणमा स्विस सरकारको अलावा एसियाली विकास बैंक, विश्व बैंक, डीएफआईडी, विश्व खाद्य कार्यक्रम, संयुक्त राष्ट्र संघको सामुदायिक विकास कार्यक्रम पनि संलग्न भएका छन् ।

हरित सडकका विशेषता

हरित सडक निर्माण मुख्य रूपमा वातावरणीय दिगोपना, स्थानीय समुदायको आर्थिक सामाजिक स्तरोन्नति, दिगो आर्थिक विकास जस्ता तीन प्रमुख अवधारणामा आधारित छ ।

१. वातावरणीय दिगोपना

यसले प्राविधिक पक्षलाई बढी समेट्दछ । यस अन्तर्गत ६ वटा सूचकांकलाई विचार गरिन्छ । जसमध्ये वातावरण मूल्यांकन, न्यूनतम भिरालो कटाई तथा हरियाली संरक्षण, माटो संरक्षण, वातावरणमैत्री निर्माण तरिका, उपयुक्त पानीढलको व्यवस्था तथा जैविक इन्जिनियरिङ पर्छन् ।

१.१ वातावरण मूल्यांकन

सडक निर्माण कार्ययोजना तर्जुमा गर्दा वातावरण संरक्षणको पक्षमा विशेष रूपले ध्यान नपुऱ्याएमा वा छिटो निर्माण कार्य सक्ने विचार गरेमा सडक निर्माण कार्यले स्थानीय वातावरणमा ठूलो प्रभाव पार्न सक्दछ । भिरालो जमिन स्थिर हुन नसक्नु, बीच सडकबाट पानी बग्नु र हरियाली मासिँदै जानु सडक निर्माण गर्दा वातावरणमा पर्ने नकारात्मक प्रभाव हुन् । यसका लागि वातावरण मूल्यांकन गर्दा प्रस्तावित सडक वरिपारिका बासिन्दालाई सडकबाट हुन सक्ने वातावरणीय प्रभावबारे सजग तुल्याउने र यसलाई कम गर्न अपनाउनु पर्ने उपायबारे स्थानीय समुदायलाई जानकारी गराउनु पर्दछ ।

त्यसैले कुनै पनि हरित सडक निर्माण गर्नुपूर्व वातावरण प्रभाव मूल्यांकन अध्ययन गर्नु र सोबाट स्थानीय बासिन्दालाई सजग गराउनु अति आवश्यक ठानिन्छ । वातावरण सम्बन्धी यस्ता अध्ययनले वातावरण सम्बन्धमा सडक क्षेत्र विद्यमान अवस्था, सडकले वातावरणमा पार्ने सकारात्मक तथा नकारात्मक पक्षको विश्लेषण, नकारात्मक प्रभाव न्यूनीकरण वा हटाउन गर्नुपर्ने कार्य सम्बन्धी उपयुक्त सिफारिस लगायत कार्यान्वयनका लागि आवश्यक आर्थिक तथा सामाजिक योजना समेत समावेश भएको हुनुपर्छ ।

१.२ न्यूनतम भिरालो कटाइ तथा हरियाली संरक्षण

परम्परागत सडक निर्माण गर्दा भिरालो जमिन काटेर भीरमुन्तिर अव्यवस्थित रूपले माटो फ्याँक्ने गरिन्छ । यसो गर्दा एकतिर निर्मित सडकका लागि आवश्यक माटोको नोक्सान हुने र अर्कोतर्फ फ्याँकिएको माटोले भिरालो तलको हरियालीमा नोक्सान पुऱ्याउने गर्दछ । हरित सडकमा यसरी माथि काटिएको माटोलाई तल भिरालोमा

नखसाली निर्माण गरिएको बाटोमै बिछ्याउने वा भिरालोपट्टि टेवा पर्खाल लगाउन प्रयोग गरिन्छ । बाटोमा पर्ने रुखहरू सडक निर्माणको अन्तिम चरणमा मात्र काटिन्छन् । वरिपरिका स्थानीय बोटविरुवा माटोले नपुरी जैविक इन्जिनियरिङका लागि प्रयोग गरिन्छन् ।

१.३ माटो संरक्षण

परम्परागत रूपले बाटो बनाउँदा प्रयोग गरिने डोजर तथा अन्य ठूला साधन (Heavy Equipment) को प्रयोगले माटो काटेर तल भिरालो जमिनमा फ्याँक्ने गरिन्छ । यसबाट माटो बगेर जाने, बाटोको भिरालोपट्टि हरियाली नोक्सान हुने तथा पहिरोका संभावना बढी हुने गर्दछ । यसका लागि श्रमयुक्त प्रविधिको प्रयोग गरी माटो संरक्षणका लागि विशेष व्यवस्थापन गर्ने र भिरालोपट्टि सकेसम्म कम असर पर्ने गरी माटोको व्यवस्थापन गरी पहिरो जान सक्ने सम्भावनालाई न्यूनीकरण वा शून्य वनाउनु पर्दछ ।

१.४ वातावरणमैत्री निर्माण तरिका

हरित सडक निर्माण गर्दा वातावरण संरक्षणलाई उच्च प्राथमिकता दिइन्छ । यसका लागि सडक निर्माण कार्य विभिन्न चरणमा सम्पन्न गर्नुपर्छ । चरणवद्ध रूपमा सडक निर्माण गर्दा हाम्रो जस्ता कमजोर पहाडहरूको संरक्षणमा निकै मद्दत पुग्दछ । भूक्षय वा माटो बग्ने कार्य रोक्न त्यस्ता सम्भाव्य स्थानहरूमा विशेष निर्माण प्रकृया अपनाउनु पर्दछ । चरणवद्धमा हुने निर्माण कार्यले स्थानीय जैविक वातावरण तथा तिनको संरक्षणका लागि गर्नुपर्ने स्थानीय उपाय तथा उपलब्ध प्राकृतिक स्रोतबाट जानकारी हासिल गर्न पनि मद्दत पुग्छ । श्रमशक्तिको प्रयोगले ठूला ठूला मेसिनको प्रयोगबाट वातावरणमा हुने क्षति कम वा शून्य गर्न सकिन्छ ।

१.५ पानीको उपयुक्त व्यवस्थापन

यस व्यवस्था अन्तर्गत निर्माणाधीन सडकमा पानी जम्न वा बीचबाट पानी बग्न रोकिनेछ र सडकको माथिल्लो भागबाट बग्ने पानीलाई तल भिरालो पट्टि व्यवस्थित रूपमा बगाउने गरिन्छ । यसका लागि निर्माण गरिएको सडक थोरै भिरालोपट्टि ढल्काइएको हुनुपर्छ ।

१.६ बायो इन्जिनियरिङ

बायो इन्जिनियरिङ भनेको बोटविरुवाको प्रयोगद्वारा सडकको माटो बग्न नदिनु हो । त्यसैले हरित सडक निर्माण विधिमा बायोइन्जिनियरिङलाई वातावरण संरक्षणको एक प्रमुख अंगको रूपमा लिने गरिन्छ । यस प्रविधि अन्तर्गत सडक निर्माण गर्दा सकेसम्म जैविक सम्पदाको नास नगर्ने र नयाँ ठाउँहरूमा बोटविरुवा लगाउँदै जाने गरिन्छ । सडकको माटोमा स्थिरता ल्याउन स्थानीय जनसहभागिता जुटाई स्थानीयका आयआर्जन हुने खालका बोटविरुवा (बाँस, निगालो) लगाई माटो बग्ने वा पहिरो रोक्ने कार्य यसमा गरिन्छ ।

२. समुदायमा पर्ने दीर्घकालीन आर्थिक-सामाजिक प्रभाव

हरित सडक निर्माण प्रकृया अन्तर्गत समुदायमा विकेन्द्रीकरण तथा सहभागितात्मक प्रणालीको विकास गर्ने स्थानीय क्षमता अभिवृद्धि एवं सामाजिक समता तथा लैंगिक समानताको भावना जगाउने र गरिबी निवारण गर्ने कार्यहरू पर्दछन् ।

२.१ रोजगार सिर्जना तथा गरिबी निवारण

धेरैजसो गरिब मानिस बस्ने नेपालको ग्रामीण क्षेत्रमा श्रममा आधारित हरित सडक जस्तो विकास निर्माण कार्य गर्दा स्थानीय गरिब जनताले प्रत्यक्ष रूपमा फाइदा पाउँछन् । अध्ययन अनुसार, बिस्फोटक पदार्थ तथा डोजरको प्रयोग गरी एक घण्टामा तयार पार्न सकिने सडक एकजना मानिसको श्रम लगाएमा १५ दिनमा सोही काम गर्न सकिन्छ । अर्थात् परम्परागत रूपमा एक घण्टामा डोजरले बन्ने सडकमा १५ जना मानिसले एक दिन काम पाउँछन् ।

अर्थात् दिनको आठ घण्टा परम्परागत रूपमा काम हुँदा एक सय २० श्रमिकले एक दिन काम पाउँछन् । डोजरको हिसाब गर्दा एक डोजरको मूल्य करिब एक लाख २० हजार श्रमिक दिन बराबर हुने गर्दछ (मुल्मी) । सरसर्ती हेर्दा डोजर किन्दा हामीले एक लाख २० हजार गरिब मनिसको एक दिनको रोजगार खोसेका हुन्छौं । त्यसैले हरित सडक अवधारणा अन्तर्गत स्थानीय स्तरमा जनसहभागिता जुटाई श्रममा आधारित सडक निर्माण कार्यको थालनी गर्नु नै हो । यसले गर्दा स्थानीय जनतामा सडक प्रति आत्मीयताका साथै अपनत्वको भावना समेत जाग्दछ । यस्तो भावनाले सडक मर्मतका लागि सहज वातावरण सिर्जना हुन सक्दछ ।

श्रममूलक प्रविधि अपनाई स्थानीय बासिन्दाले गैरकृषि कार्यको रोजगारीबाट वृद्धि भएको आम्दानी प्रायः कृषिमै लगानी हुने र यसबाट कृषि उत्पादन वृद्धि भई स्थानीय कृषकको आर्थिक वृद्धिदरमा सुधार हुने सम्भावना प्रवल देखिन्छ । एक अर्को अध्ययनअनुसार, एक किलोमिटर हरित सडक निर्माण गर्न १२ हजार श्रमिक आवश्यक पर्दछ । यसरी सडक बनाउँदा लाग्ने कूल खर्चको ६५ प्रतिशत रकम श्रमिकका लागि खर्च हुने गर्दछ (शर्मा तथा मास्के) ।

स्थानीय श्रमिकका यस्ता आम्दानीबाट ग्रामीण क्षेत्रमा नयाँ आर्थिक गतिविधिका सम्भावना पनि देखा पर्छन् । कामका लागि खाद्यान्न (WFP) कार्यक्रम अन्तर्गत श्रममा आधारित सडक निर्माण गर्दा मुलुकका विभिन्न भागमा खाद्यान्न संकटबाट स्थानीयलाई मुक्ति दिलाउनुका साथै तिनलाई आत्मनिर्भर तुल्याउन समेत मद्दत पुऱ्याएको पाइएको छ । (Food for work Report, WFP)

२.२ विकेन्द्रीकरण तथा सहभागितात्मक उपाय

हरित सडक निर्माण गर्दा निर्माण परियोजनाका सबै तहमा विकेन्द्रीकरण रणनीति अपनाउनु पर्दछ । सडक निर्माणसम्बन्धी योजना तयार पार्दा, निर्माण गर्दा तथा मर्मत सम्भार गर्दा समेत स्थानीय पदाधिकारी, सरोकारवाला तथा उपभोक्ताको सहभागिता भएको हुनुपर्छ । उपभोक्ताहरू आफैं योजना छान्न, सडकको रेखांकन, श्रम व्यवस्थापन, उपभोक्ता समूह गठन, श्रोत वितरण तथा उपयोग सम्बन्धमा निर्णय तहको छलफलमा भाग लिने प्रावधान हुनुपर्छ ।

जिल्ला यातायात गुरुयोजना अनुरूप नै सडक बन्ने हुँदा यसमा स्थानीय जनप्रतिनिधि तथा राष्ट्रिय स्तरबाट पनि सहयोग हुने गर्दछ । हरित सडक निर्माणका हरेक चरणमा विभिन्न तहमा कार्यरत पदाधिकारी, विज्ञ तथा स्थानीय समुदायका प्रतिनिधिबीच समन्वयात्मक गतिविधि अति आवश्यक पर्दछ । सहभागितात्मक हरित सडक निर्माण कार्यमा सामाजिक परिचालन कार्यले महत्वपूर्ण भूमिका खेल्दछ । प्रायः यस्ता सडक निर्माणमा स्थानीय गैरसरकारी संस्थाहरूलाई सामाजिक परिचालकका रूपमा प्रयोग गरिन्छ ।

२.३ स्थानीय स्तरमा हुने क्षमता विकास

स्थानीय स्तरमा हुने सीप विकास कार्यक्रम हरित सडकको एक अभिन्न अंग हो । निर्माणाधीन सडकप्रति आत्मीयता तथा अपनत्व बढाउन स्थानीय समाजिक परिचालकको प्रमुख भूमिका रहन्छ । यस्ता सामाजिक परिचालकले समूह बचत तथा ऋण कार्यक्रम सञ्चालन, गैरपरम्परागत खेती प्रणालीको प्रवर्द्धन तथा गैरकृषि आयआर्जनका सम्भावनाबारे कृषकलाई जानकारी गराउने गर्छन् ।

क्षमता विकास कार्यक्रम अन्तर्गत सडक निर्माणका बखत निर्माण सम्बन्धी विभिन्न तालिम कार्यक्रम पनि साथै सञ्चालन गरिन्छ । यसो गर्दा स्थानीय तहमा सडक निर्माण तथा मर्मत सम्भार गर्ने अर्धदक्ष जनशक्ति उपलब्ध हुँदा सानातिना मर्मत सम्भार तथा सडक सुधार गर्न वा छिमेकी गाउँमा नयाँ सडक बनाउन बाहिरबाट जनशक्ति निम्त्याउनु पर्ने अवस्था पर्दैन । संघीय, प्रादेशिक तथा स्थानीय सरकारको संयुक्त लगानीमा बन्ने सडकहरू समेतको रेखदेख, मर्मत सम्भार तथा सुधारका कार्य गर्न स्थानीय तहमै दक्ष जनशक्ति उपलब्ध हुन सक्दछन् । सडक निर्माणको बजेट, आम्दानी तथा खर्चको सार्वजनिक लेखापरीक्षण हुने व्यवस्थाले गर्दा पारदर्शिता तथा उत्तरदायित्व कायम हुन गई निर्माण व्यवस्था प्रति समुदायको आस्था बढ्छ ।

संक्षेपमा स्थानीय तहमा हुने क्षमता वृद्धि भन्नाले सडक निर्माणमा काम गर्ने श्रमिकहरूको आर्थिक उत्थानका लागि गरिने आयआर्जनका गतिविधि सञ्चालन गर्न आवश्यक सीप तथा ज्ञानको अभिवृद्धि गर्नु हो । यसरी हरित सडकको अवधारणा अपनाउँदा स्थानीय समुदायहरू कृषिको काम नभएको बेला सडकको मर्मतको काम गर्नेछन् ।

हरित सडक निर्माण गर्दा निर्माण परियोजनाका सबै तहमा विकेन्द्रीकरण रणनीति अपनाउनु पर्दछ । सडक निर्माणसम्बन्धी योजना तयार पार्दा, निर्माण गर्दा तथा मर्मत सम्भार गर्दा समेत स्थानीय पदाधिकारी, सरोकारवाला तथा उपभोक्ताको सहभागिता भएको हुनुपर्छ । उपभोक्ताहरू आफैं योजना छान्न, सडकको रेखांकन, श्रम व्यवस्थापन, उपभोक्ता समूह गठन, श्रोत वितरण तथा उपयोग सम्बन्धमा निर्णय तहको छलफलमा भाग लिने प्रावधान हुनुपर्छ ।

२.४ सामाजिक समानता तथा लैंगिक सन्तुलन

हरित सडक निर्माणमा स्थानीय समुदायको संलग्नता गराउँदा आर्थिक एवं सामाजिक रूपले पछि परेका समूहलाई विशेष प्राथमिकता दिइन्छ । सामाजिक आर्थिक असमानतालाई विशेष रूपले सम्बोधन गर्ने हुँदा यहाँ श्रमिकबीच सामाजिक सद्भाव रहने र आपसमा सहयोगी भावना कायम हुने गर्दछ । यसैगरी, महिला तथा पुरुष श्रमिकबीच समान कामका लागि समान ज्यालाको व्यवस्था तथा निर्णय तहमा महिलाको संलग्नताले गर्दा श्रमिकबीच लैंगिक भेदभाव पाइँदैन ।

३. दिगो अर्थ व्यवस्था

हरित सडकको अवधारणा अन्तर्गत निर्माण भएको सडकलाई दिगो बनाउन स्थानीय अर्थ व्यवस्थामा क्रमिक रूपले सुधार गर्दै जाने कार्यक्रम सडक निर्माणको प्याकेजको रूपमा हुन्छ । स्थानीय स्रोत साधनको उचित मात्रामा प्रयोग, अधिकतम स्थानीय स्तरमा उपलब्ध श्रमशक्तिको प्रयोग, सामाजिक परिचालन कार्यक्रम मार्फत उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उपायहरूको प्रयोग, लामो समय सम्म निर्मित सडकको उपयोगका लागि मर्मत-सम्भार व्यवस्था आदिले गर्दा कम खर्चमा निर्मित सडकले स्थानीय अर्थतन्त्रमा दिगो रूपले टेवा पुऱ्याउने काम गर्दछ ।

३.१ दिगो अर्थ व्यवस्थाको विकास

हरित सडक निर्माण गर्दा ठूलो मात्रामा स्थानीय स्तरमा रोजगारीको अवसर प्राप्त हुने मात्र नभई यस निर्माण प्रकृयाभित्र विकास गरिएको संयन्त्रले मुलुककै आर्थिक विकासमा समेत टेवा पुऱ्याउन सक्छ । स्थानीय स्तरमा सिर्जित रोजगारको अवसरबाट हुने आयआर्जनबाट स्थानीय श्रमिकलाई बचत गर्न उन्मुख गर्ने र बचत रकम उत्पादन क्षेत्र (खेती, घरेलु उद्योग, स्थानीय सीपमा आधारित अन्य साना व्यवसाय) मा लगानी गर्दै आम्दानीका थप काम प्रवर्द्धन गर्न उत्प्रेरित गरिन्छ ।

त्यसैले हरित सडकले आम्दानी, बचत तथा लगानीको चक्र सिर्जना गर्दछ । दिगो आर्थिक विकासका साथै दिगो सडक मर्मतको सम्भावना वृद्धि गर्दछ । यसका

जिल्ला यातायात गुरुयोजना अनुरूप नै सडक बन्ने हुँदा यसमा स्थानीय जनप्रतिनिधि तथा राष्ट्रिय स्तरबाट पनि सहयोग हुने गर्दछ । हरित सडक निर्माणका हरेक चरणमा विभिन्न तहमा कार्यरत पदाधिकारी, विज्ञ तथा स्थानीय समुदायका प्रतिनिधिबीच समन्वयात्मक गतिविधि अति आवश्यक पर्दछ । सहभागितात्मक हरित सडक निर्माण कार्यमा सामाजिक परिचालन कार्यले महत्वपूर्ण भूमिका खेल्दछ । प्रायः यस्ता सडक निर्माणमा स्थानीय गैरसरकारी संस्थाहरूलाई सामाजिक परिचालकका रूपमा प्रयोग गरिन्छ ।

• • •

बायो इन्जिनियरिङ भनेको बोटविरुवाको प्रयोगद्वारा सडकको माटो बग्न नदिनु हो । त्यसैले हरित सडक निर्माण विधिमा बायो इन्जिनियरिङलाई वातावरण संरक्षणको एक प्रमुख अंगको रूपमा लिने गरिन्छ । यस प्रविधिअन्तर्गत सडक निर्माण गर्दा सकेसम्म जैविक सम्पदाको नास नगर्ने र नयाँ ठाउँहरूमा बोटविरुवा लगाउँदै जाने गरिन्छ । सडकको माटोमा स्थिरता ल्याउन स्थानीय जनसहभागिता जुटाई स्थानीयका आयआर्जन हुने खालका बोटविरुवा (बाँस, निगालो) लगाई माटो बग्ने वा पहिरो रोक्ने कार्य यसमा गरिन्छ ।

लागि सामाजिक परिचालकहरू मार्फत सामूहिक आर्थिक गतिविधि सञ्चालन गरिन्छन् । सडक निर्माण कार्यको अन्त्यतिर सञ्चालित समूहलाई सहकारी गतिविधिसँग संलग्न गराई यस्ता गतिविधिलाई निरन्तरता दिइन्छ ।

३.२ स्थानीय स्रोतसाधनको अधिकतम उपयोग

हरित सडकले स्थानीय श्रम, स्थानीय निर्माण सामग्री तथा स्थानीय लगानी जस्ता स्थानीय स्रोत, साधनको अधिकतम प्रयोग गरी आत्मनिर्भर विकास निर्माण प्रकृयालाई प्रोत्साहन गर्दछ । हरित सडक निर्माणमा उपयुक्त निर्माण तरिका, जस्तो भनौं बाटो खन्दा आउने ढुंगा, ढुंगाका टुक्रा, माटो, बोटविरुवा आदिको प्रयोग गरिन्छ । यसमा स्थानीय स्तरमै उत्पादन हुने कुटो, कोदालो, डालो, डोको आदिको प्रयोग हुँदा निर्माण कार्यले स्थानीय व्यवसायलाई समेत टेवा पुग्दछ । यस्ता हरित सडकमा प्रयोग हुने माटो ढुंगा ओसार्ने ट्रली, सानातिना प्वाल पार्ने मेसिनसमेत स्थानीय तहमै उत्पादन गर्न प्रोत्साहन गरिन्छ ।

यस्तो बाटो बनाउने प्रकृयाले सीप नभएकाका लागि खासगरी कृषिको मौसम नभएको बेलामा श्रममार्फत आयआर्जन गर्ने तथा सीप भएकाहरूका लागि आफ्नै घरआँगनमा बजार उपलब्ध गराउने भएकाले हरित सडक निर्माण कार्यलाई गरिबी निवारणको एक प्रभावकारी कार्यक्रमको रूपमा लिइन्छ । बाटो खन्दा निस्कने माटो, ढुंगा आदि सडकमै प्रयोग गरिने हुँदा बाह्य निर्माण सामग्री न्यूनतम रूपमा आवश्यक पर्ने हुँदा यस्तो सडक वातावरणमैत्री हुनाको साथै किफायती पनि हुने गर्छ ।

३.३ वैदेशिक रकममा बचत

आफैंमा उपलब्ध श्रम, सीप, निर्माण सामग्रीको प्रयोग हुने भएकाले हरित सडक निर्माणको अवधारणा अन्तर्गत डोजर, रोलर आदि सामग्री प्रयोगमा ल्याइँदैन । बाटो निर्माणमा बायोइन्जिनियरिङको अधिकतम प्रयोग हुने हुँदा फलामे छड वा सिमेन्टको न्यूनतम प्रयोग गरिन्छ । त्यसैले हरित सडक कम खर्चिलो भई विदेशी मुद्रा खर्चमा समेत यसले निकै बचाउ गर्छ ।

३.४ सस्तो निर्माण प्रकृया

सडक निर्माणमा प्रयोग हुने ठूला औजार (डोजर, रोलर आदि) सञ्चालन खर्च महंगो पर्दछ । वातावरणमा समेत यसले पार्ने नकारात्मक प्रभाव पनि निकै ठूलो हुन्छ । यस्ता औजारको फेर्नु पर्ने पूर्जाहरू पनि महंगो हुने र समयमै प्राप्त हुन नसक्नाले निर्माणका यस्ता ठूला औजारहरू सञ्चालन निकै महंगा र कठिन हुने गर्दछन् । श्रममा आधारित सडक स्थानीय स्तरमै उपलब्ध मानवीय तथा प्राकृतिक स्रोतसाधनको अधिकतम उपयोगमार्फत निर्माण हुने हुँदा यस्ता सडक निर्माणमा अधिकतम स्थानीय तहमै खर्च हुने गर्दछ ।

आर्थिक दृष्टिबाट पनि यस्ता अवधारणा लाभदायी मानिन्छन् । सस्तो प्रविधि, स्थानीय बासिन्दाको रोजगारी (खासगरी कृषिकार्यबाट फुर्सद भएको बेला), निर्माणका प्रत्येक चरणमा स्थानीयको संलग्नता, सडक निर्माणका बखत भएका आम्दानी तथा लगानीबाट हुने स्थानीय आर्थिक गतिविधि, सडकप्रति स्थानीय व्यक्तिको अपनत्व आदि हरित सडकका विशेषता हुन् ।

३.५ दिगो मर्मत व्यवस्थापन

आर्थिक सामाजिक विकासको मेरुदण्डको रूपमा लिइने सडकको निर्माण पश्चात मर्मत सम्भार हुनु त्यतिकै आवश्यक छ । एक प्रतिवेदन अनुसार नेपालमा समयमै सडक मर्मत हुन नसक्दा एकदेखि दुई अर्ब डलर बराबर आर्थिक नोक्सानी सालिन्दा बेहार्नु परिरहेको छ (Mulmi)। त्यसैले निर्माण भएको सडकको मर्मत सम्भार गर्ने संस्कार तथा व्यवस्था स्थानीय स्तरमै विकास गर्न सके यस्ता सडक दिगो रूपमा सञ्चालनमा आउने तथा स्थानीय समुदायले दीर्घकालसम्म आफ्नै क्षेत्रमा रोजगार पाउने अवस्थाको सिर्जना हुनेछ । यसका लागि सडक आसपासका बासिन्दालाई सडक निर्माणका विभिन्न चरणमा संलग्न गराई अपनत्व जगाउनु अनिवार्य हुन्छ ।

हरित सडकले यही अवधारणालाई अपनाई सरल रूपले सडक मर्मत उपभोक्ता समितिहरू गठन गरेका हुन्छन् । समुदायले गर्ने यस्ता मर्मत कार्यमा मध्यवर्षाका बेला सडक बन्द

गर्ने गरेको पाइन्छ । यसरी एक वर्षमा दुई महिना सडक बन्द गर्दा ठूलो मर्मत खर्च कम हुने अनुभव धादिङको सल्याटार सडकबाट अनुभव गरिएको छ ।

उपसंहार

मुलुकभर सञ्चालन हुने विकास कार्यक्रममध्ये सडक निर्माण स्थानीय बासिन्दाको एक नम्बरको मागमा पर्दछ । गाउँघर जोड्ने मोटरबाटो मुलुकको विकासको मेरुदण्ड पनि हो । तर गाउँघर जोड्ने स्थानीय आर्थिक संरचनाले थेग्न नसक्ने महंगा सडक निर्माण भए पनि मर्मत संभारको अभावमा मुस्किलले प्रयोगमा आउने वा असुरक्षित रूपमा सञ्चालन हुँदा धनजनको नोक्सान नियमित रूपमा समाचार बन्ने गरेको छ ।

तत्काल सडकको माग पूरा गर्न र त्यसबाट राजनीतिक तथा आर्थिक लाभ लिने समूहका लागि सडक निर्माण एकपटकको लगानी मात्र हुन्छ । आर्थिक विकासले टेवा दिन नसक्ने अनुत्पादक सडकले निम्त्याएको वातावरण विनाशले मुलुकमा गरिबीको अवस्था झनै भयावह बनाउँदै लगेको छ । एकातिर देशमा श्रम बेच्न नपाउँदा कामको खोजीमा विदेशिनु पर्ने बाध्यताले हाम्रा गाउँघर युवाविहीन हुनपुगेको छ भने अर्कोतर्फ ठेकेदार मार्फत डोजर र रोलरजस्ता ठूला औजारको प्रयोगबाट निर्मित ग्रामीण सडकमा कुनै भूमिका नभएका गरिब समूह निर्माण कार्यले निम्त्याएको बाढी, पहिरो जस्ता दैवीप्रकोपबाट घरबारविहीन हुन पुगेका छन् ।

निर्णयकर्ता र ठेकेदार समूह मात्र लाभान्वित हुने आजको यस्ता विकासे ढाँचालाई हरित सडक अवधारणाले प्रतिस्थापन गर्नुपरेको छ । करिब तीन दशकभन्दा पहिले सुरु भएको यस अवधारणालाई विभिन्न दातृसंस्थाले आफूअनुकूल व्याख्या गर्दै छिटो ग्रामीण सडक निर्माण सम्पन्न गर्ने बहाना खोज्छन् । सोही क्रममा भित्र्याइएका विकृतिले हरित सडकको आधारभूत अवधारणालाई संस्थागत गर्न नसकी स्थानीय जनताको सकृय सहभागितामा वातावरणमैत्री दिगो सडक निर्माण कार्यक्रम मार्फत वातावरण संरक्षण र गरिबी निवारण कार्यले पूर्णता पाउन सकेको छैन ।

हरित सडक निर्माणमा स्थानीय समुदायको संलग्नता गराउँदा आर्थिक एवं सामाजिक रूपले पछि परेका समूहलाई विशेष प्राथमिकता दिइन्छ । सामाजिक आर्थिक असमानतालाई विशेष रूपले सम्बोधन गर्ने हुँदा यहाँ श्रमिकबीच सामाजिक सद्भाव रहने र आपसमा सहयोगी भावना कायम हुने गर्दछ । यसैगरी, महिला तथा पुरुष श्रमिकबीच समान कामका लागि समान ज्यालाको व्यवस्था तथा निर्णय तहमा महिलाको संलग्नताले गर्दा श्रमिकबीच लैंगिक भेदभाव पाइँदैन ।

संघीय संरचना अन्तर्गत स्थानीय तहका विभिन्न पालिका सरकार तथा प्रादेशिक सरकारले हरित सडकको अवधारणालाई अपनाई स्थानीय युवा श्रमशक्तिलाई अधिकतम परिचालन गर्ने नीति लिनुपर्छ ।

हरित सडक प्रवर्द्धनका कारणहरू

- स्थानीय तहमा रोजगारी पैदा गर्दै गरिबी निवारणका लागि मद्दत पुऱ्याउन र सडक निर्माणका बखत सामाजिक परिचालन कार्यक्रम मार्फत युवालाई आत्मनिर्भर तुल्याउन ।
- सडक निर्माण गर्दा सकेसम्म स्थानीय तहमा उपलब्ध निर्माण सामाग्री, औजार र जनशक्तिको प्रयोग गर्दै स्थानीय अर्थतन्त्रमा टेवा पुऱ्याउन ।
- हरित सडकको निर्माण खर्च परम्परागत सडक निर्माणभन्दा सस्तो गर्न ।
- सडक निर्माणको कूल खर्चको ६५ प्रतिशत रकम स्थानीय श्रमिक, उद्यमी, व्यवसायी आदि कै आम्दानी गराई रकम स्थानीय तहमै राख्न ।
- विकेन्द्रित व्यवस्था अपनाई सडक निर्माणमा प्रत्येक तहका स्थानीय सरोकारवालाको अर्थपूर्ण सहभागिता गराई तिनमा सडकप्रति अपनत्व जगाउन र दिगो मर्मत सम्भारको व्यवस्था गर्न ।
- सडक निर्माण गर्दा बिस्फोटक पदार्थ, डोजर, रोलरजस्ता वातावरण खल्बल्याउने वस्तुहरूको प्रयोग नगरी निर्माणाधीन सडकमा पहिरोको सम्भावना न्यून गर्न ।
- जैविक इन्जिनियरिङको यथासक्य उपयोग गरी वातावरण संरक्षणलाई अधिकतम प्राथमिकता दिन ।

सन्दर्भ सामाग्री

- Completion Report, Rural Infrastructure Development Project (RIDP), ADB. 2006
- District Roads Support Programme (DRSP) Phase III Report, Program Support Unit, SDC, 2011
- B. N. Acharya, et. al. Green Roads in Nepal, GTZ, SDC, (1999)
- Fourteen Plan Document, GoN, NPC
- A study on the effectiveness of investment in Malekhu-Dhading Road Project Nepal: Central Department of Economics (CEDECON), TU, 2003
- Results, SDC, South Asia Division, Kathmandu
- Reference to the Nepal Himalaya, Berkshire, United Kingdom
- Overview of Rural Transportation Infrastructures in Nepal: S. B. Bhandari, et.al. DOLIDAR
- Harmonizing Rural Road Development with Mountain Environment; Green Roads in Nepal; Hare Ram Shrestha (CiDEF)
- Green Road Approach in Rural Road Construction for the Sustainable Development of Nepal; Abhiman Das Mulmi
- Nepal Disaster Report 2017: The Road to Sendai; GoN, Ministry of Home Affairs
- Nepal's Sustainable Development Goals: Baseline Report, NPC, GoN, June 2017

❖❖❖

दिगो विकासमा
स्थानीय सरकार

सूर्यशरण रेग्मी*

प्रारम्भ

नेपालको संविधान २०७२ असोजमा प्रकाशित भएपछि आधुनिक नेपालको इतिहासमा एउटा युग प्रारम्भ भएको हो । नयाँ युग यस मानेमा कि यो संविधान गणतन्त्रात्मक र संघीय स्वरूपको थियो छ । यसले तीन तहको सरकारको स्वरूप स्थापित गऱ्यो । नेपालको एकीकरण काल १८२५ सालदेखि हालसम्म केन्द्रीय शासन प्रणाली अन्तर्गत एकीकृत/एकात्मक राज्य व्यवस्थामा सञ्चालित नेपाल राज्य गणतन्त्रात्मक संघीय राज्य व्यवस्थामा रूपान्तरित भएको थियो जो निरन्तर कृयाशील छ । संविधानले तीन तहका (स्थानीय तह, प्रदेश तह र केन्द्र तह) सरकारको अधिकार र कर्तव्यका सीमाहरू निर्धारण गरेको छ । यो आलेखमा दिगो विकासमा सम्बन्धमा राज्यका नीति र स्थानीय तह (सरकार) को भूमिकाबारे केही चर्चा गर्ने प्रयास गरिएको छ ।

संवैधानिक व्यवस्था

संविधानको धारा ५१ को राज्यका नीतिअन्तर्गत देहाय (च) को २ को विकास सम्बन्धी नीतिमा 'सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा दिगो रूपमा भौतिक पूर्वाधारको विकास गर्ने' भन्ने उल्लेख छ । सोही धाराको देहाय (६) को प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्धन र उपयोग सम्बन्धी नीतिको ४ र ५ मा 'दिगो र भर पर्दो... विकास गर्ने तथा दिगो उपयोग गर्ने' शब्द र वाक्यांश प्रयोग भएको पाइन्छ । सोही धाराको (ञ) मा सामाजिक न्याय र समावेशीकरण नीतिको देहाय १२ मा 'सामाजिक सुरक्षा... न्याय आर्थिक रूपले विपन्नलाई प्राथमिकता दिने' भन्ने शब्द एवं वाक्यांश परेका छन् ।

यसबाट राज्यले भरपर्दो र दिगो विकास अपरिहार्य हो र विपन्नता उन्मुलन महत्वपूर्ण विषय हो भन्ने आत्मसात गरेको प्रष्ट देखिन्छ । संविधानको अनुसूची ५ मा संघको अधिकारको २९औं सूचीमा बस्ती विकास नीति वातावरण अनुकूलन शब्दहरू प्रयोग भएका छन् भने अनुसूची ६ मा प्रदेशको अधिकारको १९औं सूचीमा वातावरण संरक्षण शब्दहरू परेका छन् । त्यस्तै, अनुसूची ७ को संघ र प्रदेशको साझा अधिकारको सूचीको नं १३ र २३ मा वातावरण संरक्षण, हिमाल, वनसंरक्षण जल उपयोग शब्दहरू छन् । साथै अनुसूची ८ को स्थानीय तहको अधिकारको सूचीको बुँदा १० मा वातावरण संरक्षण र जैविक विविधता (संरक्षण) शब्दहरू छन् ।

अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकार सूची र विकास तथा वातावरण बारे संविधान निर्माता सचेत तथा जानकार थिए । त्यसैले राज्यको नीति र कार्यगत सूचीमा दिगो विकास र वातावरण पक्ष महत्वका साथ स्थापित भएको भन्न सकिन्छ । यो प्रसंग किन उठाइएको भने स्थानीय सरकारले विकास योजना तयार गर्दा संविधानले परिकल्पना गरेको दिगो विकास र वातावरण सम्बन्धी आधारभूत प्रस्थापनामा ध्यान जान सकोस् भन्ने मनसाय हो ।

स्थानीय सरकारको संरचना र भूमिका

तीन तहका सरकारमा केन्द्र १, प्रदेश ७ र स्थानीय तह ७५३ रहेका छन् । वर्तमान संरचना बन्नुअघि ७५ जिल्ला थिए (हाल ७७) प्रदेशको अस्तित्व थिएन र करिब चार हजार (३९१३) स्थानीय निकाय थिए । अब ७५३ स्थानीय तह सरकारमा परिणत भएका छन् । भौगोलिक संरचना, जनसंख्या आवासीय संरचना र प्राकृतिक स्रोत साधनका हिसाबले स्थानीय सरकार अथाह सम्भावनाको बनावट हो । केही अपवाद छाडेर पूर्वाधार विकास र जनसंख्या व्यवस्थापनमा दिगो र भरपर्दो योजना निर्माण गर्ने यो निकै महत्वपूर्ण अवसर र चुनौति हो ।

अधिकांश स्थानीय सरकारहरूको भौतिक व्यवस्थापनको सम्भावना छ । स्थानीय तहले आवासीय क्षेत्र, व्यावसायिक क्षेत्र, कृषि उपज क्षेत्र, खेलकुद र विद्यालय क्षेत्र वन तथा खुला मैदान वा चरिचरन क्षेत्र, खोला नदी एवं सिमसार क्षेत्र, माटो ढुंगा, गिटी, बालुवा क्षेत्र, चट्टान पहाड र खनिज क्षेत्र, कमजोर (भल्नेरेवल) तथा सुरक्षित (स्टेबल) क्षेत्र र उत्पादक अनुत्पादक क्षेत्रको पहिचान हुने गरी आफ्नै स्रोत पुस्तिका तयार गर्नु आबश्यक हुन्छ । यसमा केही प्राविधिक पक्ष विश्लेषण गरी बाटो, कुलोपैनी र जल प्रवाहको निश्चित खाका बनाउनु पर्ने हुन्छ । त्यसका आधारमा मात्र भौतिक विकास

भौगोलिक संरचना, जनसंख्या आवासीय संरचना र प्राकृतिक स्रोत साधनका हिसाबले स्थानीय सरकार अथाह सम्भावनाको बनावट हो । केही अपवाद छाडेर पूर्वाधार विकास र जनसंख्या व्यवस्थापनमा दिगो र भरपर्दो योजना निर्माण गर्ने यो निकै महत्वपूर्ण अवसर र चुनौति हो ।

* कोषाध्यक्ष, इन्लोगोस

र बस्तीका लागि दिगो र भरपर्दो योजना तर्जुमा गर्न सघाउ पुग्छ ।

स्थानीय स्तरका समस्या

नेपाल बाढी, पहिरो, खोलानदी आदिको अतिक्रमणमा परिरहन्छ । वन विनास र वन्यजन्तु क्षय, पर्यावरण क्षति जस्ता समस्याबाट पीडित भए पनि सामुद्रिक छाल, सुनामी ज्वालामुखी जस्ता विनाशकारी अवस्थाबाट भने सुरक्षित देश हो । नेपालमा तराई (सुख्खा, बाढी, नदी कटान र ढुंगा गिटी अनियन्त्रित दोहनको समस्या) चुरे क्षेत्र (वन अतिक्रमण र विनाश, उत्खनन् प्राकृतिक स्रोतको दोहन र पहिरोको समस्या) मध्य पहाडी क्षेत्र (बाढी पहिरो, वनविनास र प्राकृतिक स्रोतको अव्यवस्थित प्रयोगको समस्या) उच्च पहाड तथा हिमाल (पर्यावरणीय दुस्प्रभाव, भूस्खलन र बाढी पहिरोको समस्या) आदि भने नियमित जस्तै वर्षैपिच्छे भोग्न परेका समस्या र चुनौति छन् । यद्यपि माथि उल्लेखित समस्या कमोबेश रूपमा सबै क्षेत्र र ठाउँमा भोग्न परेका जटिलता र समस्या हुन् । तर पनि क्षेत्रगत गम्भीरता केही फरक छन् ।

स्थानीय सरकारको भूमिका

स्थानीय सरकारहरू माथि उल्लेखित राज्यको सोच, संवैधानिक परिकल्पना, भौगोलिक विविधता, क्षेत्रगत भिन्नता, संघ र प्रदेश सरकारका ऐन नियम नीति र सिद्धान्तहरूमा परिचित भई आफ्ना आधारभूत अवस्था संभावना र आवश्यकताको आकलन गर्न सक्षम हुनु आबश्यक छ । त्यसको समुचित मूल्यांकन गरेमा मात्र स्थानीय सरकारले भरपर्दो र दिगो विकासको योजना बनाउन सक्छन् । योजनामा संभावना (स्रोत, क्षमता) र आवश्यकता परिलक्षित भएको हुन्छ ।

मानिसका अनन्त चाहनालाई एकैपटक पूरा गर्न स्रोतसाधन र क्षमताले नभ्याउन सक्छ । त्यसैले पनि वर्गीकरण अर्थात् प्राथमिकीकरण गर्नुपर्ने हुन्छ । जस्तो, पहिलो स्कुल कि खानेपानी, यदि केही दिन केही दुःख गरेर खानेपानीको व्यवस्था गर्न सकिन्छ भने स्कुल पहिलो प्राथमिकता हो । तर पानी जीवन हो त्यसको पनि प्रबन्ध हुनै पर्छ । दिगो र भरपर्दो विकासका लागि शिक्षा पहिलो शर्त हो । कहिलेकाँही दुवै प्राथमिक आवश्यकताका विषय हुनसक्छ । जस्तो घरमा भान्सा र शौचालय समान प्राथमिकताका विषय हुन् । अब भान्सा बनाई हालौं शौचालय त बारी वा जंगल हो भन्ने सोचाइ अबको समयमा दिगो विकासको बाधक हो । स्थानीय सरकारले यो सोचाइ परिवर्तन गर्ने अभियान चलाउनु पर्‍यो । अन्ध र विकृत संस्कारले गर्दा शौचालय भन्दा छाउगोठ प्राथमिकतामा पर्‍यो । स्थानीय सरकार यस्तो दिगो नहुने विषय बदल्न सचेत हुनै पर्छ ।

सामान्य अवधारणा

मेरो दृष्टिमा विकास मानव सिर्जित अवधारणा हो भने प्रगति प्रकृति र मानवको संयुक्त अभ्यासको उपज हो । विकास मानव आवश्यकता पूर्ति गर्ने संरचना हो । सहरी विकास, बाटोघाटो, खानेपानी, बिजुली, कृषि, पशु विकास, सिँचाइ, नदी र खोला व्यवस्थापन, बाढी पहिरो रोकथाम, सञ्चार विकास, शिक्षा, स्वास्थ्य र विकास, पर्यटन विकास, प्रविधि आदि विकासका दृश्य र भौतिक पक्ष हुन् । संस्कार, चेतना, आपसी सहयोग, भाइचारा र संवेदना आदि अदृश्यजस्ता लाग्ने मानवीय विकासका महत्वपूर्ण पक्ष हुन् ।

स्थानीय सरकारले अदृश्य जस्ता लाग्ने अनुभूत मानवीय संवेदना अनुसार भौतिक पक्षको विकास गर्ने प्रयास गरेमा स्थायी, दिगो र भरपर्दो विकासको आधार तयार हुन सक्छ । अहिले स्थानीय सरकार वा नेता वा स्वार्थी ठेकेदारको बल मिच्याइँले गर्दा प्रकृतिप्रदत्त मानवीय पक्षलाई उपेक्षा गरी क्षणिक फाइदा र प्रचारका लागि विकासका नाममा विनाशको श्रृंखला देशको कतिपय भूभागमा देखिएको र अनुभूत गरिएको छ । यो दिगो (सस्टेनेबल) भरपर्दो र टिकाउ विकासका लागि गम्भीर चुनौतिको विषय पनि हो । स्थानीय सरकारले प्राथमिकता निर्धारण गर्दा आफ्नो स्रोत क्षमता, क्षेत्रको भौतिक अवस्था, गरिब र विपन्न जनताले पनि लाभ पाउने वा लाभ लिन सक्ने र प्रकृति माथि न्यूनतम हस्तक्षेप हुने योजनाको सूची तयार गर्नु आवश्यक हुन्छ ।

बाटोघाटो समेतका भौतिक निर्माण गर्दा प्रकृतिको वनोटमा केही त असर पर्छ नै तर सकेसम्म कम क्षति हुने गरी भइरहेका संरचनाहरूलाई असर नपर्ने गरी बलियो र दिगो निर्माण गर्नेमा ध्यान जान पर्ने हुन्छ । खोला र नदीनालाको बहाव नियन्त्रण गर्नेतर्फ भन्दा पनि दीर्घकालीन उपयोगमा सघाउने प्रकारले रिभर ट्रेनिङ वा नदी व्यवस्थित गर्ने प्रकारका कार्यलाई प्रोत्साहन गरिनु वाञ्छनीय हुन्छ ।

क्षेत्रगत भिन्नता

तराइ मधेसमा दिगो र भरपर्दो विकासकालागि एक प्रकारको माहोल अवस्था, नदी खोलाको वहाव, भूवनोट र गाउँवस्ती बनावट छ । मध्य पहाडमा अल्लि भिन्नै प्रकारको अवस्थिति छ । भिरालो जमीन, कमजोर भू-बनोट र चट्टान, आकस्मिक रूपमा खहरे खोला, वनमा आगलागीबाट बुट्यानको विनास र बुट्यान मासेर खोरिया फाड्ने प्रवृत्ति हाल खोरिया फाड्ने क्रममा कमी (जनशक्ति कामको खोजीमा अन्यत्र पलायन) हुँदै गएको छ । उच्च पहाडमा हिउँपहिरो, समथर जमीनको कमी,

कमजोर आवास क्षेत्र र पर्यावरणको प्रत्यक्ष प्रभाव विद्यमान छ ।

सहरी क्षेत्रमा आफ्नै प्रकारको जटिलता छ । ढल खानेपानी, चौडा बाटो, फोहोर व्यवस्थापन आदि समस्या छन् । स्थानीय सरकारले आफ्नो क्षेत्रको तथ्यांक (डाटा) अभिलेख नियमित र अद्यावधिक गरेर विकास योजना बनाउँदा त्यो तथ्यांकलाई राम्रो आकलन गर्नुपर्छ । उदाहरणका लागि नदी बहाव कस्ता र कसरी आए, कस्तो ठाउँमा कस्तो उब्जाउ हुन्छ, कस्तो ठाउँ बढी जोखिमयुक्त छ । जनताको आर्थिक हैसियत र रहनसहन कसरी परिवर्तन भइरहेको छ, गाउँ छोड्ने र आउने प्रवृत्ति कस्तो छ, आदि कुराले दिगो र भरपर्दो विकासलाई प्रभावित पारिरहेको हुन्छ । यस्ता विषयगत तथ्यांक र अभिलेख प्रदेश सरकार र केन्द्र सरकारका लागि पनि महत्वपूर्ण हुन सक्छन् वा हुन्छन् ।

दिगो विकासका मानक

वास्तवमा दिगो विकास (Sustainable Development (SD) भनेको के हो ? यसको विश्वव्यापी अवधारणा कस्तो छ र यसको मानकको प्रस्थापनाबारे केही चर्चा गर्ने प्रयास गरौं । सबै प्रकारको विकास मानिसकै लागि हो । मानिसबीच असमान अवसर, असमान वितरण, न्यूनतम आवश्यकता पुरा नभएको चरम गरिबी, सुशासनको अभाव, भ्रष्टाचार र अनियमितता, अलोकत्रान्तिक राज्य व्यवस्था (तानाशाही संयन्त्र) र सामाजिक विभेद आदि दिगो किासका बाधक हुन् । स्थानीय तह (सरकार) यसबारे समयमै चनाखो हुनु आवश्यक छ ।

ग्लोबल फोरमले सरकार वा शासनको पुनर्खाका (Reinventing Government) प्रस्ताव गरेको अवधारणामा मानवीय विकासका लागि अर्थात् दिगो विकासका लागि सबभन्दा ठुलो बाधक गरिबीलाई इंगित गरेको छ । खाना, नाना, छाना, स्वास्थ्य मानसिक र शारीरिक (बाँच्न पाउने न्यूनतम उपचार), शिक्षा र प्रजातन्त्र (बोल्न पाउने हक) भएन भने दिगो र भरपर्दोजस्ता शब्द जनताले बुझ्दैनन् । विकास मानिसको पर्यावरण प्रणालीको लक्ष्य हो (SD is goal of human ecosystem) भन्ने बुझ्नु आवश्यक हुन्छ । दिगो विकास जसले तत्काल अवस्थाको पनि जनताको आवश्यकता र हृदयगत अभिलाषालाई सम्बोधन गर्नसक्छ भन्ने पनि हुनसक्छ । (SD that meets the needs and aspiration of the present) युएनडिपीले यस्तो परिभाषा पनि गरेको छ, बहुआयमिक गरिबी सम्बन्धी सबै विषयलाई समेटी जहाँ बहुपक्षीय प्रयासबाट व्यवस्थित गरिन्छ त्यो नै दिगो विकास हो । (An integrated approach that tackles the connected issues of multi dimensional poverty) अर्को एउटा महत्वपूर्ण भनाइ पनि छ । जसले दिगो विकासका लागि संगठित गरी विश्वव्यापी रूपमा भावी पिँढीका लागि अत्यावश्यक स्रोतको उपयोग गर्ने विषयलाई संकेत गरेको देखिन्छ । (SD is the organizing principle for sustaining finite resources necessary to provide for the needs of future generation of life on the planet and SD refers to the holistic approaches.)

दिगो विकास निश्चित रूपमा होलिस्टिक एप्रोच हो । हाम्रा संभावना हामी बीचमै छन्, तिनको पहिचान गरेर त्यसको दीर्घकाल सम्म लाभ लिने गरी उपयोग गर्न जानेमा हाम्रो पुस्तालाई मात्र होइन, भावी पुस्तालाई योगदान हुन सक्छ । दिगो विकासको महत्वको अनुभूति विशेष रूपमा शितयुद्धको अन्त्य (१९९०) पछि टड्कारो रूपमा विश्वव्यापी हुन गएको हो । ग्लोबल फोरमले विश्वव्यापी कार्यसूची (Global agenda) मा दिगो विकासमा प्रमुख बाधकको रूपमा गरिबीलाई संकेत गरेको छ । SD is the organizing principle for meeting human development goal. साथै यो पनि आह्वान छ कि protest the Planet मानिस मात्रको विकासका लागि संगठित सिद्धान्त हुनुपर्छ र पृथ्वी (ग्रह) संरक्षण हुनु आवश्यक छ । सामान्यतः दिगो विकासका विश्वव्यापी धारणा यिनै हुन् । नेपाल सरकारले तयार गरेको दिगो विकास लक्ष्य (२०१६-२०३०) मा

मानिसका अनन्त चाहनालाई एकैपटक पूरा गर्न स्रोतसाधन र क्षमताले नभ्याउन सक्छ । त्यसैले पनि वर्गीकरण अर्थात् प्रथमिकीकरण गर्नुपर्ने हुन्छ । जस्तो, पहिलो स्कुल कि खानेपानी, यदि केही दिन केही दुःख गरेर खानेपानीको व्यवस्था गर्न सकिन्छ भने स्कुल पहिलो प्राथमिकता हो । तर पानी जीवन हो त्यसको पनि प्रबन्ध हुनै पर्छ । दिगो र भरपर्दो विकासका लागि शिक्षा पहिलो शर्त हो ।

पनि १७ वटा विषयमध्ये १ मा गरिबी उन्मुलन र २ मा शून्य भोकमरी उल्लेख भएको छ, यसैले पनि गरिबी उन्मुलन नै भविष्य संरक्षण गर्ने प्रथम उपाय हो भन्न अत्युक्ति नहोला ।

स्थानीय सरकारका क्षेत्रगत अवस्था

नेपालको विद्यमान अवस्था भनेको २१ प्रतिशत जनता अझैगरीबीको रेखामुनि छन् । वितरणमा सन्तुलन कायम हुन सकेको छैन । पर्यावरणमा ठुलोआघात पुग्दैछ । चुरे महाभारत खोला नदी वन जंगल पहाड कन्दराको दोहन अनियन्त्रित छ । जनताको आकाँक्षा निकै ठुलो छ । महत्वाकाँक्षी योजनाको चाँग छ सुरुआतको गति मन्द र सुस्त छ । यस परिबेशमा आफ्नो अवस्थितिको आकलन दिगो र भरपर्दो योजना तयार गर्न सक्नु पर्दछ ।

७५३ सरकारले आफ्ना क्षमता भित्रका कार्यसूचीलाई माथि उल्लेखित मानक र मापदण्डको विकास निर्माणमा ध्यान दिन सकेमा देशको मुहार परिवर्तन हुन सक्छ । मानिसको जीवन शैलीमा परिवर्तन हुन सक्छ । प्रदेश र संघ सरकारले गर्ने योजनामा वातारण मूल्याङ्कन गर्न पर्ने होला (यद्यपि आवश्कता अनुसार स्थानीय सरकारले पनि वातावरण मूल्याङ्कन गर्न पर्ने हुन सक्छ) तर स्थानीय स्तरमा गरिने सानातीना योजनामा भने स्थलगत भौतिक आकलनमा पनि समुचित निर्णय गर्न सकिन्छ । स्थानीय सरकारको जनताका आधारभूत कुरामा बढी ध्यान

जान पर्ने हुन्छ । कतिपय स्थानीय तहमा मानिसको बसाइसराइको कारणबाट आवास र उब्जाउ क्षेत्र उजाड भएका छन् । गाउँका गाउँ रित्ता देखिन्छन् । गाउँस्तरमा श्रमशक्तिको ठुलै समस्या हुंदै गएको छ । एकातर्फ गरिबी अर्कोतर्फ गाउँबस्ती उजाड । उब्जाउ क्षेत्र छ तर उब्जनी छैन । गाउँघर छरिएर रहेका छन् । त्यसैले त्यो बृहत विषयको तथ्यगत पहिचान आवश्यक हुन सक्छ । वास्तवमा दिगो विकास भनेकै समग्र मानवीय विकास हो । स्थानीय सरकारले आधारभूत रूपमा दिगो विकासका कुरा गर्दा विचार पुऱ्याउनै पर्ने विषय देहाय बमोजिम छन् ।

- जनताको सुरक्षित र जोखिमरहित आवासमा ध्यान दिने,
- वनजंगलमा सकेसम्म कम क्षति हुने गरी निर्माण योजना बनाउने,
- बुल्डोर एक्साभेटर प्रयोग नगर्ने प्रयोग गर्नै पर्ने अवस्था भएमा भू-भौतिक अवस्थाको मूल्यांकन गर्ने,
- माथि नै उल्लेख छ दिगो विकासको प्रमुख बाधक गरिबी पनि हो, त्यसैले गरिबी न्यूनीकरण कार्ययोजना तय गर्ने,
- जनतालाई आफ्नो क्षेत्रबाट बहिर्गमन (माइग्रेसन) लाई निरुत्साहित गर्न प्रोत्साहित योजना बनाउने,
- उद्योग व्यवसाय या प्रविधिलाई प्रोत्साहन व्यवस्था गर्ने,
- खोला, नदीनाला र खनिज क्षेत्रको प्रयोग र उत्खनन्लाई नियमन र व्यवस्थित गर्ने,
- आफ्ना क्षेत्रको जडीबुटी र दुर्लभ पैदावारको संरक्षण र प्रवर्द्धन गर्ने,
- स्थानीय उत्पादन र आम्दानीलाई प्रोत्साहन गर्ने,
- अन्धविश्वास, कुरीति, सामाजिक विभेद अन्त्य गर्ने,
- केन्द्र सरकारबाट संरक्षित घोषणा गरेका वन्यजन्तु संरक्षण गर्ने,
- पानीका मुहान स्रोतहरू संरक्षण र प्रदूषणरहित बनाउने,
- बाटो वा अन्य निर्माण गर्दा गाउँघर उत्पादनयोग्य जमिन भइरहेका पुराना संरचनाको अवस्थालाई राम्रो विश्लेषण गरेरमात्र निर्माण योजना तयार गर्ने,
- सम्भाव्य क्षेत्रमा एकीकृत बस्ती विकास योजना बनाउने,
- अन्यत्रबाट बसाई-सराई (इमिग्रेसन) गरी उद्योग व्यवसाय गर्न आउनेलाई सहुलियत प्रोत्साहन गर्ने नीति लिने,
- उब्जाउ क्षेत्र बाँझो नराख्न जनतालाई अभिमुख अभियान नीति बनाउने,
- स्थानीय बनोट र अवस्थाअनुसार कार्ययोजना बनाउने ।

यस्ता धेरै विषय हुनसक्छन्, जो स्थानीय स्तरमा दिगो विकासका आधारहरू हुन् । अहिले अधिकांश स्थानीय सरकारमा अलमल्ल र दुविधा भएजस्तो देखिन्छ । घोषणामा रहेका अनगिन्ती कुरा, जनताका असीमित आकांक्षाको चाँड, स्रोतसाधन र क्षमता पहिचान साथै परिचालनमा अनुभवको कमी, प्रायः अधुरो, अनिच्छुक प्रविधि, विज्ञताको कमी भएको प्रशासकीय संयन्त्र आदि कारणले पनि हुनसक्छ । थुप्रै स्थानीय सरकार आलोचित भएका छन् । घोषित कार्यसूची पूरा गर्नेतर्फ भन्दा पनि आफ्नो सुविधा वृद्धि, क्षमताले नभ्याउने साधन समेत खरिद गर्ने प्रवृत्तिबाट पनि आलोच्य बनेका हुन् ।

जहाँसम्म केन्द्र सरकारको कुरा छ, समृद्ध नेपाल सुखी नेपाली भन्ने नारा उद्घोष गरेको छ । १५औं पञ्चवर्षीय संघीय योजना तयार हुँदैछ । सन् २०२२ सम्म अल्पविकसित (लिस्ट डेभलप) देशबाट विकासोन्मुख देशमा स्तरोन्नति गर्ने र २०३० सम्म विकसित मुलुक (प्रिटेक अफ कन्डिसन) मा पुऱ्याउने प्रतिवद्धता जाहेर गरेको छ । दिगो विकासको अवधारणा र अभियानबेगर यी घोषणा सार्थक हुन सक्दैनन् । दिगो विकासको लक्ष्य (Sustainable Development Goal) पूरा गर्ने क्रममा सरकारको गतिविधि र कृयाकलापको सन् २०१७ मा सरकारले रिभ्यू गरेर SDG Agenda सफल पार्न प्रधानमन्त्रीको अध्यक्षतामा हाइलेभेल स्टेरिङ कमिटी गठन भएको छ । त्यसलाई समन्वय र कार्यान्वयन गर्न राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा अर्को समिति पनि बनेको छ भने योजना आयोगका सम्बन्धित सदस्यको संयोजकत्वमा थेमाटिक समितिहरू समेत गठन भएका छन् । खास विषयहरू निम्नअनुसार छन्,

आधारभूत विषयहरू

१. आर्थिक
२. औद्योगिक विकास
३. सहरी विकास
४. सामाजिक विकास
५ श्रम तथा रोजगार
६. कृषि
७. पर्यावरण परिवर्तन र वातावरण
८. भौतिक पूर्वाधार विकास
९. उर्जा विकास र सुशासन

निष्कर्ष

मुख्य रूपमा माथि उल्लेखित विषय नै दिगो विकासका आधारभूत र संवेदनशील क्षेत्र हुन् । स्थानीय सरकारका लागि यिनै सान्दर्भिक विषयलाई समेट्ने प्रयास गरिएको छ । दिगो विकास एउटा हाँगो मात्र होइन, समग्र वटवृक्ष हो । स्थानीय सरकारले यी आधारभूत विषयमा ध्यान दिएर आफ्ना स्रोतसाधन र क्षमता परिचालन गर्ने नीति अबलम्बन गर्नु आवश्यक छ । दिगो विकास भौतिक विकास मात्र होइन, मानवीय पक्ष पनि हो भन्ने धारणा विश्वव्यापी हो ।

यसैले आफ्नो क्षेत्रको भौगोलिक बनावट, भू-अवस्थिति, जनताको जीवनशैली, प्रयोग र संभाव्यता तथा लगानीको आर्थिक, मानवीय र पर्यावरणीय प्रतिफल समेतलाई ध्यानमा राखी स्थानीय सरकारले आफ्ना योजना तथा कार्यक्रम कार्यान्वयन गरेमा दिगो विकासको लक्ष्य प्राप्त गर्न सकिने छ ।

सन्दर्भ सामग्रीहरू

नेपालको संविधान

स्थानीय सरकार सञ्चालन ऐन २०७४

स्थानीय स्वायत्त शासन ऐन २०५५ (खारेज भएको)

स्थानीय स्वायत्त शासन नियमावली २०५६ (खारेज भएको)

Reinventing Government Global forum Morocco 2004

National review of Sustainable Developpment 2017, NPC

Review internet

बजेट वक्तव्य २०७४

❖❖❖

'प्रकृतिलाई बिगारेर होइन, श्रृंगारेर राख्नुपर्छ'

कृष्णचन्द्र न्यौपाने*

राष्ट्रिय जलवायु सम्मेलन र जलवायु सम्मेलन २०७५

प्रथम राष्ट्रिय जलवायु सम्मेलन २०७५ को प्रतिक र ७७ वटै जिल्ला समन्वय समितिले फहराएका राष्ट्रिय झण्डा

जलवायु अर्थात् जल र वायु, यी पृथ्वीका जीवका लागि महत्वपूर्ण पञ्च तत्वमध्ये प्रमुख हुन् । वायु जसमा जीव तथा वनस्पतिको जीवन जोडिएको छ । वायुबिनाको जीवन अकल्पनीय छ ।

वायु जति महत्वपूर्ण छ, त्यसको सारतत्व भनेको जल हो । अर्थात् वैज्ञानिकका भाषामा हावा CO_2 र पानी O_2 हो । जीवलाई आवाज तत्व अक्सिजन हो जुन वनस्पतिले कार्बन लिएर छोड्ने गर्छन् । यसैले जलवायु जीवन अर्थात् जीव र जगतको महत्वपूर्ण कडी हो । संस्कृतमा भनेझैं अति सर्वत्र वर्जयेत अर्थात् कुनै पनि कुरा आवश्यकभन्दा बढी हुनुहुँदैन त्यसको सन्तुलन आवश्यक छ । संसारको आधुनिक विकास मानिसका आवश्यकता र चाहनाका लागि भएका हुन् ।

यी विकासका कारण यस धराधरमा सन्तुलित पाँच भौतिक तत्वमा असन्तुलन उत्पन्न हुँदै गएर मानव जीवनलाई नै पहिलो चुनौती थपिएको छ । मानिसले अहिले कै गतिविधि गरेर प्रकृति दोहन तथा अतिक्रमण गऱ्यो भने अबको एक हजार वर्षपछि मानव जाति लोप हुनेछ (प्रो. हकिन्स) । नेपालमा औद्योगिक विकासले गति लिइरहेको र छिमेकी ठूला मुलुकले औद्योगिक उत्पादनमा संसारसँग प्रतियोगिता गरिरहेको अवस्थाले छिमेकीका अनेक क्रियाकलापले समेत जलवायुमा असन्तुलन बढेको र यसको प्रभाव हामीलाई पनि पर्दै आएको छ ।

नेपाल पर्वतीय जलवायुदेखि उष्ण हावापानीको संगम भू-परिवर्तित मुलुक भए पनि उत्तरको तिब्बत पठार र दक्षिणको गंगामैदानको समथल भागसम्म जोडिएकाले यहाँको प्राकृतिक स्वरूप हिमालयदेखि सदाबहार जंगल र त्यसअनुसारको जलवायु भएको मुलुक हो । यहाँ प्राकृतिक वातावरण र धरातलीय अवस्थाअनुसारकै स्वरूप र स्वभावका मानिस बस्ने हुनाले प्राकृतिक सांस्कृतिक र सामाजिक विविधता छ । यसरी नै संसारका दुर्लभ वनस्पति र वन्यजन्तु चराचुरुङ्गी यहाँ पाइन्छन् ।

उत्पादनका हिसाबले यहाँ विभिन्न मौसमका संसारमा पाइने सबै किसिमका खाद्यान्न बाली, नगदे बाली र फलफूल पाइन्छन् । यस किसिमको प्रकृतिको सुन्दर बगैंचा यस आधुनिक जमानामा मानवकै कारण बढेको वातावरणीय विनास, त्यसबाट जलवायुमा आएको परिवर्तन सबैले गर्दा ठूला विपत्तिको सामना गर्न बाध्य हुँदै गएको छ ।

नेपालले सहभागितात्मक विकास प्रणालीअनुसार वन वातावरण संरक्षण र विकास गर्ने कार्यमा भने ठूलो उपलब्धी हासिल गरेको छ । सामुदायिक बजको संरक्षण र विकासमा संसारकै

* महासचिव, जिल्ला समन्वय समिति महासंघ

लागि अनुपम काम गरेको छ। यसैलाई जोडेर नेपालले जलवायु परिवर्तनको असर न्यूनीकरण गर्ने पक्षमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा संलग्नता र योगदान पुऱ्याउँदै आएको कुरा १९९२ को रियो सम्मेलनमा होस् वा २०१८ को पोल्याण्डको COP24KATOWICE सम्मेलनमा राष्ट्र प्रमुख तथा सरकार प्रमुखहरूले नेपाली प्रतिनिधि मण्डलको नेतृत्व तथा सम्बोधन गरेकोबाट प्रष्ट हुन्छ।

राष्ट्रपति भण्डारीले पोल्याण्डको सम्मेलनमा पर्वतीय जलवायुबारे कम सुनिएको र आफूले नबिगार्दा पनि बाह्य प्रभावबाट विश्वव्यापी जलवायु परिवर्तनको प्रभाव नेपालमा परेको विश्वलाई अवगत गराउनुभयो। साथै त्यसबाट हाम्रा उच्च पर्वतका हिमालबाट हिउँ पग्लन थालेको, हिमतालहरू बढेर फुट्ने खतरा बढेको तथा हाम्रो नदी प्रणालीमै प्रभाव परेर हिमपहिरो, बाढी, सुख्खा पहिरो र खडेरीको चपेटामा हाम्रो प्रमुख जीवनधार कृषिमा परेकाले मानवीय जीवन कष्टकर र चुनौतीपूर्ण भएको कुरा पनि विश्वसामू पुऱ्याउनुभयो।

नेपालले राष्ट्रिय आयको ठूलो हिस्सा प्राकृतिक प्रकोपबाट उत्पन्न समस्या समाधानमा खर्चिन परेको र नेपालको प्रमुख खाद्यान्न भण्डार तराई बारम्बार बाढीको चपेटामा परेकाले कृषि उत्पादन प्रभावित भएको, खाद्यान्न निर्यात गर्ने मुलुक खाद्यान्न आयात गर्न बाध्य भएको कृषि श्रमिकलाई रोजगारी नभएर अदक्ष श्रम वैदेशिक रोजगारीमा जान बाध्य हुनु भनेको सामान्य जीवनयापन आजको उन्नत भौतिकवादी जमानामा पनि कष्टकर तथा प्राचीन युगीनजस्तो रहेको हुनु हो।

यसबाट नेपालमात्र नभएर दक्षिण एसियाको ठूलो हिस्सा प्रभावित हुँदै जाँदैछ। नेपालको बाढी पहिरोको प्रभाव उत्तर भारत, बिहारलगायत बंगालको खाडीसम्म पुग्छ। त्यसैले राष्ट्रपतिकै सम्बोधनमा "नगरेको नबिगारेको कसुरको सजाय भोग्नु परेकोजस्तो अनुभूति हामीलाई हुने गरेको छ" भनी निर्दोषमाथि अन्याय हुन नदिनु विश्व समुदायको दायित्व हो भन्ने कुरा उहाँले स्मरण गराउनु भएको थियो। यस भनाइबाट पनि जलवायु परिवर्तनबारे आमनेपालीमा जनचेतना फैलाउन आवश्यक छ भन्ने संकेत गरेको बुझिन्छ।

नेपालको राज्य संरचनाअनुसार संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको विकास एजेण्डामा जलवायु परिवर्तनका असर न्यूनीकरण तथा यसको संरक्षणसम्बन्धी नियमित क्रियाकलापका रूपमा समावेश गरिनु आवश्यक छ। राष्ट्रपतिले प्रथम जलवायु सम्मेलन २०७५ लाई सम्बोधन गर्दै जलवायु परिवर्तनले पार्ने असरबारे

१० बुँदे घोषणा-पत्र

१. जलवायु परिवर्तन तथा यसले पारेको असरबारे वैज्ञानिक खोज तथा अनुसन्धानलाई प्रोत्साहन गर्दै जनचेतना अभिवृद्धि जोड दिने।

२. जलवायु परिवर्तन र यसको प्रभावको बारेमा विस्तृत वैज्ञानिक तथ्य तथा वास्तविकताको पहिचानका लागि हरेक गाउँपालिका र नगरपालिका जलवायु मापन केन्द्र स्थापनाका लागि पहल गर्ने।

३. जलवायु परिवर्तन र यसले मानव जीवनमा पारेको नकारात्मक असरहरूको सन्दर्भमा उक्त समस्या र असरउपर भरपर्दो जानकारी र सूचनालगायत क्षेत्रगत तथा विषयगत सूचना उपलब्ध गराउने संयन्त्र बनाउन हरेक जिल्ला समन्वय समितिले समन्वयकारी भूमिकाका लागि पहल गर्ने।

४. समुदायमा आधारित जलवायु अनुकूलन तथा न्यूनीकरणका उपायलई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रमको तर्जुमा तथा त्यसको प्रभावकारी कार्यान्वयनमा राष्ट्रिय, प्रदेश तथा स्थानीय सरकार, निजी क्षेत्र गैरसरकारी संस्थाको समन्वयकारी भूमिकामा जोड दिने।

५. जलवायु परिवर्तन तथा वातावरणीय अनुकूलन प्रविधि विकास र उपयोग तथा आवश्यक जनशक्तिको क्षमता अभिवृद्धि गर्न विशेष कार्ययोजना निर्माण गरेर त्यसको प्रभावकारी कार्यान्वयन गर्न सबै तहको सरकारसँग जिल्ला समन्वय समितिले सहकार्य गर्ने।

६. जलवायुका कारण उत्पन्न जोखिम तथा प्राकृतिक प्रकोपको न्यूनीकरणका लागि स्थानीय अनुकूलन योजना निर्माण र त्यसको प्रभावकारी कार्यान्वयन गर्ने तथा स्थानीय तहमा नीति कार्यान्वयनका लागि आवश्यक कानुनी व्यवस्था लागू गर्न जोड दिने।

७. जलवायु परिवर्तनसम्बन्धी महासन्धीको केन्द्रबिन्दूमा स्थानीय बासिन्दा रहेकाले वातावरणीय तथा जलवायु परिवर्तनका मुद्दाको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा पैरवी गर्दा स्थानीय समस्या तथा गरिएका समाधानका प्रयासलाई जोड दिने।

८. राष्ट्रिय, प्रादेशिक र स्थानीय रणनीति, नीति तथा योजना बनाउँदा जलवायु परिवर्तनलाई विशेष जोड दिँदै जलवायु कोषको व्यवस्था गर्ने र कार्यान्वयनमा पारदर्शिता ल्याउने।

९. वातावरणलाई बिगारेर होइन, सिँगारेर गरिनुपर्छ भन्ने मूलमन्त्रलाई आत्मसात गर्दै जलवायुमैत्री विकासलाई प्रवर्द्धन गर्ने।

१०. जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धी सम्मेलनपूर्व नेपालको तयारीको रूपमा राष्ट्रिय जलवायु सम्मेलनको निरन्तर आयोजना गर्ने।

जनचेतना बढाउनसमेत जिल्ला समन्वय समिति महासंघ नेपाल सफल होस् भन्नुभयो। नेपालले वातावरण नबिगारेको र नमासेको तर त्यसको असर दण्डका रूपमा भोग्न बाध्य हुनुपर्ने अवस्थाबाट छुट्कारा पाउनुपर्छ। यसका लागि विद्यालय पाठ्यक्रममा विषय राख्नुपर्छ। प्रकृतिलाई बिगारेर होइन, सिँगारेर विकास गर्नुपर्छ' भन्ने आह्वान गर्नु भएको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को उपदफा ११ को 'ञ' मा स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता (१२) मा वातावरण संरक्षण र जैविक विविधतासम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन (१३) स्थानीय स्तरमा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन तथा (१८) मा स्थानीय स्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन विषयलाई गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारभित्र समावेश गरिएको छ।

यसका साथै यसै ऐनको प्रावधानअनुसार गाउँपालिका, नगरपालिकाले संघ तथा प्रदेशसँगको सहकार्यमा दफा ११ (४) 'ङ' अनुसार वनजंगल, वन्यजन्तु, चराचुरुङ्गी, जल भूभाग, वातावरण पर्यावरण तथा जैविक विविधताअन्तर्गत २६ वटा उपदफामा काम र कर्तव्यबारे उल्लेख गरेको छ। तर यस विषयमा गत वर्षको स्थानीय तहको नीति तथा कार्यक्रम र बजेटमा यस विषयले प्राथमिकता पाएको देखिएको छैन। जलवायु परिवर्तनको असरस्वरूप पेचिलो पाटोका रूपमा २०७२ को भूकम्प २०७३ को बाढी, जुरेको पहिरोजस्ता विषयले राष्ट्रिय स्तरमा तरङ्ग ल्याएको, भूकम्पले क्षतविक्षत पारेको सिन्धुपाल्चोक र त्यसको पुनर्निर्माण व्यवस्थापन सचेतका विषयलाई समेटेर राष्ट्रिय जलवायु सम्मेलन गर्ने प्रस्ताव तयार पारेको छ।

जिल्ला समन्वय समिति सिन्धुपाल्चोकले स्थानीय प्रसारमा व्यवस्थापन मिलाउँदै राष्ट्रिय स्वरूप दिन कसरी सकिन्छ भनेर जिसस महासंघसँग औपचारिक अन्तर्क्रिया गरेपछि यसलाई जिल्ला समन्वय समितिको संवैधानिक दायित्वभित्रको सन्तुलित विकासमा समन्वय र विकास निर्माणका कार्यको अनुगमन गर्ने कार्यसँग सम्मेलनको जिम्मा दिइएको थियो।

महासंघले लिने प्रबन्ध मिलाई यही पुस १६ र १७ गते मेलम्ची नगरपालिका, ज्यामिरेको गुफाडाँडामा सम्माननीय राष्ट्रपतिलाई प्रमुख अतिथि बनाई नेपाल सरकारका संघीय मामिला र सामान्य प्रशासनमन्त्री, वन तथा वातावरणमन्त्री लगायत प्रदेश नं. ३ सरकारका मन्त्री, सांसदसहित सिन्धुपाल्चोकका सबै स्थानीय तह (१२ वटै) वातावरणसम्बन्धी काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था, स्थानीय व्यवसायी, उद्योग, वाणिज्य संघ र सामाजिक अभियन्तासहित करिब ५०० जनाको सहभागिता गराई भव्यताका साथ सम्मेलन आयोजना गरियो। जहाँ १० बुँदे घोषणा-पत्रसमेत जारी भएको छ।

यसै प्रगति प्रसंगलाई टेकेर महासंघले जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि देशव्यापी वातावरण सन्तुलनका क्रियाकलाप सञ्चालन गर्न

सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारी जलवायु सम्मेलनलाई सम्बोधन गर्दै।

स्थानीय तहसँग समन्वय गरी सहजीकरण गर्ने, हरेक वर्ष पुस १६ गतेलाई राष्ट्रिय जलवायु दिवसका रूपमा राष्ट्रिय कार्यक्रम गर्ने प्रबन्धका लागि नेपाल सरकारसमक्ष प्रस्ताव गरेको छ। सिन्धुपाल्चोक गुफाडाँडालाई राष्ट्रिय जलवायु अध्ययन केन्द्र सहितको वातावरण पार्क निर्माण गर्न मेलम्ची नगरपालिकाले प्रस्ताव गरेकोमा महासंघले समन्वय गरी प्राविधिक तथा आर्थिक व्यवस्थापनमा सहजीकरण गर्ने प्रबन्ध मिलाएको छ।

राष्ट्रपतिकै संरक्षणमा ७७ वटै जिल्ला समन्वय समितिको नेतृत्वमा जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण गर्ने प्रयोजनका लागि स्थान विशेषको वातावरण, जलवायु, विपद्, व्यवस्थापन र जैविक विविधता संरक्षणमा स्थानीय तहसँग समन्वय सहकार्य गर्ने र देशव्यापी वातावरण परिवर्तनको सचेतना कार्यक्रम सञ्चालन तथा अध्ययन प्रतिवेदन बनाई नेपाल सरकारलाई उपलब्ध गराउने प्रक्रिया सुरु गर्नुले पनि जलवायु परिवर्तनका असर कम गर्न मद्दत पुग्ने अपेक्षा गर्न सकिन्छ।

यसका साथै जलवायु सम्मेलनपश्चात जारी १० बुँदे घोषणा-पत्रको कार्यान्वयनमा सबै जिससको संयोजकत्वलाई साथ दिन संघ, प्रदेश तथा जलवायु परिर्वतनको असर न्यूनीकरणमा काम गर्न नेपालमा उपस्थित विकास साझेदार तथा अन्तर्राष्ट्रिय संस्थाहरूलाई हार्दिक अपिल गरिएको छ।

❖❖❖

नेपालको राज्य संरचनाअनुसार संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको विकास एजेण्डामा जलवायु परिवर्तनका असर न्यूनीकरण तथा यसको संरक्षणसम्बन्धी नियमित क्रियाकलापका रूपमा समावेश गरिनु आवश्यक छ ।

● ● ●

नेपालमा औद्योगिक विकासले गति लिइरहेको र छिमेकी ठूला मुलुकले औद्योगिक उत्पादनमा संसारसँग प्रतियोगिता गरिरहेको अवस्थाले छिमेकीका अनेक क्रियाकलापले समेत जलवायुमा असन्तुलन बढेको र यसको प्रभाव हामीलाई पनि पर्दै आएको छ ।

'दिगो विकास लक्ष्य प्राप्त गर्न राजनीतिक नेतृत्वसँग प्रशासनले हातेमालो गर्नुपर्छ, निजी क्षेत्रको ७० प्रतिशत लगानी हुनुपर्छ'

दसौं योजनामा पहिलोपटक लग फ्रेम राखेर एक्सन, भिजन र आउटकम के हुनुपर्छ भनेर काम गऱ्यौं । द्धन्द्धको समय भएकाले यी सबै काम भनेजसरी हुन सकेनन् । गरिबी निवारण रणनीति पत्रमा राखिएका चार पिलर उच्च र दिगो आर्थिक विकास, मानव विकास, समावेशी विकास र सुशासन राखेपछि सबै दाताले सहयोग गर्छन् भन्ने थियो र भयो पनि। समुदायलाई समावेश गराएर काम गर्ने ढाँचा पनि यहीबाटै सुरु भएको हो ।

डा. शंकर शर्मा
वरिष्ठ अर्थशास्त्री
तथा योजनाविद्

डा. शंकर शर्मा पछिल्ला केही वर्ष समुन्नतीको टिम लिडरका रूपमा कार्यरत हुनुहुन्छ । अमेरिकाका लागि पूर्वनेपाली राजदूत डा. शर्मा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष हुनुहुन्थ्यो । "मेरो पेन्सन बढ्यो, तर देश समस्यामा पऱ्यो जसका कारण वित्तीय भारले देश डुब्छ कि भनेर टेन्सन बढेको हो" भनेर बजेटबारे प्रतिक्रिया दिने शर्माले देशको अर्थनीति राम्ररी बुझ्नुभएको छ । उहाँले नेपाल सरकारलाई आवश्यक सुझाव तथा परामर्श दिँदै आउनुभएको छ । वरिष्ठ अर्थशास्त्री तथा योजनाविद् उहाँले संघीय, प्रादेशिक र स्थानीय सरकारबीचको समन्वयमा कसरी दिगो विकास लक्ष्य अघि बढिरहेको छ भन्नेमा पनि गहन विश्लेषण गर्नुभएको छ । उहाँको दूरदृष्टि गोपीकृष्ण दुंगानाका प्रश्नमा,

▶ देशको विकास राजनीतिलाई कसरी हेर्नु भएको छ ?

विकासको नेतृत्व दिने काम राजनीतिले नै गर्दोरहेछ । प्रशासन र विज्ञको समूहले मात्र गर्न सक्ने कुरो यो होइन । भिजन दिने र कार्यान्वयनमा लिडरसीप दिने कुरा दुईवटै राजनीतिक तहबाटै आउनुपर्ने रैछ । कार्यान्वयन पक्षमा राजनीतिक व्यक्तित्वहरू प्रशासनिक क्षेत्रसँग मिलेर/नमिलेर स्वार्थका व्यापारिक समूहसँग मिलेर काम गर्न खोजे अगाडि बढ्नै सक्दैन । देश र संविधानको हितमा आधारित भएर जाने हो भने विज्ञलाई राखेर बाटो तय गर्नुपर्छ । विकासको बाटोका लागि प्रतिफल आउने यहीबाट हो ।

▶ योजना आयोगमा रहँदा देशको मार्गचित्र कस्तो देख्नुभयो ? उपाध्यक्ष हुँदा के कस्ता महत्वपूर्ण काम भए ?

उपाध्यक्ष हुँदाको समयमा द्वन्द्व चर्किरहेको थियो । यस्तो बेलामा दुई काम गर्नु पर्ने थियो । इन्टरनल सेक्यूरिटी एन्ड डेभलपमेन्ट प्रोग्राम सुरु भएको थियो । सुरक्षासँगै विकास पनि लिएर जाने र विकास लिएर गएपछि सुरक्षाका चुनौति पनि घट्दै जाने हुन्छ भन्ने थियो । दोस्रो, गरिबी निवारण रणनीति पत्र निकाल्नुपर्छ भन्ने थियो । यसले यसमा फोकस कार्यक्रम आउँछन्

''म उपाध्यक्ष हुँदाको समयमा द्वन्द्व चर्किरहेको थियो । यस्तो बेलामा दुई काम गर्नु पर्ने थियो । इन्टरनल सेक्यूरिटी एन्ड डेभलपमेन्ट प्रोग्राम सुरु भएको थियो । सुरक्षासँगै विकास पनि लिएर जाने र विकास लिएर गएपछि सुरक्षाका चुनौति पनि घट्दै जाने हुन्छ भन्ने थियो । दोस्रो, गरिबी निवारण रणनीति पत्र निकाल्नुपर्छ भन्ने थियो । यसले यसमा फोकस कार्यक्रम आउँछन् भनेकाले ती र सँगै दसौं योजना पनि ल्यायौं । नेपालमा पहिलोपटक रणनीति पत्रकै आधारमा वर्ल्ड बैंकबाट बजेटरी सपोर्ट भयो । पत्र बनाएकोमा विश्व बैंक र आईएमएफडीले पनि 'वान अफ द बेस्ट पेपर इन द वर्ल्ड' भनेर लेखेकै छन् ।''

● ● ●

''सहस्राब्दी विकास कोषको लक्ष्य राखेका थिए त्यो सकियो । अब पनि यस्तै नयाँ एजेन्डा राख्नु पर्‍यो भनेर त्यही गरिबी निवारणकेन्द्रीत मानव विकासकै यो दिगो विकास लक्ष्य सुरु भएको हो । यसमा हामीले नै देशको अवस्थाअनुसार गरिबी निवारण, मानव विकास, आर्थिक विकास, सामाजिक विकास आदि कुन क्षेत्रलाई प्राथमिकता आफैंले छनोट गर्नुपर्छ । सहस्राब्दीको धेरै उद्देश्य हासिल पनि गरिसकेकाले यसमा पनि प्राथमिकताका साथ काम गर्न सके उपलब्धीमूलक होला, सबै छान्यौं भने गाह्रो हुन्छ ।''

भनेकाले ती र सँगै दसौं योजना पनि ल्यायौं । नेपालमा पहिलोपटक रणनीति पत्रकै आधारमा वर्ल्ड बैंकबाट बजेटरी सपोर्ट भयो । पत्र बनाएकोमा विश्व बैंक र आईएमएफडीले पनि वान अफ द बेस्ट पेपर इन द वर्ल्ड भनेर लेखेकै छन् । दसौं योजनामा पहिलोपटक लग फ्रेम राखेर एक्सन, भिजन, आउटकम के हुनुपर्छ भनेर काम गर्‍यौं । द्वन्द्वको समय भएकाले यी सबै काम भनेजसरी हुन सकेनन् । गरिबी निवारण रणनीति पत्रमा राखिएका चार पिलर उच्च र दिगो आर्थिक विकास, मानव विकास, समावेशी विकास र सुशासन राखेपछि सबै दाताले सहयोग गर्छन् भन्ने थियो । समुदायलाई समावेश गराएर काम गर्ने ढाँचा पनि यहीबाटै सुरु भएको हो ।

▶ त्यतिबेला सहस्राब्दी विकास लक्ष्यका कुरा थिए, अहिले दिगो विकास लक्ष्य आएको छ ?

सहस्राब्दी विकास कोषको लक्ष्य राखेका थिए त्यो सकियो । अब पनि यस्तै नयाँ एजेन्डा राख्नु पर्‍यो भनेर त्यही गरिबी निवारणकेन्द्रीत मानव विकासकै यो दिगो विकास लक्ष्य सुरु भएको हो । यसमा हामीले नै देशको अवस्थाअनुसार गरिबी निवारण, मानव विकास, आर्थिक विकास, सामाजिक विकास आदि कुन क्षेत्रलाई प्राथमिकता आफैंले छनोट गर्नुपर्छ । सहस्राब्दीको धेरै उद्देश्य हासिल पनि गरिसकेकाले यसमा पनि प्राथमिकताका साथ काम गर्न सके उपलब्धीमूलक होला, सबै छान्यौं भने गाह्रो हुन्छ ।

▶ नेपालको गरिबी निवारणमा अब के गर्नुपर्ला ?

सन् १९९६ मा नेपालमा गरिबी ४२ प्रतिशत थियो । सन् २०११ नेस्रो राउन्डको लिभिङ स्ट्यान्डर्ड सर्भे गर्दा घटेर २५ प्रतिशतमा झरेको थियो । त्यसपछि सर्भे भएको छैन तर अझै घटेको होला । यो घटाउने एउटा आधार रेमिट्यान्स देखिएको छ । यसमै निर्भर छौं । तर यसबाट हुन्छ भन्ने छैन त्यसैले आर्थिक वृद्धिदर हासिल गर्नुपर्छ । शिक्षा र स्वास्थ्यमा लगानी गरी विकास गर्दै जानुपर्छ ।

▶ दिगो विकास लक्ष्यमा नेपालले गर्नुपरेका चुनौति र अवसर के होलान् ?

रेमिट्यान्सको रकम आउने शिक्षा र स्वास्थ्यमा खर्च हुने भएपछि उपभोगमा गयो । केही आधारमात्र भयो । तर अहिले यो रकम पनि घट्न थाल्यो । आर्थिक वृद्धिदर अघि जान सकेन भने समस्या हुन्छ । सरकार विकट भूगोल र पिछडिएका समुदायजस्ता कतिपय ठाउँमा अझसम्म पुगेको छैन । निजी क्षेत्र पनि नजाने र सरकारी कर्मचारी पनि जान नमान्ने प्रवृत्ति छ ।

▶ स्थानीय सरकारले दिगो विकास लक्ष्यमा के कस्ता काम गर्नुपर्छ ?

स्थानीय पूर्वाधारसँगै वातावरण, शिक्षा र स्वास्थ्यको कुरामा स्थानीय तहलाई धेरै जिम्मेवारी दिइएको छ । आर्थिक वृद्धि र गरिबी निवारणमा भने प्रदेश र संघीय सरकार पनि सहकार्यमा जानुपर्छ किनकी तहको स्रोत एकदमै कम छ । त्यसैले आय आर्जनका धेरै काम पनि गर्न सक्दैनन् । आर्जनमात्र गरेर भएन, बजारसँग पनि गाँसिनु पर्‍यो । बजारसँग गाँसिएरमात्र पनि भएन त्यसका लागि सडक सञ्जाल पनि त्यहीअनुसार हुनुपर्‍यो । सबैका लागि राजनीतिक नेतृत्वसँगै प्रशासनिक पाटो पनि हातेमालो गर्न तत्पर हुनुपर्छ । निजी लगानीलाई प्रोत्साहित पार्दै उचित वातावरण बनाउनुपर्छ । स्थानीय स्तरमा पनि कमसेकम ७० प्रतिशत लगानी निजी क्षेत्रबाटै आउनुपर्छ ।

रेमिट्यान्सलाई लगानी गरी उत्पादनमूलक बनाउन स्थानीय सरकारले कस्तो भूमिका निर्वाह गर्नुपर्ला ?

विदेशिएका युवाको धेरै बचत हुन सक्दैन भनेर अध्ययनहरूले देखाएको छ । जति हुन्छ त्यसलाई स्थानीय सरकारले मल, बीउ आदिमा अनुदान र प्राथमिकता दिने वा बचत हुने विकल्प दिनुपर्छ । पर्यटन वा अन्य उद्योगमा लगानी गर्ने ठाउँ खोजी सुरक्षित वातावरण दिन सके युवा प्रोत्साहित पनि हुन्छन् । यस्तो बनाउन सके साना साना बचतकर्ता र अन्य निजी क्षेत्र पनि आकर्षित हुन्छ ।

❖❖❖

'जनप्रतिनिधिबाट दिगो विकास लक्ष्य सम्भव छ'

"सन् २०३० सम्म दिगो विकास लक्ष्य पूरा गर्ने राष्ट्रिय लक्ष्य पूरा गर्न स्थानीय तहहरूले आफ्ना कार्यक्रममार्फत सघाउ पुऱ्याउने गरेको पाइन्छ । आवधिक योजनामा दिगो विकास लक्ष्य पूरा गर्न कार्यान्वयनयोग्य कार्यक्रम ल्याउनुपर्छ ।"

सीताकुमारी सुन्दास
अध्यक्ष
जिल्ला समन्वय समिति महासंघ

२०३८ सालदेखि विद्यार्थी संगठनमा आवद्ध हुँदै राजनीतिक यात्रा सुरु गरेकी सीताकुमारी सुन्दास हाल केन्द्रीय सचिवालय सदस्य बन्नु भएको छ । अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनबाट सुरु भएको यात्रा अखिल नेपाल महिला संघ, गाउँ तयारी समिति, इलाका, क्षेत्र, जिल्ला, अञ्चल हुँदै केन्द्रको जिम्मेवारी यसअघि सम्हालिसक्नुभएको छ । समाजशास्त्रमा स्नातकोत्तर तहसम्मको अध्ययन गर्नुभएकी सुन्दासले नेपाल उत्पीडित जातीय मुक्ति समाजको जिल्ला सदस्य सचिव, अञ्चल सदस्य र केन्द्रीय सदस्य भई काम गरिसक्नुभएको छ । उहाँ नेकपा माले र नेकपा एमालेमा गाउँ कमिटी, नगर कमिटी, क्षेत्रीय कमिटी, जिल्ला कमिटी, गण्डकी अञ्चल कमिटीमा रहेपछि राष्ट्रिय प्रतिनिधि सदस्य हुँदै हाल केन्द्रीय कमिटी सदस्य हुनुभएको हो । जिल्ला समन्वय समिति, स्याङ्जाकी प्रमुख उहाँले जिल्ला समन्वय समिति (जिसस) महासंघ, नेपालको नेतृत्व सम्हालिरहनु भएको छ । महासंघकी अध्यक्ष सुन्दाससँग विनोदप्रसाद ढकालले गरेको कुराकानी :

▶ महासंघमा के कस्ता अवसर र चुनौति छन् ?

राज्य सञ्चालन नयाँ संरचनामा छ तर जिल्लासँगको जनचाहना र अपेक्षा पुरानै छन् । मानिस आज पनि जिससलाई जिल्ला विकास समितिकै रूपमा बुझ्छन् तर अवस्था फेरिएको छ । पर्याप्त जानकारी दिन नसक्दा आज पनि नागरिक स्थानीय योजना र आर्थिक सहायताका लागि हामीकहाँ आउने गर्छन् । जुन कुरा हाम्रो कार्यक्षेत्रभित्र पर्दैन । जनताको अपेक्षा पूरा गर्न नसक्दा असहज महसुस भएको छ । जिल्ला समन्वय समितिलाई संविधानले तोकेका कार्यहरू सञ्चालन गर्न न्यूनतम पनि स्रोतसाधन उपलब्ध नहुँदा कार्य सम्पादनमा समस्या परेको छ ।

संविधानले जिससको भूमिकासम्बन्धी प्रावधान (धारा २२०) राखेको छ तर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा जिल्ला सभा र समन्वय समितिको बारेमा स्पष्ट व्याख्या नगरेकाले सरकारका निकाय र सहयोगी दाताहरू जिल्ला समन्वय समितिको भूमिका देख्दैनन् । ऐनअनुसार कार्य गर्नसमेत आवश्यक जनशक्ति र बजेटको अभाव छ । जिसस नयाँ भूमिकामा भएको र जनताको सोच पुरानै रहेकाले कता कता जनइच्छाअनुसार काम गर्न नपाइने हो कि भन्नेजस्तो लाग्दछ । साथै प्रदेश सभाले स्थानीय सरकार सञ्चालनसम्बन्धी कानुन तयार नगरिदिँदा कार्य सम्पादनमा समस्या भएको छ । संघ र प्रदेश सरकारले स्पष्ट कानुन बनाएर जिससहरूले काम गर्ने वातावरण सृजना गर्न जरुरी छ । साथै जिससका पदाधिकारीको मर्यादाक्रम व्यावहारिक नभएको हुँदा सेवा, सुविधालगायत संस्थागत प्रतिनिधित्वमा समेत असहज भएको छ । तथापि हालको जुन कार्यक्षेत्र छ त्यसलाई संघीय सरकारले जिससको भूमिकालाई अझ प्रष्ट पार्न छुट्टै ऐनको व्यवस्था गर्नेछ । अनुगमन तथा समन्वय कार्य अझ प्रभावकारी ढंगले सम्पादन गर्न सकिन्छ भन्नेमा आशावादी छौं ।

▶ महासंघको अध्यक्ष जस्तो महत्वपूर्ण पदमा आइपुग्ने अवसर कसरी प्राप्त भयो ?

पार्टीमा निरन्तर लागेको कारणले पार्टीको सिफारिसबाट जिसस, स्याङ्जाको प्रमुख मा निर्वाचित हुने अवसर मिल्यो। जिसस महासंघको राष्ट्रिय परिषद्बाट ७७ वटै जिससको विश्वासमा महासंघको अध्यक्ष हुने पनि सौभाग्य प्राप्त भएको छ।

▶ महासंघको नेतृत्व सम्हालिरहँदा कस्तो अनुभव गर्दै हुनुहुन्छ?

संघीयता नै नयाँ संरचना भयो। सबैको मानसिकता पुरानै छ। नयाँ संरचनामा जिम्मेवारी तथा भूमिका फरक छ। हिजोको जिल्ला विकास समिति (जिविस) को जस्तो स्रोत, साधन, जनशक्ति हुने भएन। हिजो जिविस राष्ट्रिय महासंघले सरकारी तथा गैरसरकारी क्षेत्रको सहयोगमा धेरै काम गर्ने गर्दथ्यो तर अहिले जिसस महासंघको अवस्था त्यस्तो छैन। जिसस महासंघ जिससहरूको संस्थागत क्षमता अभिवृद्धिका लागि विभिन्न प्रस्तावका साथ सरकार तथा दातासँग समन्वय गर्दैछ। यसमा समय लागेको छ तर आशा छ यसको नयाँ भूमिकाको महत्व र आवश्यकता हिजोका दिनमा भन्दा कम हुने छैन। नेपालमा संघीयता ल्याए विकास हुन्छ भन्ने विकास साझेदार, सहयोगी राष्ट्र तथा विभिन्न संघसंस्थाहरू आजको अवस्थामा स्थानीय तहका दुई छुट्टाछुट्टै कार्यक्षेत्र भएका स्थानीय तह (कार्यकारी भूमिकामा रहेका पालिका र अनुगमन, समन्वय र सहजीकरण गर्ने भूमिकामा रहेको जिसस) को क्षमता विकासमा सहयोगी हुने अपेक्षा गरेको छु।

▶ महासंघले के कस्ता गतिविधि सञ्चालन गरिरहेको छ ?

जिसस महासंघको परिषद्, २०७४ माघ १० र ११ मा काठमाडौंमा सम्पन्न भयो तत्पश्चात तत्कालिन जिविस महासंघ, नेपाल २०५२ को विधान संशोधनका लागि गृह मन्त्रालयमा निवेदन दियौं। लामो समयपछि जिल्ला समन्वय समिति महासंघ नेपालको विधान संसोधन भयो (नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/६/५ गतेको बैठकबाट स्वीकृत)। तत्पश्चात निम्न महत्वपूर्ण कार्यहरू भएका छन्,

१. जिससका पदाधिकारीहरूको मर्यादाक्रम नतोकिएकाले सोका लागि सम्माननीय प्रधानमन्त्री र गृह मन्त्रालयमा ध्यानाकर्षण गरायौं। यसपछि मर्याक्रम नमिलेको तथा छुटेको सम्बन्धमा (विशेषतः उप-प्रमुख र सदस्यहरूको मर्यादाक्रमका लागि) सरकारसँग आग्रह तथा समन्वय गरिहेका छौं।

२. महासंघ मार्फत जिससहरूका लागि कानुनको मस्यौदा तयार पारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानुन मन्त्रालय लगायत विभिन्न मन्त्रालय र राष्ट्रिय योजना आयोगमा पेश गर्‍यौं। सोही मस्यौदा सातवटै प्रदेश मुख्यमन्त्री लगायत, कानुनमन्त्री र मन्त्रालयमा पेश गर्‍यौं र जिसस महासंघ प्रदेश समितिहरू मार्फत ध्यानाकर्षण गरायौं।

३. संविधानमा उल्लेख भएअनुसार जिससको समन्वय, अनुगमन, सन्तुलित विकासका लागि स्पष्ट कानुन, ऐन, कार्यविधि बन्नु जरुरी छ। सोही अनुरूप संघ र प्रदेश सरकारलाई सुझाव प्रेषित गर्ने काम गरेका छौं। स्थानीय सरकार सञ्चालन ऐन संशोधन गरेर जिससका पदाधिकारीको काम, कर्तव्य र अधिकारबारे उल्लेख गर्न दफावार सुझावहरू सरकारलाई दिएका छौं।

४. २०७४ माघ १० र ११ परिषद्को बैठकबाट २६ बुँदे र २०७५ असोज २३ गते राष्ट्रिय भेलाबाट १२ बुँदे घोषणा-पत्र जारी गरेका छौं। जसमा महासंघको भूमिका जिससको भूमिका तथा राजनीतिक कार्यकर्ता र निर्वाचित जनप्रतिनिधिसमेत भएकाले जनताको सेवा गर्ने प्रष्ट हैसियत किटान हुनु पर्ने, आवश्यक स्रोतसाधन उपलब्ध गराएर यसको भूमिका प्रभावकारी बनाउनु पर्ने तथा नयाँ भूमिकाको विषयमा सिकाईको अवसर तथा क्षमता विकासका कार्य सञ्चालनको प्रबन्ध हुनुपर्ने विषय उठाएका छौं।

५. यही २०७५ पुस १६ र १७ मा सिन्धुपाल्चोक जिल्ला मेलम्ची नगरपालिकाको गुफाडाँडामा प्रथम राष्ट्रिय जलवायु सम्मेलन सम्पन्न गरेका छौं। उक्त कार्यक्रममा सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले समुद्घाटन र सम्बोधन गर्नु भएको थियो। 'सम्वृद्ध नेपाल र सुखी नेपाली' को अभियानमा समाहित हुने क्रममा मानवतासँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकार र विषय वस्तुमा व्यापक छलफल भयो। यसले जनचेतना तथा जनमतका लागि महासंघ क्रियाशील छ भन्ने सन्देश दिएको छ। जलवायु सम्बन्धी विषयलाई सामाजिक तथा आर्थिक रूपान्तरणसँग जोडेर यसको विश्वव्यापी परिर्वतन तथा त्यसका असरको न्यून प्रभावमात्र पार्न सके पनि हाम्रा नागरिक र भावी सन्ततिको जीवन सुनिश्चित हुनेछ भन्ने सन्देशसमेत दिएको छ। प्रकृतिलाई बिगारेर होइन, श्रृंगारेर जोगाऔं भन्ने राष्ट्रपतिज्यूको सन्देशले हामीलाई उर्जा मिलेको छ।

सन् २०३० सम्म दिगो विकास लक्ष्य पूरा गर्ने राष्ट्रिय लक्ष्य पूरा गर्न स्थानीय तहहरूले आफ्ना कार्यक्रममार्फत सघाउ पुऱ्याउने गरेको पाइन्छ। प्रत्यक्ष वा परोक्ष रूपमा सबै कार्यक्रमले दिगो विकास लक्ष्यलाई बल पुऱ्याएकै हुन्छ। कतिपय स्थानीय तह आवधिक योजना तर्जुमा गर्ने प्रक्रियामा छन्। यस्ता योजनामा सामाजिक तथा आर्थिक विकासले प्राथमिकता पाएकै छन्। तथापि धेरैको जोड भौतिक पूर्वाधार विकासमै रहेको देखिन्छ। आवधिक योजना र वार्षिक कार्यक्रमको तादाम्यता नमिल्दा तोकिएका लक्ष्य पूरा नहुने आशंका नभएको होइन।

संविधानले जिससको भूमिकासम्बन्धी प्रावधान (धारा २२०) राखेको छ तर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा जिल्ला सभा र समन्वय समितिको बारेमा स्पष्ट व्याख्या नगरेकाले सरकारका निकाय र सहयोगी दाताहरू जिल्ला समन्वय समितिको भूमिका देख्दैनन् । ऐनअनुसार कार्य गर्नसमेत आवश्यक जनशक्ति र बजेटको अभाव छ । जिसस नयाँ भूमिकामा भएको र जनताको सोच पुरानै रहेकाले कता कता जनइच्छाअनुसार काम गर्न नपाइने हो कि भन्नेजस्तो लाग्दछ ।

▶ तपाईको कार्यकालमा महासंघको भविष्य कस्तो हुनेछ ?

महासंघलाई ७७ वटै जिल्लाको छाता संगठनका रूपमा काम गर्दै सरकार तथा आमनागरिकका लागि विश्वासयोग्य संगठनको रूपमा स्थापित गर्नेछु ।

महासंघलाई राष्ट्रिय स्तरको एक सशक्त छाता संगठनका रूपमा विकास गर्न हामीले निश्चित कार्ययोजना अघि बढाएका छौं,

- संघीय संरचना अनुसार भूमिकामा जिससलाई क्रियाशील बनाई सेवाप्रवाहमा सबै स्थानीय तहलाई सहजीकरण गर्ने ।
- कार्यान्वयन कार्ययोजना तयारीका लागि प्रस्ताव तयार गर्ने । स्थानीय पालिकाहरूको क्षमता विकासका कार्य गर्ने । प्राकृतिक स्रोतसाधनको संरक्षण तथा परिचालनका लागि जिल्ला स्तरमा रणनीति बनाउने तथा पालिकामार्फत त्यस्ता कार्य सञ्चालन गर्न सघाउने योजना छ । यसरी कार्य सम्पादनको अनुगमन तथा सहजीकरण गर्ने ।
- महासंघमा विभिन्न विषयका विषेशज्ञको सेवालाई स्थानीय तहको आवश्यकताअनुसार परिचालन गर्न नीतिगत तथा कार्यगत प्रबन्धका विषयमा ज्ञान, सीप क्षमता विकासका सामाग्री निर्माण गरी तालिम, गोष्ठी तथा अन्तर्क्रिया र कार्यशालामार्फत जनप्रतिनिधि तथा कर्मचारीको कार्य सम्पादन क्षमता वढाउन सहजीकरण गर्ने ।
- प्रदेश र संघलाई स्थानीय तहका सिकाइहरूबाट नीतिगत सुधार, योजना तर्जुमा र कार्यक्रम निर्माण तथा परिमार्जनमा पृष्ठपोषण गर्ने ।

▶ दिगो विकासका लक्ष्यहरू पुरा गर्न स्थानीय तहले के कस्ता प्रयासहरू गरेका छन् ?

सन् २०३० सम्म दिगो विकास लक्ष्य पूरा गर्ने राष्ट्रिय लक्ष्य पूरा गर्न स्थानीय तहहरूले आफ्ना कार्यक्रममार्फत सघाउ पुऱ्याउने गरेको पाइन्छ । प्रत्यक्ष वा परोक्ष रूपमा सबै कार्यक्रमले दिगो विकास लक्ष्यलाई बल पुऱ्याएकै हुन्छ । कतिपय स्थानीय तह आवधिक योजना तर्जुमा गर्ने प्रक्रियामा छन् । यस्ता योजनामा सामाजिक तथा आर्थिक विकासले प्राथमिकता पाएकै छन् । तथापि धेरैको जोड भौतिक पूर्वाधार विकासमै रहेको देखिन्छ । आवधिक योजना र वार्षिक कार्यक्रमको तादाम्यता नमिल्दा तोकिएका लक्ष्य पूरा नहुने आशंका नभएको होइन । आवधिक योजनामा दिगो विकास लक्ष्य पूरा गर्न कार्यान्वयनयोग्य कार्यक्रम ल्याउनुपर्छ ।

▶ आगामी दिनमा के गर्नु पर्ला ?

हाम्रो समस्या भनेको योजना बनाइन्छ, ती राम्रा पनि हुन्छन् तर कार्यान्वयन हुन सक्दैनन् । बनेका योजना पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्‍यो । अर्थात् कार्यान्वयन गर्न सकिनेमात्र योजना बनाउनु पर्‍यो, यसैमा हाम्रो जोड रहन्छ । दिगो विकासका लक्ष्यलाई स्थानीयकरण गरी व्यावहारिक सूचक निर्धारण गर्नुपर्छ ।

सूचकमा आधारित भई कार्यक्रम तर्जुमा गर्नुपर्छ । यो कुरा योजना तर्जुमा र व्यवस्थापनसँग सम्बन्धित छ । योजना कसरी वनाउने र कसरी नतिजासँग आवद्ध गर्ने भन्ने विषयमा स्थानीय तहलाई प्राविधिक सहयोगको खाँचो छ । यसमा सम्बन्धित सबैको सहयोग आवश्यक देखिन्छ । भौतिक पूर्वाधार सम्बन्धी काम गर्दा वातावरणीय पक्षलाई विशेष ध्यान दिन हाम्रो जोड छ ।

▶ यसमा जिसस र महासंघको भूमिका कस्तो रहन्छ ?

यस विषयमा स्थानीय तहको ध्यान पुऱ्याउनका लागि अनुकूल वातावरण सिर्जना गर्ने कार्यमा महासंघले सहयोग गर्नेछ । यसमा नेपाल सरकार, विकास साझेदार र अन्य सहयोगी वा साझेदार निकायहरूले जिसस महासंघसँग सहकार्य गर्ने छन् भन्ने मेरो विश्वास छ । कानुनद्वारा व्यवस्थित नभएका अनुगमन र समन्वयले सही परिणाम दिन सक्दैन । तापनि आवश्यकताअनुसार स्थानीय तहको अनुगमन, जिल्लाका साझा मुद्दाहरूमा समन्वय बैठक, अन्तर्क्रिया, छलफल गोष्ठीजस्ता कार्यहरू गर्ने र जिल्लाको समग्र विकासका लागि जिससले सहयोगी भूमिका खेलिरहेको छ । जिसस आफैंमा कार्यकारी भूमिका नभई समन्वयकारी भूमिका भएकाले सोहीअनुरूपका कार्य योजनाहरू बनाएर अगाडि बढेका छौं ।

▶ अन्तमा, केही भन्नु छ ?

विकास राजनीतिक दाउपेचको विषय होइन । तर संघीयता कार्यान्वयनका लागि राजनीतिक परिपक्वता आवश्यक छ । यसका लागि उपलब्ध स्रोत, साधन तथा संरचनाहरूको उच्चतम परिचालन गर्नुपर्छ । संघीयता कार्यान्वयन सम्बन्धमा थप सम्वाद, छलफल, अन्तर्क्रिया आवश्यक छ । यसको नेतृत्व सरकारले लिनुपर्छ । यसपछि स्थानीय तह र नागरिक समाजको सहयोग महत्वपूर्ण हुन्छ । जनप्रतिनिधिले नागरिक सहभागितामा सही ढंगबाट स्रोत, साधन परिचालन गर्न सकेमा दिगो विकास लक्ष्य प्राप्त गर्न सम्भव छ ।

❖❖❖

स्वशासन अध्ययन प्रतिष्ठानका गतिविधिहरू

प्रतिष्ठानको १४औं साधारण सभा

स्वशासन अध्ययन प्रतिष्ठानको १४औं वार्षिक साधारण सभा प्रतिष्ठानको सभाकक्ष मध्यबानेश्वर, काठमाडौंमा २०७५ असोज २६ गते शुक्रबार सम्पन्न भएको छ। साधारण सभामा प्रतिष्ठानका कूल ३७ सदस्य (३४ व्यक्तिगत, ३ संस्थागत) मध्ये २७ जनाको उपस्थिति थियो।

सभाले कार्यकारी अध्यक्ष श्री वंशीधर घिमिरेको तर्फबाट सचिव तथा निर्देशक श्री विनोदप्रसाद ढकालद्वारा प्रस्तुत प्रतिष्ठानको आव २०७४/७५ को वार्षिक कार्य प्रगति प्रतिवेदन र आव २०७५/७६ को नीति तथा कार्यक्रमका साथै कोषाध्यक्ष श्री सूर्यशरण रेग्मीद्वारा प्रस्तुत आव २०७४/७५ को लेखा परीक्षण प्रतिवेदन र आव २०७५/७६ का लागि ९५ लाख एक हजार आठ सय ६० को अनुमानित बजेट तथा कार्यक्रम सहितको प्रतिवेदन सर्वसम्मत स्वीकृत गरेको छ।

प्रतिष्ठानले देहायका विषयलाई नीतिगत रूपमा अवलम्वन गर्नेसमेत निर्णय गरेको छ,

- आवश्यकता अनुसार स्थानीय तथा राष्ट्रिय सरोकारका विषयहरूमा अध्ययन, अनुसन्धान र अन्तरक्रिया गरी सरकारलाई पृष्ठपोषण गर्ने।
- सम्बन्ध विकास, साझेदारी, समन्वय र प्रतिस्पर्धाका आधारमा कार्यक्रमहरू खोज गरी कार्यान्वयन गर्ने।
- प्रतिष्ठानका गतिविधिसँग सम्बन्ध राख्ने वा यस्तै प्रकारका कार्य गर्ने राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ संस्था र निकायसँग समन्वय, सञ्जालीकरण र सहकार्य गर्ने।
- स्वायत्त शासन बुलेटिनको प्रकाशनलाई निरन्तरता दिने।
- प्रतिष्ठानको संस्थागत क्षमता विकासका लागि दिगो रणनीतिक अवधारणा तयार गरी भविष्यमा अझ प्रभावकारी ढंगबाट कार्यक्रम सञ्चालन गर्ने कार्यमा सघाउ पुऱ्याउन प्रतिष्ठानका संस्थापक अध्यक्ष श्री खेमराज नेपालको संयोजकत्वमा गठन गरिएको विज्ञ टोलीको कार्यलाई निरन्तरता दिने।

२०७५/७६ मा मुख्य रूपमा देहायका कार्यक्रम सञ्चालन हुनेछन्,

- स्थानीय तहको संस्थागत क्षमता र शासन पद्धति सम्बन्धी प्राविधिक सहयोग कार्यक्रम।
- स्थानीय शासन सम्बन्धी अध्ययन-अनुसन्धान कार्यक्रम।
- स्थानीय सरकार र संघीयता सम्बन्धी अन्तरक्रिया/गोष्ठी सञ्चालन।
- स्थानीय तहसँगको साझेदारीमा सञ्चालन हुने कार्यक्रम।
- लग ईन लगायतका अन्तर्राष्ट्रिय र राष्ट्रिय संस्था/संगठनसँगको सहकार्य र सहभागिता।

सामाजिक सुरक्षा कोषको संगठन विकास अध्ययन

नेपालको संविधानले नागरिकका लागि निश्चित हक तथा अधिकार सुनिश्चित गरेको छ। यस संविधानले लामो समयदेखि बहसको विषय बन्दै गरेको श्रमिकको हकलाई समेत सम्बोधन गरेको छ। संवैधानिक व्यवस्था अनुरूप श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गर्न तथा योगदानकर्तालाई सामाजिक सुरक्षा प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न 'योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४' कार्यान्वयनमा आइसकेको छ।

ऐनको दफा २६ ले सामाजिक सुरक्षाको सञ्चालन र व्यवस्थापन गर्न सामाजिक सुरक्षा कोषको व्यवस्था गरेको छ। यस कोषले आफ्नो सांगठनिक संरचना निर्धारण गरी ऐनमा व्यवस्था भए बमोजिमका सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन गर्नेछ।

मूलतः सामाजिक सुरक्षा कोषले योगदानकर्ताका लागि औषधोपचार तथा स्वास्थ्य सुरक्षा, मातृत्व सुरक्षा, दुर्घटना सुरक्षा, असक्तता सुरक्षा, वृद्ध अवस्था सुरक्षा, आश्रित परिवार सुरक्षा लगायतका योजना सञ्चालन गर्नेछ। कोषको तर्फबाट सम्पादन गर्नु पर्ने काम कारबाहीको सञ्चालन, रेखदेख र व्यवस्थापनका लागि श्रम तथा रोजगार मन्त्रालयका सचिवको अध्यक्षतामा सञ्चालक समिति गठन भएको छ। यस समितिले सामाजिक सुरक्षा योजना सम्बन्धी नीति तर्जुमा गर्ने, सामाजिक सुरक्षा सम्बन्धी विषयमा नेपाल सरकारलाई सुझाव दिने र सामाजिक सुरक्षा योजना सञ्चालन गर्ने सम्बन्धमा आवश्यक कार्य गर्नेछ।

आफ्नो कार्य सञ्चालनका लागि कोषको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहने र आवश्यकता अनुसार नेपालभित्र जुनसुकै ठाउँमा शाखा कार्यालय खोल्न सक्ने व्यवस्था ऐनले गरेको छ। यसै परिप्रेक्षमा स्वशासन अध्ययन प्रतिष्ठानले सामाजिक सुरक्षा कोष सम्बन्धी नेपाल नीति तथा ऐन, कानुन र अभ्यासहरूको अध्ययन विश्लेषण गरी सामाजिक सुरक्षा कोषको संगठन संरचना के-कस्तो राख्नुपर्ला भनी सुझाव सहितको अध्ययन प्रतिवेदन तयार गरेको छ। प्रतिष्ठानले प्रतिवेदन सामाजिक सुरक्षा कोषमा पेश गरिसकेको छ। यो प्रतिवेदन नेपाल सरकारवाट स्वीकृत भए बमोजिम कार्यान्वयनमा आउनेछ।

संगठनको साविकको संरचनामा मूलभूत सुधार गरी दुई विभाग, चार महाशाखा, ११ शाखा, आठ इकाई र एक सचिवालय सहितको नयाँ संगठन संरचना प्रस्ताव गरिएको छ। यो संगठन संरचना कार्यान्वयनमा आएपश्चात कोषको संगठन चुस्तदुरुस्त भई योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ ले निर्दिष्ट गरेको कार्य सम्पादन प्रभावकारी हुने विश्वास लिइएको छ।

अख्तियारको संस्थागत रणनीति तर्जुमा

संवैधानिक निकायका रूपमा स्थापित अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सार्वजनिक पद धारण गरेका व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरूपयोग गरेका सम्बन्धमा कानुन बमोजिम अनुसन्धान, तहकिकात र अभियोजनसम्बन्धी कार्यहरू गर्दै आएको छ। राज्यबाट उपलब्ध भएका अधिकार एवं स्रोतको दुरूपयोग नियन्त्रण गरी मुलुकमा सामाजिक तथा आर्थिक न्याय र सम्वृद्धि कायम गर्न नेपालको संविधान २०७२ को धारा २३८ र २३९ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको व्यवस्था गरिएको छ।

सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरूपयोग गरेको सम्बन्धमा कानुनबमोजिम अनुसन्धान तहकिकात एवं अभियोजन गर्न तथा अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानुन बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा मुद्दा दायर गर्न/गराउन सक्ने संवैधानिक व्यवस्था छ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोग स्थापना कालदेखि नै सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणका लागि उपचारात्मक, निरोधात्मक तथा प्रवर्द्धनात्मक कार्यहरूलाई निरन्तरता दिँदै सार्वजनिक सरोकारका अन्य बेथितिउपर छानबिन गरी अनुसन्धानको दायरामा ल्याउने र स्वेच्छाचारी ढंगले अधिकारको दुरूपयोग गरी आफ्नो स्वार्थसिद्ध गर्न खोज्नेउपर निगरानी, खबरदारी र कारबाहीलाई सशक्त बनाउने कार्यमा निरन्तर लागि परेको छ। भ्रष्टाचार विरुद्ध आफ्नो संस्थागत क्रियाकलाप सञ्चालन गर्न आयोगले २०७० मा ६ वर्षीय संस्थागत रणनीति (सन् २०१४-२०१९) तर्जुमा गरी लागू गरेको थियो। उक्त रणनीति आव २०७५/७६ सम्म कायम रहनेछ।

यसर्थ आगामी आव २०७६/७७ देखि लागू हुने गरी आयोगले संस्थागत रणनीतिक योजना तर्जुमा कार्य प्रारम्भ गरेको छ। यसका लागि प्रतिष्ठानले विज्ञको रूपमा प्राविधिक सहयोग उपलब्ध गराउनेछ। यो कार्य चालु अवस्थामा छ। यस रणनीतिक योजनाले आयोगको दीर्घकालीन सोच तय गरी मध्यमकालीन र तत्कालका लागिसमेत रणनीतिहरू तयार गर्नेछ। साथै रणनीति कार्यान्वयनका नतिजामूलक सूचक, कार्यक्रम र लगानी समेत प्रक्षेपण गर्नेछ।

सार्वजनिक सेवा प्रवाहसम्बन्धी प्राविधिक सहयोग

स्वशासन अध्ययन प्रतिष्ठान स्थानीय शासन, विकेन्द्रीकरण, स्रोत परिचालन, सार्वजनिक सेवा प्रवाह र यसको प्रभावकारिताका क्षेत्रहरूमा अध्ययन, अनुसन्धान गरी परामर्श सेवा दिने एक विशिष्टीकृत संस्थाको रूपमा छ। प्रतिष्ठानका सदस्य, विज्ञ तथा कर्मचारीले स्थानीय शासनका विविध क्षेत्रमा विज्ञता हाँसिल गरेका छन्।

स्थानीय आवश्यकता र मागका आधारमा प्रतिष्ठानले यस प्रकारका परामर्श सेवा उपलब्ध गराउँदै आएको छ। कतिपय अवस्थामा अनौपचारिक र निःशुल्क परामर्श दिने गरेको छ। यस्तो कार्य संस्थागत तथा व्यक्तिगत दुवै तरिकाले हुने गरेको छ। प्रतिष्ठानले खासगरी बालमैत्री स्थानीय शासन, स्थानीय नीति तथा योजना तर्जुमा, अनुगमन, मूल्यांकन, स्थानीय स्रोत परिचालन, संगठन विकास, संस्थागत क्षमता, समन्वय सूचना व्यवस्थापन लगायतका क्षेत्रमा निरन्तर राय सुझाव दिँदै आएको छ। यो प्रक्रिया चलिरहने छ।

राष्ट्रिय दुग्ध विकास बोर्डसँगको सहकार्यमा नेपालका दुग्ध उद्योगहरूमा जनशक्ति परिचालन र दुग्ध उत्पादन, यसको गुणस्तर र वित्तीय तथा व्यवस्थापकीय कार्य सम्पादन सम्बन्धी अध्ययन कार्य प्रारम्भ भएको छ। यो कार्य आगामी चार महिनामा सम्पन्न हुनेछ।

❖❖❖

एसडीजी, ख्वासी (ह्वासी)/चीन र 'सुखी नेपाली समृद्ध नेपाल'

गोपीकृष्ण ढुंगाना
अध्यक्ष, विकास पत्रकार मञ्च (फोडेज), नेपाल

ख्वासी (ह्वासी) गाउँमा कुनै बेला विवाह गर्ने बेलाको युवकलाई छिमेकी गाउँका कसैले पनि छोरी दिन मान्दैनथे । सुन्दा पत्याउनै कठिन यो वास्तविकता अहिले विल्कुल सपना बनेर उभिएको छ आसपासका गाउँलेकै लागि । सन् १९२८ मा चीनको चियाङ्सु प्रान्तको एक अति विपन्न ख्वासी गाउँमा अहिले भने सबै घरमा दुई/तीनवटै अत्याधुनिक कार र घरभित्र अत्याधुनिक उपकरण छन् ।

सन् १९८० को दसकमा समृद्ध बनिसकेको ख्वासी चीनकै सबैभन्दा समृद्ध गाउँ बनेको हो । यहाँ जति पढे पनि शुल्क लाग्दैन, न त बिरामीलाई उपचार खर्च नै । खानसमेत लगभग निःशुल्क छ । उ रनपाओले सन् १९६१ मा गाउँका तीन सय नागरिकलाई परिचालन गरेर अघि बढ्दा ख्वासी चीनको सिंगापुर बनेको हो । समृद्धि र वैभव देखेर आसपासका १६ गाउँ ख्वासीमै गाभिए भने वर्षेनी त्यहाँ २० लाख पर्यटक पुग्छन् । ६ वर्षअघि नै ख्वासीको वार्षिक आम्दानीले एक सयवटा त्यस्तै नयाँ गाउँ निर्माण गर्न सक्ने क्षमता राखेको "उ रनपाओ" शीर्षकको चिनियाँ पुस्तकमा उल्लेख छ ।

ख्वासी चीन र विश्वको एउटा नमूना मात्र हो । खुलापन र सुधार नीति लागू गरेकै कारण चीन आज विश्वकै वैभवशाली राष्ट्र बनेको छ । चालीस बर्से विकास दौरानमा चीनको कूल ग्राहस्थ्य उत्पादन (जीडीपी) को औसत वार्षिक वृद्धिदर ९.५ प्रतिशत छ, जुन सन् १९७८ बाट २०१७ सम्मको अवधिमा ३३.५ गुणाले बढेको छ । यतिबेला विश्व अर्थतन्त्रमा चीनको योगदान ३० प्रतिशतभन्दा बढी पुगिरहँदा नेपालको अवस्था के छ ? विश्व अर्थतन्त्रमा के, कति र कस्तो योगदान पुऱ्याइरहेको छ । मूल्यांकन गर्ने बेला भएको छ ।

विश्वकै पहिलो आर्थिक शक्ति बन्ने दौडमा रहेको चीन हाल विश्वमै सबैभन्दा ठूलो व्यापारिक मुलुक पनि हो । एउटा दूरदर्शी निर्णय र यसको निरन्तर कार्यान्वयनले चिनियाँ जीवन समृद्ध छ । सन् २०२० सम्ममा समृद्ध समाज निर्माणका साथै पूर्णरूपमा गरिबी निवारणको लक्ष्य पूरा गर्न कस्सिएको चीनले २०३५ सम्ममा समाजवादी आधुनिकीकरणलाई आधारभूत रूपमा पूरा गर्ने योजना बनाएको छ । २५० मिलियन गरिब जनताको अवस्थाबाट अबको दुई वर्षभित्र पूर्णरूपमा गरिबी उन्मूलन गर्ने अलौकिकको लेखमा छ । विश्व बैंकका अनुसार, मानव इतिहासमै चालीस वर्षमा चीनले आठ सय मिलियन गरिब जनताको उत्थान गरी गरिबी निवारण अभियानमा विशाल फड्को मारेको हो । सन् २०५० सम्ममा एक समृद्ध, प्रजातान्त्रिक, सभ्य, मेलमिलापयुक्त र सुन्दर समाजवादी आधुनिक शक्तिशाली देश बनाउने लक्ष्यका साथ चीन अघि बढिरहेको छ ।

सम्बन्ध जति पुरानो भए पनि छिमेकी भएर पनि नेपालले चीनको चालीस बर्से कायापलटलाई मजाले नियाल्नसम्म सकेको छैन । कछुवा गतिमा विकास अघि बढाउन थालेको विश्वकै कान्छो संघीय मुलुक नेपालले चिनियाँ नेताको जस्तो दूरदर्शी निर्णय र योजना सफल पार्न अथक मेहनत कहिले थाल्लान् ? 'विकास बहस' स्तम्भ लेखिरहँदा ट्रान्सपरेन्सी इन्टरनेसनलको अनुसन्धान प्रतिवेदन सार्वजनिक भएको समाचार सँगै जनमानसमा बहसको विषय भइरहेको थियो । ६ वटा अन्तर्राष्ट्रिय संस्थाको सर्वेक्षणमा आधारित उक्त प्रतिवेदनले भ्रष्ट मुलुकको सूचीमा नेपाल १२४औं स्थानमा परेको देखाएको छ । सदाचारको १०० पूर्णांकमा नेपालले ३१ अंक मात्र पाएको छ ।

अघिल्लो दिन अखबारमै अख्तियार दुरूपयोग अनुसन्धान आयोगले एक हजार आठ सय ४८ ठेक्कापट्टा अलपत्र परेको खबर सार्वजनिक भएको थियो । यी विकासे ठेक्का अलपत्र पर्दा राज्यको एक खर्ब १८ अर्ब रूपैयाँ जोखिममा परेको देखिन्छ । यस्ता उदाहरण दर्जनौं होइन, सयौंमा छन् । आजै धुर्मुस सुन्तली फाउन्डेसनले करिब तीन अर्बमा गौतमबुद्ध अन्तर्राष्ट्रिय रंगशाला विश्वकै यूनिक बनाउने घोषणा गरेको छ ।

फास्ट ट्र्याक, दुई थप अन्तर्राष्ट्रिय विमानस्थल, मध्यपहाडी र हुलाकी राजमार्ग आदि थुप्रै भौतिक पूर्वाधारले पनि गति लिइरहेका छन् । अब दिगो विकास लक्ष्यअनुसार काम नगर्ने हो भने नेपाल वर्तमान प्रधानमन्त्री केपी ओलीले भनेजस्तो 'सुखी नेपाली समृद्ध नेपाल' कहिले बन्ला ? जबकी नेपालमा अझै २१ प्रतिशत नागरिक गरिबीको रेखामुनि नै छन् ।

काव्य-कुञ्ज, गट्ठाघर, भक्तपुर, gopiji2065@gmail.com

स्वशासन अध्ययन प्रतिष्ठानका अंकहरू खोजी-खोजी पढ्नुहोस् ।



















खरिदका लागि सम्पर्क

www.inlogos.org
Email : info@inlogos.org

०१-४४६५९४२
०१६२२०१९५